शुभारम्भ



घनश्याम राजकर्णिकार

ज्येष्ठ स्रष्टा नन्दकला सुवेदीको यो यात्राकृति मूलतः आध्यात्मिक भावनाले ओतप्रोत छ। साथै धार्मिक भावना मनमा सँगालेर यात्रा गर्दै जाँदा अन्य विविध सन्दर्भहरू पनि यहाँ उल्लेख गरिएको छ। ती सारै रोचक छन्। कतिपय त अन्धविश्वास तोड्न पनि सहयोग गर्ने किसिमका छन्, ज्ञानाकर्षक छन्। ताजमहल, लालकिल्ला, मेट्रो रेलको सफर, पशुपतिनगरको प्राकृतिक सुन्दरता, समुद्रमा घाम उदाएको, भैरवको मन्दिरभित्रका कुरा, गंगासागरमा नुहाउँदाको सन्दर्भ आदि विभिन्न ठाउँको वर्णन गर्न पनि लेखिका पछि परेकी छैनन्। त्यस्तै उनले आफ्नो पारिवारिक इतिवृत्तलाई पनि खिचेकी छिन्। यात्रामा भएका सुखद र दुखद सबै किसिमका घटनाहरू आकर्षक शैलीमा लेखिएका छन्।

शताब्दीको उमेरमा हिँडिरहेको अवस्थामा पनि यति राम्रो कृतिको प्रकाशन गर्नु भनेको चानचुने कुरा होइन। लेखिकाले यहाँ मैले पुग्ननसकेका वा घुमेर लेख्ननसकेका कुराहरू लेखेको पाउँदा म अत्यन्त हर्षित भएको छु। यस पुस्तकभित्रका सामग्रीहरूले धेरैभन्दा धेरै सूचना दिन समर्थ भएका छन्। भौगोलिक, धार्मिक, प्राकृतिक र सांस्कृतिक विषयहरू मुभी क्यामेराले खिचेजस्तै तरिकाले प्रस्तुत गरिएको छ। यो नै लेखिकाको विशेषता हो। यसमा प्रयोग भएको कथ्य भाषा पनि यस कृतिले प्राप्त गरेको विशिष्टता हो। यो पुस्तकले नेपाली यात्रासाहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनसक्ने छ भन्ने मैले पूर्ण विश्वास लिएको छु।

- घनश्याम राजकर्णिकार (बयानब्बे वर्षीय नन्दकला सुवेदीद्वारा लिखित 'अठासी वर्षमा कैलाश मानसरोवर' नियात्रासङ्ग्रहको भूमिकाबाट साभार)

❖ सम्पादकीय

के अब निमुखाले न्याय नपाउने नै हो त सरकार !

हामीले 'लोकतन्त्र भनेको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको स्वतन्त्र अस्तित्व हुने भएकाले सर्वोत्कृष्ट शासनव्यवस्था' भनेर पढेका हौं, सुनेका हौं । अनि त्यही लोकतन्त्रप्राप्तिका लागि जनताले नै बलिदानी दिएका हुन्, सहादत प्राप्त गरेका हुन् । लोकतन्त्रमा सरकारका तीनओटै अङ्गले स्वतन्त्र एवम् पारदर्शीढङ्गले कार्यसम्पादन गर्छन्, एकले अर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्दैनन् र सहजरूपमा कानुनी राज स्थापित हुन्छ, जनताले कानुनीराजको अनुभूति गर्न पाउँछन् भन्ने मान्यता नै लोकतन्त्रको विशेषता हो । हो, यही विश्वास जनताको मनमा नगढेको भए यो मुलुकमा लोकतन्त्र आउने पनि थिएन । तर लोकतन्त्रप्राप्तिको यति छोटो समयमा नै हिजो लोकतन्त्रप्राप्तिको लडाइँमा जनतालाई जागरुक पार्ने, जनताको मनोबल उठाउने, चेतना फैलाउने, विचारको बीज रोप्ने र जनतालाई नेतृत्व गर्ने राजनीतिक पार्टीहरू नै कुहिएको फर्सी गनाएझैं यसरी ह्वास्सै गनाउलान् र जनताको बलिदानीबाट प्राप्त लोकतन्त्रको यो तहको उपहास होला भन्ने चाहिँ नेपाली जनताले अनुमान नै नगरेको विषय बनिदिएको छ ! अर्थात् लोकतन्त्र भनेको स्वअनुशासनसहितको न्यायपूर्ण शासनव्यवस्था हो भन्ने मान्यतामा नाङ्गो हस्तक्षेप गर्ने र लोकतन्त्रको धज्जी उडाउने काम यतिखेर शासनसत्ताका तहबाटै भइरहेको छ र यो निर्लज्ज तमासा हेर्नु चाहिँ नागरिकको नियति भएको छ !

स्वतन्त्र न्यायालयको मर्ममाथि निर्मम, स्वार्थपूर्ण, बद्नियतपूर्ण, उपहासपूर्ण प्रहार गर्ने र नयायालयले गरेका फैसलाको हाक्काहाक्की अवज्ञा गर्ने, उपहास गर्ने, जानाजान मानहानि गर्ने, प्रतिशोध साँध्ने, चुनौती दिने, तर्साउने, स्वार्थ भजाउने र आफ्नो तजबिजी विचारअनुसार उपयोग गर्नेजस्तो निर्लज्जताको प्रदर्शन पनि शासनसत्ताबाट भइरहेको छ र राज्यका तीनओटा अङ्गको समान अस्तित्व होइन कार्यपालिकाको दादागिरी नै सर्वोपरि हो र उसले जे चाहन्छ त्यही हुन्छ र हुनुपर्छ भन्ने अलोकतान्त्रिक मान्यता स्थापित गर्ने भरमग्दुर प्रयत्नमा सत्ता लागिपरेका दृष्टान्त एकपछि अर्को पटाक्षेप भइरहेका छन् ! कानुनीराजको सम्पूर्णरूपमा उपहास भइरहेको छ !

अब यो मान्छेले शासनसत्ताका पक्षमा फैसला गर्दैन र आफ्नै सरकार ढालेर अर्काको दौराको फेर समातेर लम्पसार पर्ने लम्पसारवादीका विपक्षमा फैसला गरिदिन्छ भन्ने त्रासको मात्र कारणले सम्मानित सर्वोच्च अदालतका प्रधानन्यायाधिसलाई महाभियोगजस्तो कायर एवम् प्रतिशोधपूर्ण अभियोग लगाएर स्वतन्त्र न्यायपालिकाको मर्ममाथि नाङ्गो हस्तक्षेप र प्रहार सुरु गरिएको यो देशमा यतिखेर न्यायपालिकाको संवैधानिक शाख गिराउने र अस्तित्व समाप्त पार्ने दिशाका एकपछि अर्को निर्लज्ज तमासा सरकारले देखाइरहेको छ ! तीनै तहका अदालतले मानवहत्यामा प्रत्यक्ष संलग्न रहेको, क्रूर एवम् नृशंस हत्या गरेको तथ्य र प्रमाणहरूले सम्पूर्णरूपमा पुष्टि गरेका आधारमा जन्मकैदको फैसला गरेका टीकापुर

हत्याकाण्डका योजनाकार तथा नायकलाई सरकारको प्रस्तावमा राष्ट्रपतिबाट आममाफी भएको विषय न्यायको रोहमा उपयुक्त छैन मात्र होइन यो कानुनी राज्यको ठाडो उपहास हो, स्वतन्त्र न्यायपालिकामाथिको नाङ्गो र बर्बर हस्तक्षेप हो त्यसैले सरकारको यो नाङ्गो हस्तक्षेप बदरभागी छ भन्ने दाबीका साथ त्यही सम्मानित सर्वोच्च अदालतमा परेको रिट निवेदन विचाराधीन रहेकै अवस्थामा अर्को क्रूर हत्याराको प्रचलित ऐन र कानुनविपरीतको सजाय माफी कानुनीराजको ठाडो उल्लङ्घन हो, स्वतन्त्र न्यायपालिकामाथिको नाङ्गो हस्तक्षेप हो, लोतन्त्रमाथिको हाक्काहाक्की प्रहार हो !

जानाजान ज्यानै लिने उद्देश्यले मध्यदिउँसो बजारको खुला चोकमा सुनियोजित रूपमा मुला काटेझैँ खुँडा प्रहार गरेर मान्छे मार्ने हत्यारा रिगल भनिने योगराज ढकाललाई तीनै तहका अदालतले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएका कारण थुनामा रहेकोमा राम्रो आचरण देखाएको अवस्थामा कम्तीमा पचास प्रतिशत कैद भुक्तान गरेपछि मात्र सरकारको सिफारिसमा बाँकी सजाय माफी गर्नसक्ने कानुनी व्यवस्थाको हाक्काहाक्की उल्लङ्घन गर्दै 'हामीलाई जे मन लाग्छ त्यही गर्छौं' भन्ने शैलीमा सरकारले आममाफी दिएको छ ! मुलुकमा जनताको संविधान जारी भएको पावन दिन अर्थात् संविधान दिवसका दिनमा मध्य दिउँसो हाक्काहाक्की, कुनै भिडन्तका कारण पनि होइन, सिधै प्रतिशोध साँधेर आफैंले खुँडा प्रहार गरी ज्यान मार्ने हत्यारालाई मुलुककै कानुनले अनुमति नदिँदा नदिँदै पनि बाँकी सजाय माफी गरी रिहाइ गर्नु भनेको यो सरकार र यो मुलुक हत्यारा, गुण्डा र दादागिरी गर्नसक्नेको हो, सर्वसाधारण जनताले न्याय पाउने कुरा अब सम्भव छँदा पनि छैन, आशा गर्नु बेकार छ भन्ने स्पष्ट सन्देश जनतालाई दिनखोजिएको कुकृत्य हो कि होइन ? लम्पसारवादी, इसारावादी शासनसत्ताले अब जनताको होइन अपराधीको मात्र सुरक्षा गर्छ भन्ने सन्देश दिनखोजिएको हो कि होइन ? अब यो मुलकमा निमुखाको बाँच्नपाउने हक समाप्त भयो है भन्ने सन्देश दिनखोजिएको हो कि होइन ? एकजना अपराधीको सजाय माफी गरी सरकारले गरेको रिहाइका विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्धा विचाराधीन रहेकै अवस्थामा अर्को अपराधीलाई आम माफी दिनु र उसको रिहाइमा मुलुकका लागि ठुलै योगदान गरेको व्यक्तिलाई जस्तो तामझामपूर्ण अभिरजात्रा गरिनु र त्यस तमासामा सरकारका उच्चपदस्थको सहभागितासमेत हुनुले स्वतन्त्र न्यायपालिकाको मर्ममाथि नाङ्गो हस्तक्षेप गरेको हो कि होइन ? संविधानकै मर्ममाथि प्रहार गरेको हो कि होइन ? सरकार स्वयम् संविधानको खिलाफमा रहेको छ भन्ने प्रमाणित गरेको हो कि होइन ? प्रकारान्तरले यो लोकतन्त्रमाथिकै प्रहार हो कि होइन ? सरकारले तत्काल यी प्रश्नको जबाफ दिनु आवश्यक छ ।

सरकारका गैरकानुनी, संविधानविरोधी, लोकतन्त्रविरोधी हर्कतकै कारण समाजमा लोकतन्त्रका प्रति वितृष्णा पैदा भएको छ र त्यही वितृष्णाको आगोमा घिउ थपेर अनेक प्रकारका साम्प्रदायिक हिंसा फैलाउने हर्कत हुनथालेका छन्, भइरहेका छन् ! सरकार चाहिँ यी र यस्ता समस्याको बीज के हो ? समाधान के हो ? भन्ने सोच्नेतिर होइन जनतामा थप वितृष्णा पैदा गराउने र जनताको जिउधनको

रक्षा होइन अपराधीकै संरक्षणमा लागेको, अत्यन्त गैरजिम्मेवार बनिरहेको देखिएको छ ! जनविश्वास ठुकरिएपछि जतिसुकै राम्रो भनिएको व्यवस्था पनि टिक्दैन भन्ने सामान्य चेतना पनि शासनसत्ताले देखाइरहेको छैन र 'आफैँ असुरक्षित भइँने हो भने व्यवस्था सुरक्षित किन गर्ने ?' भन्ने अन्तस्करणमा निराशाको बीज हुर्काउन बाध्य जनताको चहराइरहेको घाउमा थप नुनचुक छर्ने काम सरकार आफैँ चाहिँ किन र कसको इसारामा गरिरहेको छ ? भन्ने प्रश्न सरकारकै एकपछिका अर्का कदमले उब्जाइरहेका छन् ! यस्ता प्रश्नको उत्तर दिनुपर्छ भन्ने सरकारले ठानेको पनि देखिएको छैन !

आफूलाई सर्वहारा घोषणा गर्ने हिजोको तथाकथित क्रान्तिका नायकले सत्ताको बागडोर सम्हालेको वर्तमान किन जनताको पक्षमा होइन हत्याराका पक्षमा उभिएको होला ? हत्या भनेको सामान्य कुरा हो, प्रतिशोध नै हो भन्ने विगतलाई स्थापित गर्ने नै प्रयत्न त होइन ? यस्ता प्रश्न पनि जनताले हाक्काहाक्की गर्नथालेका छन् ! संसद्को रोस्टममा उभिएर माननीय सदस्यहरूले सर्वहाराका नायकको दुई करोडको घडी र छोरीको दश लाखको ब्यागको स्रोत के हो भनेर हाक्काहाक्की प्रश्न गर्दा पनि जबाफ दिनु आवश्यक नठान्ने नायकहरूको कार्यशैलीले जनताको जिउधनको संरक्षणमा र जनजीविकाका पक्षमा सरकार छैन भन्ने तथ्यलाई नै पुष्टि गरिरहेका छन् !

महङ्गीको मारले थिचिएर जनताको चुलो नबल्ने अवस्थामा पुगेको छ ! व्यवसाय गर्नेहरू आफ्नो व्यवसायबाट पलायन भइरहेका छन् ! युवापलायनको समस्यामा त राज्य सम्पूर्णरूपमा बैखबर बनेकै छ ! व्यापारघाटा शिखरमै चढेको छ ! जनताको क्रयशक्ति घटेका कारण आयातसमेत घटेर सरकारको राजश्व लक्ष्यको आधा पनि पुगिरहेको छैन ! विकासका लागि छुट्याएको यति यति रकम पनि खर्च गर्ननसकेर सरकार तमासे भइरहेको छ ! सरकारलाई तलब खुवाउनै हम्य हम्य भइरहेको छ ! दातृ निकायले सरकारलाई विश्वास गर्नछाडेका छन् अर्थात् सहयोग आउन छाडेको छ ! जनताको जीवनरक्षामा खटिएका 'मानवजीवन रक्षक' मानिएका डाक्टरहरू दिनदहाडै कार्यकक्षमै कुटिइरहेका छन् ! तर सरकार नामको बुख्याँचा कानुनबमोजिम कारवाही गर्नसम्म पनि सक्तैन ! आफ्नो सुरक्षा नै दिननसक्ने सरकारलाई डाक्टरले कसरी विश्वास गर्ने ? र कसरी जनताले उपचारसेवा पाउने ? भ्रम छर्ने र सपना बाँड्ने स्कुलिङबाट आएका तथाकथित सपनाबाजहरू यी र यस्ता समस्याको निराकरणको खोजीमा होइन टालटुल पार्ने, दिन कटाउने र तर मार्ने ठाउँ तथा स्रोतको खोजी गर्ने, लुटका विषवृक्ष हुर्काउने, आसोपासेलाई भविष्यसम्मको जोहो गर है भनेर सुतुरमुर्गको शैलीमा रमाइरहेको वर्तमान शासनसत्ता नै प्रकारान्तरले लोकतन्त्रका विरुद्धमा जनमत तयार गरिरहेको त छैन ? भन्ने प्रश्न पनि जतातैबाट उठ्नथालेका छन् ! जनता त सोझै भन्नथाले, 'आफ्ना युवाशक्ति पराया भूमिमा पठाएर रेमिट्यान्सबाट देश चलाउँछौं भन्ने योजनाविहीन लम्पटहरूबाट अपेक्षा गर्नु नै व्यर्थ छ !' समाजवादसम्मको यात्रा सायद यही हो क्यारे ! होइन त सरकार !

-रमेश पोखरेल

यस अङ्कमा

विशेष संवाद

साहित्यिक पत्रिका... -*राजेश दुङ्गाना/११*

गीत/कविता/गजल

गीत - *विश्व सिग्देल/१३*

एक जोर... - *जीवन आचार्य 'निश्चल'/२०*

मरेका... - *खेमराज निरौला/२७*

कोल्टे... - *सुशीला प्रधानाङ्ग/२८*

कोपिलाडाली... - *गिरिराज डल्लाकोटी/२९*

काण्डैकाण्डका... - *डा. बमबहादुर जिताली/३४*

कोसँग गरौँ... - *कणाद महर्षि/३५*

तिम्रो... - *डा. गोविन्दप्रसाद आचार्य/५१*

फूलबारी- *सोइना दाहाल/५२*

दुई गजल- *लीलाराज दाहाल/५५*

भानु...- *गायत्रीकुमार चापागाईं/५७*

अनुवाद कविता

म हुँ...- *अनिल शर्मा नील/१४*

कथा/लघु कथा

हुडिडबोर्डका...- *बाँस्कोटा धनञ्जय/१५*

प्रगति- *बिन्दु अधिकारी ढकाल/३०*

जङ्घार - *सोमनाथ दाहाल/३६*

पासवर्ड... / **भिआइपी**... - *नन्दलाल आचार्य/५३*

यसपटक

डा. नारायणप्रसाद चौलागाई/७

संस्मरण/समालोचना/यात्रासंस्मरण/कृतिसमीक्षा

जागिरे...– *महेशराज खरेल/२२*

कवि तारा...– *तेजविलास अधिकारी/३१*

कागजको...– *प्रा.डा. कपिल लामिछाने/३७*

जन्मस्थलसँगको ...– *गणेश घिमिरे 'मार्मिक'/४३*

'परी' ...– *अरुणबहादुर खत्री 'नदी'/५३*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

शिवराज आचार्य कौण्डिन्न्यायन/६

निरन्तर...

वासुदेव अधिकारी/५८

समाचार/६१

अनूभूति

प्रा. डा. लेखप्रसाद निरौला/६३

शब्द संयोजन
मासिक

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २० अङ्क ७ पूर्णाङ्क २३४/२०८० कात्तिक
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी
प्रधान सम्पादक: रमेश पोखरेल
कार्यकारी सम्पादक: सुमी लोहनी
सम्पादक: रूपक अलङ्कार
अन्तर्वार्ता संयोजन: अच्युत घिमिरे
वेभ संयोजन: प्रशान्त खरेल
कला: गणेशकुमार जी.सी.
आवरण चित्र : गुगल
प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
मुद्रण: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
साजसज्जा: टच क्रिएसन प्रा. लि.

शिवराज आचार्य कौण्डिन्न्यायन

नेपाल परापूर्व कालदेखि नै सरस्वतीका उपासकहरूका लागि प्रियस्थल हो । कैयौँ योगीहरूले यही पावन भूमिलाई तपस्थली बनाएर आफ्नो ज्ञान र कर्मलाई सिद्ध गरेका छन् । यिनै हिमालयका गुफा, कन्दरा र यिनै कोसी, कर्णाली र नारायणीको किनारलाई आफ्नो ध्यान र चिन्तनको आधार बनाएर कैयौँ सिद्ध, महात्मा, विद्वान्, चिन्तक तथा दार्शनिकहरूले नेपालको भूमिलाई धन्य बनाएका छन् । केही सामाजिक तथा राजनैतिक कारणहरूले गर्दा सामाजविकासको गति मन्द भए तापनि दुनियाँदारी प्रपञ्चलाई स्वाभाविक रूपमा लिएर आफूलाई आजीवन विद्याव्यसनी बनाउने र आफ्नो ज्ञानरश्मिद्वारा लोकलाई आलोकित बनाउने महापुरुषहरूको पनि यस भूमिमा कमी छैन ।

त्यस्ता महान् व्यक्तिहरूको नाम लिँदा छुटाउनै नहुने व्यक्ति हुन् शिवराज आचार्य कौण्डिन्न्यायन । संस्कृत वाङ्मयका आधिकारिक विद्वान् आचार्य शिक्षाशास्त्री, भाषाशास्त्री, कोषकार, व्याख्याकार, भाष्यकार, सम्पादक, सङ्कलक, सर्जक सबै हुन् । अर्थात् अध्ययन र अनुसन्धानका महासागर हुन् ।

तनहुँको आचार्य कुल परापूर्वकालदेखि नै संस्कार, संस्कृति र शिक्षामा सम्पन्न थियो भन्ने कुरा भानुभक्त तथा उनका हजुरबा कृष्णप्रसाद आचार्यकै सन्दर्भबाट पनि अवगत हुन्छ । यसै आचार्य कुलमा विक्रम संवत् १९९७ माघ २० गतेका दिन शिवराज आचार्यको जन्म भएको हो । उनका पिताको नाम नरनाथ आचार्य र माताको नाम गङ्गामायादेवी हो । उनले त्रिभुवन विश्वविद्यालयबाट साहित्यमा आचार्य गरेका थिए । आगरा विश्वविद्यालयबाट दर्शनशास्त्रमा एम.ए. गरेपछि सम्पूर्णानन्द विश्वविद्यालयबाट विद्यावारिधि तथा विद्यावाचस्पतिसम्मको उपाधि हासिल गरेका थिए । आजीवन अध्ययन, अध्यापन तथा अनुसन्धान र सम्पादनमै उनले समय व्यतीत गरेका छन् ।

वृत्तनक्षत्रमाला, जिम्दो नेपाली भाषा, नेपाली वर्णोच्चारणशिक्षा, आदिकवि भानुभक्ताचार्यको सच्चा जीवनचरित्र तथा वैदिक धर्म मूलरूपमा लगायतका दर्जनौँ ग्रन्थहरूको रचाना शिवराज आचार्यले गरेका छन् । मम्मटकृत काव्यप्रकाशको टीका, कौण्डिन्न्यायनशिक्षा, कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः, वेदभाषानिघण्टुलगायतका सयौँ कृतिहरू रचना गरेका छन् । उनका कतिपय पुस्तक बनारसबाट प्रकाशित छन् भने कतिपय नेपालबाटै प्रकाशित भएका छन् ।

शिवराज आचार्य ज्ञान, संस्कार र संस्कृतिलाई सँगै लिएर अघि बढेका विद्वान् हुन् । शास्त्रमाथि अगाध श्रद्धा, विश्वास र पकड भएका नैष्ठिक व्यक्तित्व निर्माण गर्न सफल शास्त्रमर्मज्ञ हुन् । जस्तोसुकै परिस्थिति आए पनि शास्त्रपूत विचारलाई प्रवाहित गर्ने कुरामा उनी कहिल्यै चुकेनन् । नेपाल भारत सबैतिर उनको विद्वता उत्तिकै पूजनीय देखिन्छ । 'विद्वान् सर्वत्र पूज्यते' भन्ने भनाइ आचार्यकै व्यक्तित्वबाट पुष्टि हुन्छ ।

शिवराज आचार्यको अर्को महत्त्वपूर्ण अभियान जिम्दो नेपाली भाषा अभियान हो । उनको भाषा वैज्ञानिक दृष्टिले अहिलेको नेपाली भाषालाई जिउँदो मान्दैन । कथ्य र लेख्यको तालमेल बनाउनका लागि उनले जिम्दो नेपाली भाषा अभियानको सुरुवात गरेका थिए । शास्त्रअनुसार नै संस्कार, संस्कृति चलाउनुपर्छ भन्ने शास्त्रीयता बोकेका आचार्य विक्रम संवत् २०७४ भाद्र २५ गते यस भवसागरबाट पार भए ।

- रूपक अलङ्कार

यसपटक



डा. नारायणप्रसाद चौलागाईं

वि.सं.२०२४ वैशाख १५ मा काभ्रे जिल्लाको चौरी देउराली गाउँपालिकाको माझीफेदीमा माता गङ्गामाया चौलागाईं र पिता दुर्गाप्रसाद चौलागाईंका सुपुत्रका रूपमा जन्मिएका डा.नारायणप्रसाद चौलागाईंले इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकबाट प्रथम श्रेणीमा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेपछि युक्रेनको ओडेसा स्टेट युनिभर्सिटी अफ सिभिल इन्जिनियरिङ एन्ड आर्किटेक्चरबाट हाइड्रो पावर इन्जिनियरिङमा विशिष्ट श्रेणीमा स्नातकोत्तर गर्नुका साथै जर्मनीको फ्लेन्स्बर्ग युनिभर्सिटीबाट ऊर्जा व्यवस्थापनमा विशिष्ट श्रेणीमा स्नातकोत्तर र सोही विश्वविद्यालयबाट 'जलवायु परिवर्तन' विषयमा विद्यावारिधि गरेका छन् ।

२०४४ सालमा कविता प्रकाशित गरी साहित्यमा प्रवेश गरेका चौलागाईंका विभिन्न पत्रपत्रिकामा फुटकर कविता तथा ऊर्जा, जलवायु परिवर्तन तथा दिगो विकाससँग सम्बन्धित विभिन्न लेख प्रकाशित भएका छन्, भने पुस्तकाकार कृति पनि प्रकाशित भएका छन् । पेसाले इन्जिनियर उनी विभिन्न सामाजिक सङ्घसंस्थामा समेत आबद्ध रहेका छन् । हाल जर्मन विकास नियोग जिआइजेडमा कार्यरत उनले नेपाल सरकारको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको कार्यकारी निर्देशक भएर काम गरिसक्नुका साथै संयुक्त राष्ट्र सङ्घअन्तर्गतका अन्तर्राष्ट्रिय निकाय एवम् अन्य सरकारी तथा गैरसरकारी संस्थामा पच्चिस वर्षभन्दा बढी काम गरिसकेका छन् । महेन्द्र विद्याभूषण, नेपाल भूषणलगायतका सम्मान तथा पुरस्कार प्राप्त गरेका चौलागाईं सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने, नेपाली समाजका र राजनीतिक क्षेत्रका विकृति एवम् विसङ्गतिलाई उजागर गर्ने अनि स्पष्ट रूपान्तरणको वैचारिकता सम्प्रेषण गर्ने स्रष्टा हुन् । आफ्नो विशेषज्ञताका साथै साहित्यका माध्यमबाट समेत मुलुकको समृद्धि र रूपान्तरणका पक्षमा निरन्तर क्रियाशील रहेका यिनै स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा प्रकाशित गरेका छौं ।

'फूलचोकीको पीडा र अनुत्तरित प्रश्नहरू' शीर्षकको कवितामा आफ्ना काखका सन्ततिहरूलाई मुटुभरि मर्मान्त पीडा बोकेर अर्काको देशमा पठाउने आमाबाबुहरू र युवापलायनको विकराल समस्यामा पनि आँखा चिम्लिने शासनसत्ताको रबैया भोगिरहेको देशको पीडा जीवन्तरूपमा चित्रण गरिएको छ । 'बिक्रीमा छ' शीर्षकको कवितामा मान्छेका चाहना वैभवका पछि दौडिरहेका छन् र तिनको परिपूर्ति अत्यन्तै कठिन छ तापनि स्वाभिमान, आदर्श, निष्ठा, आत्मसम्मान, संस्कार-संस्कृति, मूल्यमान्यता सबै बिक्री गरेर भए पनि वैभवकै पछि दौडिरहेको वर्तमान समय, समाज र हामी स्खलित भइरहेको प्रति आक्रोशयुक्त ध्वन्यार्थ सम्प्रेषण गरिएको छ । 'मूर्छित मेरा सपनाहरू !' शीर्षकको कवितामा हिजो आदर्श मानिएकाहरू विचार तथा व्यहारले सम्पूर्णरूपमा स्खलित भएका, बिकाउ आदेशपालक खेताला भएकाप्रति र हिजोको आदर्श सम्पूर्ण रूपमा विलुप्त भएकोमा गम्भीर चिन्तासहितको आक्रोश अभिव्यक्त गरिएको छ ।

फूलचोकीको पीडा र अनुत्तरित प्रश्नहरू

सधैँ सधैँ हरेक दिन
हरेक बिहान हरेक साँझ
विमानस्थलको प्रवेशद्वारसँगै उभिएर
भर्खरै जीवनका वासन्ती कोपिला फक्राउँदै
सङ्घर्षका उकालीहरू उक्लँदै गरेका
निधारमा सौभाग्यको रातो टीकासँगै
गलामा सफलता-शुभेच्छाका
सुन्दर फूलमाला लगाएर
उच्चशिक्षा खातिर
अमेरिका, अस्ट्रेलिया, क्यानाडा
वा यस्तै अन्त कतै जान तयार
आफ्ना छोराछोरीहरूसँगै
बिदाइको फोटो खिच्दै गरेका
विमानस्थलमा लामबद्ध बाबुआमाहरूका
आँखाका डिलहरूमा टिलपिल टिलपिल
ती आँसुका ढिकाहरू
हर्षका हुन् कि विषातका हुन् !
म आफैँ अलमलमा छु
बोल्न खोज्दाखोज्दै
गलामै अवरुद्ध ती अव्यक्त वाणीहरू
खुसीका हुन् कि दुःखका हुन् !
म आफैँ अलमलमा छु ।

विमानस्थलका
तीे सबै दृश्य टड्कारै देखेर
तिमी आफैँ पनि भन न शिवपुरी डाँडा
त्यो विमानस्थलको सधैँ सधैँको साक्षी म
त्यो प्रस्थानकक्षको अनवरत मुकदर्शक म
म के गरूँ !
आज म अत्यन्तै मुस्किलमा छु
म कसो गरूँ !
आज म सारै सकसमा छु
ती बाबुनानीहरूको
उज्ज्वल भविष्यको शुभकामना
र सफल-सुखद जिन्दगीको
सद्भावना समर्पणसहित
अपूर्व खुसियाली मनाऊँ कि म !

ती बाबुआमाहरूले
आफ्ना होनहार प्रतिभाशाली सन्ततिहरूलाई
निकट भविष्यमै
परदेशको सम्भावित नागरिक बन्न
अर्कैको पोल्टामा सुम्पँदै गरेको
सम्भावित दृश्यको पीडाबोधले
चरचरी चिरिएको
मेरो मुटु बोकेर गहिरो दुःख मनाऊँ म !
म के गरूँ !
म रोऊँ कि हासूँ !
आज म अत्यन्तै द्विविधामा छु
म कसो गरूँ !
म रोऊँ कि हासूँ
आज म बहुतै अलमलमा छु !

विमानस्थलको यो सबै दृश्य प्रत्यक्ष देखेर
तिमी आफैँ पनि भन न चन्द्रागिरि डाँडा
त्यो विमानस्थलको सधैँ सधैँको साक्षी म
त्यो प्रस्थानकक्षको अनवरत मुकदर्शक म
म के गरूँ !
आज म गहिरो अन्योलमा छु
म कसो गरूँ !
आज म कठिन पीडामा छु !

ती बाबुनानीहरूको
नयाँ संसार सिर्जना गर्ने
सपना साकारको शुभ-आशीर्वादसँगै
जीवनका कठिनतम्

उकालीओरालीहरू पार गर्नसक्ने
साहस र शक्तिप्राप्तिको कामनासहित
खुसियालीका पुष्पगुच्छाहरू
अर्पण गरूँ कि म !
ती बाबुआमाहरूले
आफ्नो काखमा हुर्काएका
आफ्ना मुटुका टुक्राहरूलाई
आफ्नो काख र आफ्नो घरपरिवार
शून्य बनाएर
निकट भविष्यमै परदेशमै
घरजम गर्न पठाइरहेका
सम्भावित दृश्यको पीडाबोधले
आँखाभरि टलपल टलपल
भरिएको आँसु बोकेर
वियोगका वेदनाहरू समर्पण गरूँ म !

म के गरूँ !
म रोऊँ कि हासूँ !
आज म ठुलो बिलखबन्धनमा छु
म कसो गरूँ !
म रोऊँ कि हासूँ !
आज म नराम्रो असमन्जसमा छु !

बिक्रीमा छ

छोरालाई एउटा आलिसान दरबार जरुरी छ
छोरीलाई एउटा सम्पन्न घरबार जरुरी छ
पत्नीलाई महङ्गा
लुगा, गहना र सुन्दर कार चाहिएको छ
बन्धुवान्धब र नाताकुटुम्बलाई
पैसा, पद र प्रतिष्ठाको
भरपुर जोहो गर्नु पनि परेकै छ
मलाई त त्यसभन्दा थप
खासै केही जरुरी होइन
केवल आजीवन सुखसयल
र मोजमस्तीको सुनिश्चितता गर्नु छ !

र सट्टामा
उकाली, ओराली र भन्ज्याङ चौतारीहरूमा
कमाएको इमान बिक्रीमा छ
गारोसारो र अप्ठ्यारोहरूमा
बोलकबोल गरेको जमान बिक्रीमा छ
पुस्तौंदेखि जोगाइराखेको
आत्मसम्मान र स्वाभिमान पनि बिक्रीमा छ
शिरको आस्थाको श्रीपेच बिक्रीमा छ
पाउको सत्यको पाउजु बिक्रीमा छ
प्रेयसीको नाममा सजाइराखेको
एउटा चौबन्दी चोली पनि बिक्रीमा छ !
मूल्यमान्यता र मर्यादाको संस्कृति बिक्रीमा छ
विधिविधान र श्रद्धा-सद्भावको संस्कार बिक्रीमा छ
गहनासरी सम्हालिराखेको
एक अञ्जुली शालीनता पनि बिक्रीमा छ
भोकै, नाङ्गै भिर, पाखा चाहार्दै
गाउँ गाउँमा गाएको
मुक्तिको गीत बिक्रीमा छ
हुरी, झरी, बाढी, पहिरो छल्दै
जबानीमा लाएको
प्रेयसीको प्रीत बिक्रीमा छ
नौलो बिहानीको स्वागतमा
सारै मुस्किलले सिर्जेको
प्यारो स्वप्निल बगैंचा बिक्रीमा छ
न्यायिक समाजको निर्माणमा
हत्केलामा ठेला उठाएर खनेको
सुनौलो क्रान्तिको गोरेटो पनि बिक्रीमा छ !

मूर्छित मेरा ती सपनाहरू !

हिजो मेरा सपनाका मैनबत्तीहरू बालेर
अँध्यारा मेरा झुपडी र बस्तीहरूमा
उज्यालो फैलाउन भनी उठेका
ती हातहरू नै
आज आफैँ छेपारोले रङ फेरेझैँ
सहरको झिलिमिली बत्तीमै
सर्लक्कै रत्तिएर
मेरो स्वप्निल मैनबत्तीलाई
दरबारको 'डस्टबिनमा'
बेपर्वाह फाल्दै हिँडेको भेटेपछि
हिजो मेरा सपनाका कोदालाहरू बोकेर
काकाकुल मेरा गाउँले बस्तीहरूको
तिर्खा मेटाउन भनी
कुलो खन्न
पवित्र पानीको मुहान खोज्दै हिँडेका
ती पात्रहरू नै
आज आफैँ रुखले पात फेरेझैँ
सहरको आलिसान महलभित्र
चिसो बियरको चुस्कीमा
भुसुक्कै लट्टिएर
मेरा स्वप्निल कोदालाहरूलाई
फोहोरको नालीमा
बग्रेल्ती मिल्काउँदै हिँडेको भेटेपछि
हिजो मेरा सपनाका बाँसुरीहरू बजाउँदै
सुनसान मसानझैँ
सुतेका मेरा गाउँबस्तीलाई
मालतीको मनमोहक लोकधुनले
ब्युँझाउन भनी हिँडेका
ती मित्रहरू नै
आज आफैँ सर्पले काँचुली फेरेझैँ
सहरको डान्सबारभित्र
'डिस्को' र 'क्याब्रेको' नशामा चुर्लुम्म डुबेर
मेरा स्वप्निल बाँसुरीहरूलाई
लात्तीले निर्मम लतार्दै
नाच्दै हिँडेको देखेपछि

हिजो मेरा सपनाका
'लाउड-स्पिकरहरू' बोकेर
गाउँले मेरा गरिब बस्तीहरूको
असत्य र अन्यायको प्रतिरोधमा
सत्य र न्यायको बिगुल घन्काउन
हिँडेका ती पाइलाहरू नै
आज आफैँ नर्तकीले पहिरन फेरेझैँ
सहरमा पद र प्रतिष्ठाको
गुलियो लपलपी चाट्दै
बेइमान दुश्चरित्र मालिकको
स्तुति भजनमण्डलीमा लपक्कै टाँसिएर
मेरा स्वप्निल लाउडस्पिकरहरू
अन्धाधुन्ध फुटाउँदै हिँडेको देखेपछि
मलाई बुझिदेऊ
अपमानित मेरा प्रिय सपनाहरू !
मैले सुन्दर बिहानीको तिम्रो
आशाको त्यो फूल फुलाउन सकिन !
मलाई सम्झिदेऊ
अपहेलित मेरा प्रिय सपनाहरू !
मैले नयाँ निर्माणको
तिम्रो भरोसाको त्यो फल
फलाउन सकिन !
मलाई माफ गर
मूर्छित मेरा प्रिय सपनाहरू !
मैले विचलनको बेमौसमी
त्यो बाढीको बितण्डामा
स्वप्निल हाम्रो नौलो संसारको
प्यारो यो मेलम्ची बजार
जोगाउन सकिन !
मलाई क्षमा गर
दुर्घटित मेरा प्रिय सपनाहरू !
मैले स्खलनको त्राहिमाम
त्यो भुइँचालोको विध्वंशमा
स्वप्निल हाम्रो अटल आस्थाको
प्यारो यो धरहरा बचाउन सकिन !

❖ राजेश दुङ्गाना

साहित्यिक पत्रिका साहित्यका प्राण हुन्

वि.सं.२०१९ सालमा सिन्धुलीको तोश्राम खोलामा जन्मिएका राजेश दुङ्गानाले २०३५ सालदेखि कविता सिर्जना गरी मधुपर्क, गरिमा, रूपरेखा, रचना, अभिव्यक्ति, मुकुट, कल्पना, बगर, समष्टि, कविता, भानु, जुही, नागबेली, शिवपुरी सन्देश, संचेतना, आलेख, आरोहण दुबोलगायतका पत्रिकामा प्रकाशित गराएका छन् । कवितासङ्ग्रह 'सुकिला मान्छेको सामूहिक मृत्यु' २०७० पहिलो संस्करण र दोस्रो संस्करण २०८० प्रकाशित गराई विभिन्न साप्ताहिक पत्रिकामा संलग्नता देखाउँदै हाल 'घटना र विचार' साप्ताहिकमा संलग्न रहेका छन् । हाल झापामा रहेर अलि पातलो लेख्दै साहित्यको सेवा गरिरहेका यिनै स्रष्टासँग शब्द संयोजनका लागि अच्युत घिमिरेले गर्नुभएको छोटो संवाद यहाँ समावेश गरिएको छ ।

अच्युत : आजकल समय कसरी बिताउँदै हुनुहुन्छ ?

राजेशः सामान्य दिनचर्या छ। लेख्यो, पढ्यो। साहित्यिक कार्यक्रममा गयो।

अच्युतः साहित्यमा किन र कसरी प्रवेश गर्नुभयो ?

राजेशः त्यति वेला पञ्चायती शासन व्यवस्था थियो। प्रजातन्त्रप्राप्तिका लागि र तानाशाही पञ्चायतका विरुद्ध लड्दा-लड्दै कविता जन्मेछ। स्वतःस्फूर्तरूपमा। यसैगरी साहित्यमा लागिएछ।

अच्युत : कविता विधालाई नै किन रोज्नुभयो त ?

राजेश : मैले रोजेको होइन। कविता आफैं आएको हो। स्वतःस्फूर्तरूपमा।

अच्युत : कविता सिर्जनाका स्रोतहरू कसरी बटुल्नुहुन्छ ?

राजेश : आफूले बटुलेर वा बटुल्छु भनेर सायद कविता लेखिन्न। मस्तिष्क र हृदयमा आफैं आउँदो रहेछ।

अच्युत : नेपाली कविताका क्षेत्रमा तपाईं निकै सशक्त कविका रूपमा चिनिनुहुन्छ। पाठकले यस्तो ठानिरहँदा तपाईं कस्तो महसुस गर्नुहुन्छ ?

राजेश : जीवनमा केही त गरेछुजस्तो लाग्छ।

अच्युत : एउटा कविको रूपमा विश्लेषण गर्नुपर्दा हिजो र आजका कविलाई कसरी तुलना गर्नुहुन्छ ?

राजेश : हिजो भन्नाले कहिलेसम्मको ? कुरा त्यति स्पष्ट भएन। तर पनि विगत चार-पाँच दशकयताको कुरा गर्ने हो भने तिसको दशक र त्यसपछिका चालिस वर्षयताका कविताहरू धेरै सशक्त छन्। यो समय नेपाली कविताका क्षेत्रमा निकै नै ऊर्वर समय थियो। जहाँसम्म आजका कविहरूको कुरा छ, यो दशकका कविहरूको कुरा गर्नुपर्दा केही आशलाग्दा कविहरू पनि देखिएका छन्। जसबाट केही भरोसा गर्नसकिन्छ।

अच्युत : नेपाली साहित्यमा पच्चिसजना गद्य कविहरूको नाम लिनुपर्दा कस-कसको नाम लिनुहुन्छ ?

राजेश : यसको फेहरिस्त लामो हुन्छ। फेरि छुटेकाहरू रिसाउँछन्। त्यसैले यो यो भनेर साथीहरूलाई रिसाउने काम नगरौं।

अच्युत : अहिलेको गुटबन्दी नेपाली साहित्यलाई कसरी नियालिरहनुभएको छ ?

राजेश : साहित्यमा गुटबन्दी हुनु साहित्य र साहित्यकार स्वयम्का लागि पनि दुर्भाग्य हो। यसो हुनुहुँदैन, जो भइरहेको छ।

अच्युत : प्रचारमुखी स्रष्टाहरूको आयु कत्तिको देख्नुहुन्छ ?

राजेश : प्रचारमुखी स्रष्टाहरूको आयु एकदमै छोटो हुन्छ। जो बिलाएर जान्छन् तर जो अनवरत साधनामा लीन छन्, तिनीहरू अन्तिमसम्म टिक्छन्।

अच्युत : मोफसल र काठमाडौंको साहित्यमा केकस्तो अन्तर देखिरहनुभएको छ ?

राजेश : हेर्नुहोस् अच्युतजी ! स्रष्टाहरू मोफसल हुँदै काठमाडौं छिर्छन्। म भने काठमाडौंबाट मोफसल फर्केको मान्छे पर्रै।

उही प्रचार र अवसरको कमी हो । नभए कुनै अन्तर छैन । मोफसलमा पनि राम्रा साहित्य सिर्जना भइरहेका छन् भने काठमाडौंका चैं सबै साहित्य राम्रा हुन्छन् भन्ने छैन ।

अच्युत : साहित्यको विकासमा साहित्यिक पत्रिकाहरूको भूमिकालाई के भन्नुहुन्छ ?

राजेश : साहित्यको विकास यदि साहित्यिक पत्रिका नभएको भए सायद हुँदै हुँदैन थियो होला । साहित्यको प्राण भनेकै साहित्यिक पत्रिकाहरू हुन् । साहित्यिक पत्रिकाविहीन साहित्य अधुरो र अपुरो हुन्छ ।

अच्युत : निकै पातलो लेखिरहनुभएको छ । यसको कारण बताइदिनोस् न ?

राजेश : म पहिलेदेखि नै पातलो लेख्ने मान्छे हुँ । यसको कुनै विशेष कारण छैन तर पातलै लेखे पनि नाम चलेका साहित्यिक पत्रिकाहरू र नाम चलेकै अनलाइन पत्रिकाहरूमा मेरा कविताहरू निरन्तर छापिइ नै रहेका छन् ।

अच्युत : एउटा राम्रो स्रष्टाका बारेमा पाठकलाई चिन्ता हुन्छ नै । तपाईंको स्वास्थ्यअवस्थाबारे पाठकलाई केही बताइदिनोस् न ?

राजेश: मेरो स्वास्थ्यअवस्था सामान्यतया ठिकै छ । अलि अलि डाइबिटिजले गाँजेको छ । जिउ शिथिल र कमजोर महसुस हुन्छ र आँखा पनि केही कमजोर भएका छन् ।

अच्युत : आफ्नभन्दा अनुज स्रष्टालाई सल्लाह-सुझाव दिनुपर्दा के भन्नुहुन्छ ?

राजेश : राम्रो लेख्नै जानोस् । साधना गर्नुहोस् । तपाईंहरूको भविष्य उज्ज्वल छ ।

❑ गीत

❖ **विश्व सिग्देल**

हिँड्दा हिँड्दै कतै पुगैं, जोडिएँ कतै पुगेर
जिन्दगानी बुन्दा बुन्दै, छोडिएँ कतै पुगेर ।

पानी थिएन घाँटी भिजाउन, तिर्खा थियो हजार
कतै खोला थिए खोल्सा थिए, पानीकै थियो बजार
कहीं पिएँ प्यास मेटैं, निचोरिएँ कतै पुगेर
जिन्दगानी बुन्दा बुन्दै, छोडिएँ कतै पुगेर ।

आशा सँगै निराशा छ, हिँड्छन सँगै कुम जोडी
दिनरात कालोसेतो, बस्छन् सँगै चिन्ता छोडी
थाहा पाउँदै-जान्दाजान्दै, तोडिएँ कतै पुगेर
जिन्दगानी बुन्दा बुन्दै, छोडिएँ कतै पुगेर ।

❖ **अनिल शर्मा नील**
बिलासपुर (हि.प्र) भारत

म हुँ आजकी छोरी

सपनालाई उडान दिन
निक्लिएकी हुँ म
सङ्घर्षको बाटोमा
आकाशमा
बादलसँग कुरा गर्न
यो कुरा अर्कै हो
बाल्यकालमा
कागजको जहाज उडाउने गर्थें।

निक्लिएकी हुँ म
लेख्न नयाँ कहानी
समुद्रको गहिराइलाई नाप्न
यो कुरा अर्कै हो
हुन त मैले
जीवनमा
अक्वेरियममा
रङ्गीबिरङ्गी माछा प्रशस्तै देखेकी थिएँ।

सगरमाथाको शिखर होस्
या प्रथम नागरिकको कुर्सी
डाक्टर होस् या वकिल
सेना होस् या सरकारी कार्यालय
आफ्नो उपस्थिति जनाइसकेकी छु
ठुल्ठुला षडयन्त्रका इरादालाई
असफल गरिदिएकी छु
यो कुरा अर्कै हो
कुनै वेला अबला भनिन्थें!

बल चाहे क्रिकेटको होस्
या फुटबल, भलिबल
आफ्नो कुशलताले
अगाडि बढाएँ
अङ्कको स्कोर
यो कुरा अर्कै हो
बाल्यकालमा
गुच्चा धेरै खेल्ने गर्थें।

साइकिल, स्कुटी होस्
या कार, बस, ट्रेन
केवल ड्राइभ मात्र गर्दिन
बरु रेकर्ड पनि बनाउँछु
यो कुरा अर्कै हो
बाल्यकालमा
हावासँग
चाहनाको बग्गी दौडाउने गर्थें।

परीक्षा परिणाम होस्
या प्रतियोगी परीक्षा
उत्कृष्टताको पगरी
मेरै शिरमा सजिन्छ
म हुँ आजकी छोरी
हरेक ठाउँमा आफूलाई प्रमाणित गरिसकेकी छु
यो कुरा अर्कै हो
कुनै समय घरको अँध्यारो कुनामा बस्ने गर्थें।

हिन्दीबाट अनुवादः सुमी लोहनी
काठमाडौं, नेपाल

हुडिङबोर्डका बा

❖ बाँस्कोटा धनञ्जय

मसानो छँदा मेरा बुबाले उहाँका मितको बारेमा धेरै कुराहरू भन्नुभएको सुनेको थिएँ । मलाई के लाग्थ्यो भने बुबाका मित त बुबासँग उमेरले समान भए पनि कामले अगाडि रहेछन् । महान रहेछन् ।

धेरै समय पछि मितबालाई भेटने चाँजो मिलाएँ । कोरोना भाइरस लागेर सत्तरीको दशकमा दश लाख मान्छे मरेका थिए । यहाँ पनि कोरोनाले धेरै मान्छे मरे । जनता जोगाउनेभन्दा पनि कुर्सी जोगाउन तल्लिन थिए राजनैतिक दलहरू उसवेला !

मितबालाई पनि कोरोनाले भेटेको थियो रे । तर उहाँ बाँच्नुभएको थियो । मृत्यु जित्नेको कथा हो मितबाको । तर मितबालाई भेटन पाइएन ! बुबाले पनि मितबाको सकारात्मक कुरा मात्रै गर्नुहुन्थ्यो । देवत्वकरण गर्नुहुन्थ्यो तर भेटन भनेर एकपटक पनि जानुभएन मितबाका घर । न त मितबा नै कहिल्यै आउनुभयो हाम्रा घरमा !

मलाई मितबालाई भेटेर यो रहस्य खोल्न मन थियो तर मौका परेको थिएन । बुबा र ममी काठमाडौँ जानुभएको एक हप्ता बितेको थियो । हामीले घरमा सबै व्यवस्था मिलाएर मात्र हिँड्नुपर्ने हुन्थ्यो । 'सङ्गीता ! आज इलामको चिसो पानी खाइने भयो । क्या मज्जा आउँछ ! तिमी पनि चिसो तुङ्वा तान्छ्यौ नि ! तातोले उसिनेर भतभती भएका वेला ?'

'धत् ! के प्रस्ताव हो यस्तो ? अलिक राम्रो प्रस्ताव छैन हजुरको मलाई इलाममा दिने ? तपाईंको यो अर्को कुन संस्करण हो आजको ?'

'किन नि...के गरैं र मैले ?'

'सकिन बा मैले ! आफ्नै बाबुलाई हेर्न छाडिसके मान्छेले, तपाई चाहिँ मितबालाई हेर्न जाने ! अनि खाने पनि तुङ्वा । थैट ! गइन्न । बरु सानिमाका घर गइन्छ आज ।'

'लु छिटो गर । ओभरयाक्टिङ बन्द गर ।'

सङ्गीता र म मितबालाई भेट्न आफ्नै गाडीमा मितबाको गाउँतिर लाग्ने निधो गर्‍यौं । उनको घर उकालोमा मेची राजमार्गबाट एक किलोमिटर पूर्वपट्टि थियो भन्ने सुनेको थिएँ, बस् । सानैमा एकपटक मात्र पुगेको हुनाले मितबाको गाउँको सबै कुराको याद पनि रहेन । उनी मेरा बुबा अर्थात् उनका मितलाई भेटन धरान आएका थिए, जुनवेला पहिलोपटक संविधानसभाको चुनावले देश तातेको थियो ।

'चुनावमा कसैको जित हुँदैन । सबैको हार हुन्छ ।' मितबाले बडो निर्धक्कका साथ बोलेका थिए । हामी सबै वाल्ल पर्‍यौं । ए बाबा ! पार्टीहरू चुनाव लड्दै छन्, कुनै न कुनैले जित्ने र कुनै न कुनैले हार्ने होइन

प्रजातन्त्रमा ? के भन्या यी मितबाले ? खुस्के कि क्या हो भन्ने लाग्यो हामीलाई । किनभने जतातै आफ्नो दलले जित्ने कुरा हुन्थे । अनि अर्काको दलले हार्ने कुरा हुन्थे ।

'माओवादीले चुनाव जित्छ ।' सबै यसो भन्थे । 'काङ्ग्रेसले चुनाव जित्छ ।' सबै यसो भन्थे । 'एमालेले चुनाव जित्छ ।' सबै यसो भन्थे । कुरूप राजनीति । तर मितबाको त्यो टिप्पणीको अर्थ मैले धेरै पछि मात्र बुझेँ । साँच्चै सबैले हारेका रहेछन् ।

संविधानसभा विघटन भयो । बालुवामा पानी गयो तर संविधानसभाको, गणतन्त्रको, सङ्घीयताको उद्योग भने फस्टाएको फस्टाएकै थियो ! उस वेला म विद्यार्थी जीवन बिताउँदै थिएँ र मैले मितबाका निजी कुरा कसैलाई सोधिनँ पनि, केही खोजिनँ पनि । अरूको जस्तै उनको पनि सामान्य जीवन चलेको होला भन्ने लागेको थियो ।

सङ्गीताले धेरै प्रश्न गरिन् मितबाका बारेमा । 'किन मितबालाई तपाईंहरू सबैले सधैं सम्झनुहुन्छ तर भेट्न चाहनुहुन्न ?'

'गोदक पुगेपछि सबैकुरा खुल्छ, बुढी ।'

हामी धरानबाट पौने तीन घण्टामा चारआली पुग्यौं । चारआलीबाट उत्तर लाग्यौं । माथि सानु पाथीभरामा नमस्ते गर्‍यौं, मितबाको पनि सुखी जीवनको कामना गर्‍यौं । कन्यामको चिसो र फिक्कलको सङ्गम बजारको आनन्द लिइरह्यौं । चियाबारीको सेल्फी र कन्यामका पिकनिके जमातसँग एकैक्षण समाहित पनि हुने मौका गुमाएनौं ।

'पुगेन ? भयो अब जानुपर्छ ।' 'फोटाले मात्रै हुँदैन, एउटा भिडियो पनि खिच्नुपर्छ । म टिकटक बनाउँछु क्या ।' सङ्गीता मुस्कुराइन् । 'नौटङ्की !' मैले व्यङ्ग्य गरेँ ।

हामी गोदक बजारमा आइपुग्यौं । पारि डाँडामा देखिएका सेताम्मे घरहरू र विमानस्थलको डाँडा देखेर हामी रोकियौं । तल माइखोला निलो बगिरहेको थियो । निस्फिक्री, र त्यसमा बनेको विद्युत आयोजनाको सुन्दरता उस्तै थियो ।

सङ्गीता मितबालाई कोसेली किन्न दोकानमा पसिन् । म चाहिँ गाडीभित्रै उँघ्न थालेँ । थकाइ पनि थियो । ढुस ढुस भएछु क्यार ! नजिकैको हुडिङ बोर्डमा पेन्टस्को विज्ञापनमा एउटा मान्छे विशाल घरको पेन्टिङ गरिरहेको थियो । ठुलो र नयाँ घरको रङ लगाउने एउटा बुढो मान्छे । यो 'प्याराडक्स' प्रश्न थियो मेरोलागि । तर सुन्दर थियो पेन्टिङ ।

मन तान्यो । म तानिँदै गएँ । उसले तान्दै गयो । म हेर्दै थिएँ । त्यो चित्रको मान्छे हल्लिनथाल्यो । ओठ चलाउन थाल्यो । मतिर हेर्नथाल्यो र अन्ततः बोल्नथाल्यो !

'नानी ! तिमीले मलाई हेरेको देखेपछि म पहिलोपटक यसरी तिमीसँग बोल्ने इच्छा राखेँ । किन हो, थाहा छैन, तिमीसँग मात्र बोल्न मन लाग्यो ।'

'किन, तपाईं को हो ?'

'मेरो नाम भित्ते हो । मैले आफैँ राखेको विद्यालयमा भर्ना हुँदा । मेरा सारा परिचयहरू अलिखित भित्ताहरूमा मात्रै छन् !'

'कसरी ? बुझिएन नि ! के भएको थियो तपाईंलाई ?' मैले जिद्धि गरेँ ।

'अहिले यो चित्रलोकमा पुगेको छु।'

'हँ ..! कसरी भयो यस्तो ?'

'कसरी भनौं यो कुरा कि म भित्ते हुँ भनेर ? घृणा गर्छु आफैंलाई म । मेरो अस्तित्व सधैं भित्तामा सीमित छ', ऊ भन्नथाल्यो । 'म सातजना बहिनीहरूको दाजु थिएँ तर मेरा बा गाउँका धामी डाक्टर थिए । घर घर नभएर पाटी थियो बास बस्ने। बस्! बहिनीहरूलाई कुपोषण भयो र आमासहित दुईवटी बहिनी बिते। मेरो कक्षा दुईमा रोकिएको पढाइ फेरि कहिल्यै अघि बढेन । म काम गर्नजान्थें र ज्याला कमाएर बहिनीहरूलाई खुवाउथें। म निकै जोशिलो थिएँ । गाउँमा जुझारु युवा भनेको म र केही मात्र थियौं । बाँकी कि जागिरे थिए, कि विदेशी थिए । ऊर्जाशील हुनु नै मेरो भित्ते बनिनुको कारण बन्यो।'

'यस्तो कसरी हुन्छ ? ऊर्जाले त मानिसलाई सफल बनाउने होइन र ?'

'तर मेरो जीवनमा 'होइन' साबित भयो। त्यो त चम्चे, धुपौरे, चाप्लुसेहरूको समय थियो। मेरो समय थिएन त्यो। ममा भएको ऊर्जा, जोश र जाँगरलाई मैले आफैं पनि सम्हाल्न सकिँन। त्यति वेला भर्खर बहुदल आएको थियो। आमचुनावबाट काङ्ग्रेसको सरकार बन्यो । हाम्रो गाउँका अधिकारी बाहुनहरू धन र राजनीतिले शक्तिशाली तर घमण्डी थिए। कोही काङ्ग्रेस थिए अर्काका रिसले र कोही एमाले थिए अर्काका रिसले। कोही राप्रपा थिए ती सबैका रिसले ! ती आफैं चाहिं केही पनि थिएनन् । तर ती शक्तिशाली थिए । पहुँचवाला थिए । एउटाले अर्कोलाई जहिल्यै पनि सिध्याउन खोज्ने... ।' आँखाभरि आँसु पाऱ्यो उसले।

'अनि ?'

'त्यसपछि गाउँमा चर्को राजनीतिक दुस्मनी सुरु भयो, पानी बाराबार ! मर्दा, बिहे गर्दा पनि राजनीति हेर्नथाले ! काङ्ग्रेसको घरमा एमाले नजाने, एमालेकोमा काङ्ग्रेस नजाने हुनथाल्यो । बोलचालै हुनछाड्यो । काङ्ग्रेसको समर्थन गर्ने कुलेश्वर पहिल्यै प्रधानपञ्च भइसकेका भ्रष्ट व्यक्ति थिए, एमालेको समर्थन गर्ने श्रीकान्त पहिल्यै जिविसका प्रतिनिधि थिए । कुलेश्वरले मलाई पाँच मुरी धान दिने सर्तमा काङ्ग्रेसको गाउँ प्रचारक बनाए । मैले 'याङ्जा मुला' भनैं र हिर्डें चारतारे झन्डा बोकेर। दिनभरि हिँडथें भातको लागि !

'ए भित्ते जेठा, कम्लिसहरूले अति नै गरिसके । मलाई बाटो छेक्न लगाए अस्ति । भागेर जोगिएँ । यिनेरलाई पनि तेसै छोड्नुहुँदैन। भरे बेलुका राति केटाहरू लिएर गएर श्रीकान्तेका घरमा हानदेओ' भन्ने आदेश गरे कुलेश्वरले । म नाइँ भन्ने अवस्थामा थिइनँ। मैले केही केटाहरू लगेर राति ढुङ्गा हानैं। भोलिपल्ट पुलिस आए। मेरो उम्किने अवस्था थिएन। मलाई पक्रिएर लगे तर भोलिपल्टै काङ्ग्रेसका नेताले मलाई छुटाए।'

'अनि ?'

'अनि मैले वैदेशिक रोजगारीमा जाने निधो गरैं । उस वेला एमालेको बोलवाला थियो देशमा। स्थानीय निकायको चुनावमा एमाले बहुमतमा पुग्यो । श्रीकान्तलाई फेरि मेरो हिम्मतमा लोभ पलायो। उनले क्रान्ति,

परिवर्तन र सामन्तहरूको विरुद्धमा लडनुपर्छ भन्ने गाउँको स्कुलमा दिएको प्रशिक्षणले मलाई क्रान्तिकारी बनायो । म कम्युनिस्ट भएँ, 'याङ्जा मुला' भनैं र हिँड्नथालैं केटाहरू लिएर ।'

'जुध्नु, सङ्घर्ष गर्नु र न्यायप्रेमी बन्नु मेरो धर्म बन्यो । कुलेश्वरको भ्रष्ट चरित्रलाई, सामन्तीपनलाई भण्डाफोर गर्न चाहन्थैं म । एक दिन कुलेश्वले मलाई हप्कायो, 'ए ! भित्ते भतुवा ! जसले जुठेल्नाको भात दियो त्यहीं चाट्दै हिँड्छस् ? पार्टी फेर्न लाज लागेन ?'

'सभासद्, मन्त्री, यतिसम्म कि प्रधानमन्त्री भइसकेका मान्छेले त पार्टी फेर्ने देश हो हाम्रो ! मैले के बिराएँ ?' उसलाई उल्टै प्रश्न गरेर झपार्ैं । तर नराम्रो भनाभैरी भयो । सहन सकिनँ, ढुँङ्गा बर्साएँ उसको घरमा । भोलिपल्ट फेरि म समातिएँ । दुईवटा करङ भाँचिनेगरी कुटे पुलिसले, जसको उपचार मैले जीवनभर गर्नपाइँन । पछि एमालेले छुटाउन त छुटायो मलाई, तर म अपाङ्ग भएँ । राजनैतिक स्वार्थको लागि उक्साउनेहरूको प्रपञ्चमा म नउक्सिनेगरी फर्सैं । मलाई राजनीतिले यति भित्तामा पुऱ्यायो कि मेरो अघि बढने ठाउँ कतै रहेन । मेरा सपनाहरू सबै भित्तामा सीमित रहे । अर्थात् म साँच्चिकै भित्ते भएँ !'

'त्यसपछि के भयो ?'

'त्यसपछि मैले त्यो सानो गाउँको घर बन्दकीमा बेचेर यहीं नजिकै आएर होटल व्यवसाय सुरु गर्ैं । बजारको प्रतिस्पर्धा र पुलिसको नजरले मेरो व्यवसाय थिचिन थाल्यो । एक दिन शुक्रवार म बिर्तामोडमा सामान लिन झरेको थिएँ । राति पुलिस आए नास्ता र तुङ्वा खाने निहुँ गरेर । खाइसकेपछि पारुलाई...।

'कसैलाई भन्यौ भने तिमीहरूलाई तीन दिनमा यहाँबाट उठाइदिन्छौं, यहाँ टिकेर होटल गर्ने भए चुपचाप रहनू' भन्दै धम्क्याएर गए। त्यसपछि पीडा सहन नसकेर भोलिपल्टै होटलमा ताला लगाएर आमाछोरी माइत गए । आउन मानेनन् । मैले होटल छोड् नुपऱ्यो । दुई लाखमा घरजग्गा बेचेर सुरु गरेको होटल निस्किँदा शून्य भयो । धेरै बाँकी रकम थियो उठाउन। दोकान छोडेपछि एक रुपैयाँ पनि बाँकी उठेन । गाउँको घर रजिस्ट्रेसन पास गरिदिएँ । मैले त अरूको लागि 'याङ्जा मुला' भनैं तर मेरोलागि त्यो भनिदिने कोही थिएन !'

'अनि के भयो त्यसपछि ?'

'त्यसपछि जेठी छोरी पारु त्यही उसैलाई माग्न आएको केटासँग आफैं बिहे गरी र सबैभन्दा नराम्रो लागेको के भने माइली छोरी नाबालक पनि पारुकै देवरसँग भागी । बाल विवाह भयो, मैले रोक्न सकिनँ । कान्छी छोरी र आमा माइतमै थिए । म उभिएर पेन्टिङ गर्ने काम थालैं । थोरै पैसाको काम । चामल खान चाहिँ जेनतेन पुग्थ्यो । बाँकी खर्चको लागि अरू काम गर्थैं । एकपटक पेन्टिङ गर्दैगर्दा म दुईतला माथिबाट झर्ैं र घाइते भएँ । पिसाबथैलीमा असर पुग्यो, अलि अलि पिसाब आफैं झर्नथाल्यो । म अब ठस्ठसी गन्हाउने भएँ । मेरो सुन्दर परिवार झन् धमिरा लागेर पक्लक पक्लक

झर्नथाल्यो !'

'त्यसपछि ?' मेरो जिज्ञासाको धोक्रो भरिएन ।

'यहीँ पर्तिर छेउमा ठुलो पहिरो गयो । स्कुलबाट फर्किँदै गर्दा कान्छी छोरी पुरिई । अरू सातजना केटाकेटी पनि बगे । सास पनि भेटिएन, लास पनि भेटिएन । अनि आफ्नै श्रीमतीको तारो भएँ म । ऊ अर्को मान्छेको उक्साहटमा इजराइल गई । रोक्न पनि सकिनँ । पाँच वर्ष बिते । ऊ आइन, सम्पर्क पनि गरिन । ....'

'अनि ?'

'त्यसपछि मेरो घर पनि रहेन । एक बेलुका त्यहाँ गुरुपूजा थियो । मान्छे बराम आए । नाच्न थाले द्यँाङ्ग्रोसँग । मलाई पनि नाच्न मन लाग्यो । भदैनी पनि नाच्न थालिन् सँगिनीहरूसँग । म पनि उनीसँग नाच्नथालेँ ।

'लबस्तरो । जेठीसासूकी छोरी आफ्नै छोरीसरह होइन ? उहीसँग नाच्छ !' एउटा प्वाक्क बोल्यो । 'तरुनी केटीसँग नाच्न पाइन्छ भने त म पनि बुढीलाई इजरायल पठाउनुपर्‍यो हाउ ।' अर्को बोल्यो । तिनले मेरो नैतिकतामा प्रश्न उठाए तर मलाई थाहा थियो ऊ मेरी पनि छोरी हो । उत्तिसको चिर्पटले मेरो टाउकामा पछाडिबाट बज्रिएपछि म बेहोस भएर भुइँमा ढलेँछु ।'

'ओहो ! कसले हानेको रहेछ ?'

'साढुदाइले हानेछन्, इज्जत जोगाउन ! मैले के बिगार गरेको थिएँ र तिनको इज्जत जान्थ्यो ? 'आवा, भेना ...कुई...' भनेर ती नानीले भनेको मात्र सुनेँ । नोवल अस्पताल विराटनगर लग्दै थिए दमक पुग्दा मेरो सास बन्द भयो । इलाम अस्पतालमा मेरो लास लगियो । पुलिसकेस भयो । सबैजनाले मेरो जेठानको साथ दिए । मुचुल्का बनाए 'छोरीलाई हातपात गर्नथालेपछि उत्तिसको दाउराले हल्का हिर्काएको थियो, कुठाउँमा परेछ र मृत्यु भयो । मार्ने उद्देश्य थिएन । पचासजना मान्छे साक्षी छन् ।' केस त्यहीँ क्लोज भयो ।'

'अनि के भयो त्यसपछि ?'

'मेरा साढुदाइले त्यो पेन्टिङ कम्पनीसँग मेरो जीवनबिमाको रकम माग्न एक महिना धाए । हातालागी शून्य भो । पैसाको साटो कम्पनीले मेरो अमरत्वको लागि यही हुडिङ बोर्डमा विज्ञापनको लागि मैले उही कम्पनीको रङ दल्दै गरेको मेरो फोटो हालिदिए । त्यसपछि म यहीँ टिनमा, यहीँ भित्तामा टाँसिएर बसेको छु नानी ।' यति भन्दै त्यो मान्छे पुनः पेन्टिङ पोतिएको चित्र भयो । म झसङ्ग भएँ । के उट्पट्याङ कल्पना पस्यो मेरो दिमागमा ! कि निदाएँ म ?

यतिकैमा सङ्गीता पनि एक झोला फलफूल लिएर आइन् । म कारबाट बाहिर निस्कँे र पर्तिरको हार्डबेअर पसलेलाई सोधेँ, 'ए दाइ ! यहाँ गौरी तामाङको घर कहाँनिर पर्छ ?'

'त्यो याङ्जा मुला भन्दै हिँड्ने भित्ते ?' उसले घृणा भावले उल्टै प्रश्न गर्‍यो ।

'किन ? उनको नाम गौरी होइन ?'

'हो, नागरिकताको चाहिँ त्यही होला नाम । र सधैँभरि 'मलाई त भित्तैमा पुर्‍यायो यो समयले' भन्थ्यो, अनि 'याङ्जा मुला'

भन्थ्यो । बोलाउने नाम चाहिँ त्यही 'भित्ते' थियो । ऊ मरेको पनि एक वर्ष बित्नलाग्यो ।'

'के भएर बितेछन् ? तपाईंलाई केही थाहा छ ?'

'आफ्नै छोरीलाई बलात्कार गर्नखोज्दा । नर्कमा पनि ठाउँ छैन त्यसलाई...!' त्यो मान्छे रिसले भित्र पस्यो ।

त्यसपछि म सङ्गीता उभिएठाउँमा आएँ र उनलाई नक्कली मुस्कान छर्दै, 'हामी अब घरै फिर्दौं । मितबा हुनुहुन्न अरे यहाँ ।'

'उहाँको घर त पुर्गौं न । कोही त होलान् नि घरमा ?'

'कोही पनि छैनन् । उहाँ एक्लै हुनुहुन्थ्यो ।' सङ्गीतालाई सबै कुरा भन्नसकिनँ ।

फर्किंदै गर्दा पर हुडिङबोर्डमा झुन्डिएका भित्ते मितबालाई फर्केर हेर्दै । बाँचुञ्जेल राजनीति र पारिवारिक जटिलताले भित्तैमा पुऱ्याइएका मितबालाई मरेपछि पनि छाडेनछन् कम्पनीका विज्ञापनहरूले ।

'उनी सधैं भित्तामा पुगे, पुऱ्याइए तर हामीले खोजेको समाज यही हो त ? एउटा ऊर्जाशील नागरिकलाई यसरी नै बर्बाद गरिनुपर्छ ? तपाईंको आत्माले शान्ति पाओस् मितबा । समयसँग हारेर पनि तपाईंकै जित भएको छ ।' गाडीको वेगसँगै म एक्लै बर्बराएँछु ।

'हजुरलाई के भयो ? एक्लै बोलिसिन्छ त ?'

'गोदकको चिसो कत्ति मज्जाको रहेछ...भन्या नि !'

दमक, झापा



❖ **जीवन आचार्य 'निश्चल'**

एक जोर नयाँ जुत्ता

खुट्टा खान नपाएर आन्दोलित
कैयौं जोरमध्ये
कैयौं जोर जुत्ता
खुट्टा खाने ठाउँमा पुगे
पुराना जुत्ताहरू र जुत्ताको समर्थनमा
कैयौं जोरमध्ये
कैयौं जोर पुराना जुत्ता
थन्किए र्‍याकमा !

पन्चट टालेको ट्युबको हालत छ नयाँको
चिन्तन गरिरहन्छ पुरानै जुत्ताको
र
अट्टहास हाँस्छ काउकुति लगाएर आफैंलाई
सुलिको शिरमा बसेर
सगरमाथामाथि सम्झन्छ आफूलाई
होचा, ख्याउटे, कमिला, भुसुना देख्छ
मान्छे र कानुनलाई
सेकुवा सेकेर चपाउन खोज्छ भजन मण्डलीहरू
कमिला/भुसुनाले हात्ती रुवाएको बिर्सेर
कमिला र भुसुनासँगै मितेरी गाँस्नपुग्छ
एक जोर नयाँ जुत्ता !
पहिले बर्गैंचाको धुरन्धर विरोधी
आजकल
मधुमालती

पारिजात
सानो गोदावारी
धाउनमै व्यस्त छ
टिकाउन कम्मरमा धोतीसुरुवाल
र
परैबाट कर्के नजर लगाउँछ
गोल्डस्टारलाई
भन्छ, 'हाम्रो आफ्नै जात छ
र मिसिन्छ अर्कोमा
मिठासयुक्त सुगन्ध र धुन छ
र मिसिन्छ नालीमा !'
आफ्नै सिकारिका पाउ पुज्न
भोक, रोग र अनेक सपनाका
तस्बिर कुल्चँदै
कहाँ पुग्न लम्कदै छ !

फूलको बाटो हुँदै
मूल बाटो र मुलुक बिर्सेर
जुत्ताहरूको सपना भत्काएर
बिर्सिएर सडकको तातो बाफ र घाम
जङ्गलैजङ्गलका सोइला काँडा
भिरैभिरबाट लड्दाका घाउ
पुग्यो टकटक्याउँन धुलोमाटो
बानेश्वरको सडकअगाडि
सफा निदागमा नि दाग देखिन्छ
भन्ने विर्सेर
अन्धो कुर्सीमा/बस्न धृतराष्टझैँ !
भन्दै कुमाललेको चक्र हो समय
बिगतको गीत गाउँदै
आफ्नै भविष्य सपार्न
तिनै जोर जोर नयाँ जुत्ता
गजक्क पर्‌यो
बाघको खोल ओढेको स्यालको
भुन्ड्यायो र झुड्याउन लगायो
दौरा र कोट जमुनाको कुर्सीमा
मस्तसँग खायो निघार र डकार्‌यो
भ्रमित सपना
यी जुत्ताको वर्तमान भविष्यमा
इतिहास अनि स्मृतिको बन्द एल्बम
पल्टाउँदा भेटिन्छ कुनै दिन
ढाडमा खाएको घँगारुको लौरो
छातीमा खाएको डिङ्गोबुटको चोट
समयको आँगनमा अझै आलै छ रगत
पुरानो जुत्ताको मानसपटलमा !
अचानो देख्दा पनि तर्सन्छ
उज्यालो मन नपराउनेलाई
उज्यालो मनपराइदेउ भन्न पुगेको छ
के खोज्दै निस्केको हो ?
के खोज्दै पुगेको हो ऊ त्यहाँ ?
यी सबै इतिहास हुन्
अनुभव नगरेका भन्दै नयाँ जुत्ता
पुरानो जुत्ताको डायरी पल्टाउदै
जाँड खाँदै छ आजकल
घाममा बसेर !
ती पुराना जुत्तासँग खुब शान छ
र शानदार छ
तर मजस्तो भाइरल छैन
खुट्टाहरू इतिहास भइसके
तर र्‍याकमा सुरक्षित छ
सोच्छ
यात्रामा निस्कन नपाएर बेचैन छ
एक जोर पुरानो जुत्ता !
लाग्छ, नयाँ जुत्ता
पुराना जुत्ताको इतिहास
मेटन आतुर छ
तर
आफ्नै आङको भैँसी देखेको छैन !

कर्मैया, सर्लाही ।

जागिरे जीवनका दिनहरू

❖ महेशराज खरेल

कृषि विकास बैङ्कले लिने परीक्षामा सामेल हुननसकेपछि म विस्मित भावसाथ रञ्जनी जान रिक्सा चढें । मैले सम्झिएँ, म साँनो छँदा पहाडबाट ढाकर बोकेर मधेस आउँदा धेरैवटा पहाडका उचाइहरू, चुलीहरू नाघेर; खोँच, खोल्सा, खोला अनि नदीहरू तरेर मधेस आइपुगेको थिएँ। यो मेरो जिन्दगीको जागिरे बन्ने मनको यात्राका कति उचाइका पहाडहरू नाघ्नुपर्ने हो ? खोला, खोल्सा र नदीहरू कति तर्नुपर्ने हो ? यो अब भविष्यको गर्भमा सुम्पिदिएँ ।

म केही कोसेलीपात बोकेर घर पुगेँ । बुबाआमालाई ढोग गरेँ । सानोदाइ र भाउजूलाई नमस्ते भनेँ । बहिनी न्याम्रीछ क्यारे, ऊ अङ्कमाल गर्नआइपुगी । न्याम्रो त आमाबुबालाई पनि नलागेको कहाँ थियो र ! मलाई एकोहारो हेरेकोबाटै थाहा हुन्थ्यो । भतिजाभतिजीहरू मैले दिएको चकलेटमा अलमलिएका थिए । मकै भाँच्ने वेला भएको रहेछ, वरिपरि मकैका बोटमा मकैका घोगा हाँसिरहेका थिए ।

बुबाआमाले मेरो विषयमा सोधिहाल्दा सुनाउनयोग्य केही थिएन मसँग । हिजो घर छोड्नपाए जे गरेर खाइन्छ भन्ने मनको उच्चबेगयुक्त बाइपङ्खी घोडाको गति अब थकित भएर सिथिल भइरहेको थियो । उही अब एक मात्र अर्जुन दृष्टि गन्तव्य मनको काठमाडौँ भन्ने जरो गाडिएको थियो ।

म पोलेका हरिया मकै, अचार र मोहीको स्वाद लिँदै आमाबुबालाई अबको आफ्नो गन्तव्य काठमाडौँ देखाउन थालेँ । आमाले हुर्किएकी बहिनीतिर इसारा गर्दै भन्नुभयो, "अब यो हुर्किई, विवाहदान गर्नपाए हुने थियो अरू त चल्दै जाला ।" मैले भनेँ, "अब एसएलसी परीक्षा दिएकी छ, पास भए पढाउनुपर्छ, फेल भए अर्कै कुरा ।"

"कसले पढाउने ? कहाँ पढाउने ? खोई ! कसको भरोसा गर्ने ? छोरालाई जस्तो सजिलो छोरीलाई हुँदैन ?" आमाले अलि विस्मित भावमा भन्नुभयो । बुबाले टाउको हल्लाएर समर्थन गर्नुभयो । 'हेरौँ पहिले रिजल्ट होस् अनि बिचार गरुँला' मैले भनेँ । ठोस जबाफ दिन मसँग पनि आफ्नै अनिश्चित भविष्यबाहेक बाँकी केही थिएन ।

पर्सिपल्ट बिहानै खाना खाएर, एक मन चामल, एक जोर ओढ्नेओछ्याउने, थालकचौरा र गिलासका साथ म घरबाट बिदा भएँ । जङ्गे झाँगडले साइकलमा सामान बोक्यो र सानोदाइ साथमा आउनुभयो । आमतोलामा मलाई बस चढाएर जङ्गे झाँगडसितै दाइ फर्कनुभयो ।

म कता जाने अब ?को प्रश्नले घेरिएँ ।

विस्मृतिको सुदूर विगत मेरो मानसपटलमा स्मृति बनेर आयो । हजुरबुबाले ठुलोठेकीमा अरूले मोही पारेपछि घिउ झिकेर आगोमा धुप हाल्नुहुन्थ्यो फलाक्दै । काडैंका देवी, आहालेका देवी, फाहाखोलाका देवी, ओरक्पेका देवी, तालखर्केका देवी, खोला खर्कका देवी र कावेलीका देवी भन्दै अन्तिममा पाथिभराका देवीलाई अलग अलग आगाका झरिला कोइलामा धुप हाल्नुहुन्थ्यो । आगाका कोइलाहरूले घिउ निल्थे । कतिपय कोइलालाई घिउले निभाउँथ्यो । यो आआफ्नो सामर्थ्यको लडाइबिच झ्वाइँको आबाजसाथ घिउ डढेको वासना नाक छुँदै बिलाउँथ्यो ।

मैले सम्झैं यी सबै ठाउँ, वस्तु, चरन, खर्क, पानीपनेरो, नदीनाला जो मानिआएका देवीदेवता आदिको शक्तिलाई रिझाउने, रिसाएकालाई खुसाएर मत्थर पार्ने कार्य गरेको होला सायद । यो गजब राम्रो तरिका लाग्यो मलाई । हरेक वस्तु र मानिसका बिचको सन्तुलनले जीवन अडेको हुन्छ । सन्तुलन भङ्ग भयो भने सबै नष्ट हुन्छ । भौतिक होस् वा आध्यात्मिक होस्, मानिसको आराधना भनेको सन्तुलन कायम गर्नु हो । बिग्रिन लागेको सन्तुलन सपार्नु हो । मेरो मनले यस्तो बतायो ।

अरू कुरा जे भए पनि मैले स्थायीरूपमा घर छोड्दा हिजोसम्म मैले मनभित्र आमाबुबालाई भन्दा बढी मानेको, मैले साँच्चै श्रद्धाले पुजेको ठुलोदाइलाई भेट्नुपर्छ भन्ने सुझायो दिमागले । म विराटनगरबाट काठमाडौं नगएर साथको भारी लिएर दमक पुगैं ।

अबको आफ्नो गन्तव्य काठमाडौं सुनेर दाइभाउजू किंकर्तव्यविमुढ हुनुभयो । एक छिनपछि दाइले सोध्नुभयो, "कठमाडौं ठुलो सहर कहाँ, कसरी, कोसित बस्ने ?" आदि इत्यादि । मैले 'भीम दाइकोमा जान्छु, लीला दिदी पनि उतै छिन्' भन्ने जबाफ दिएपछि खासै प्रतिक्रिया रहेन ।

भोलिपल्ट बेलुका दमकबाट म काठामाडौं हान्निएँ । काठमाडौं यात्राक्रममा मनको उद्वेलित पनले बाटामा कहाँ के थियो ? के भेटियो ? के छोडियो ? पत्तै भएन । मन एकोहोरिएर सहरको रमझम र मेरो उद्देश्यका बिच कति तादात्म्य होला वा नहोला ? भन्ने प्रश्नले काम गरिरह्यो । लाहानमा खाना खाएपछिको गाडीको रफ्तार मधेसको गर्मीले सिताङ्ग भएको जिउमा सञ्जीवनीरूपी शीतल हावाको स्पर्शले निदाउन पुगिएछ । एकपटक थाहा छ मलाई हेटौंडा हेटौंडा भनेर गाडीको सहयोगी कराएको, फेरि निदाउन पुगिएछ ।

फेरि केही बेरमा नारायणघाट भनेको कल्याङकुलुङ आबाज आइरहेको थियो । बिहान एकैचोटि नागढुङ्गाबाट गाडी उपत्यकाभित्र प्रवेश गर्‌यो । म आफ्ना सबै तन्द्रा र निन्द्राबाट मुक्त भएँ । मैले सम्झिएँ इतिहासको त्यो कालखण्ड जहाँबाट पृथ्वी नारायण शाहले काठमाडौं उपत्यका एकीकरण अभियानका निमित्त नागढुङ्गा प्रवेश मार्ग बनाएका थिए ।

नागढुङ्गावरिपरिको बस्ती पातलै थियो ।

केही बेर बस गुडेपछि बसको सहयोगीले त्रिभुवन पार्क आयो भन्यो । झ्यालको सिसा हटाएर हेर्रै मैले, उँभो उकालातिर पार्क रहेछ । सल्ला र धुपीका झ्ँै लाग्ने बाक्लै बोटबिरुवाहरू थिए । सडकसित जोडिएको एउटा गेट थियो । गेटमा त्रिभुवन पार्क लेखिएको थियो । त्यसको छेवैमा स्व.राजा त्रिभुवनको सालिक उभिएको भान भयो ।

थानकोट पुगेपछि बस रोकियो । अब चैं सहर पसिएछ भन्ने भयो । आवश्यक चेकजाँच गरेपछि बस फेरि घुइँकियो । कलङ्की, कालीमाटी हुँदै बस त्रिपुरेश्वर पुग्यो । बाटामा ओर्लने मानिस ओर्लिए । त्रिपुरेश्वरमा सहिद रङ्गशाला छ भन्ने बुझ्केको पढेको । यसो हेर्रै मैले बसको सिसाबाट, रङ्गशालाको पछाडिको डडेल्धोको भाग देखियो । १९९७ सालमा दशरथ चन्द, धर्मभक्त, शुक्रराज शास्त्री र गंगालाललाई राणा प्रधानमन्त्री जुद्ध शमशेरको पालामा नृशंस हत्या गरिएको थियो । उनै सहिदमध्ये दशरथ चन्दको नाममा यो रङ्गशाला बनेको हो ।

बसको सहयोगीले सुनधारा, धरहरा भनेर करायो । मैले हेर्नखोजैं धरहरालाई । देखिएन । त्यो विपरीत दिशामा थियो । मेरो झ्यालबाट पर सहिद गेट उभिइरहेको थियो । टुँडिखेलमा सैनिकहरू परेड खेल्दै थिए । बसले वीर अस्पताल नाघेर रत्नपार्कमा रोक्यो । बसको सहयोगी करायो, ल है रत्नपार्क आयो । झरौं है ।

बिहानको आठ नाघेको थियो । रत्नपार्कमा चहलपहल बढेको थियो । चिट्ठा बेच्ने मानिसहरू माइकमा कराइरहेका थिए । दोहोरो मानिसहरूको आवतजावत चलिरहेको थियो । मेरो मनले भन्यो, कति विधि मानिसहरू ।

'ल है हजुर ! रु.पाँचले आठ लाखसम्म जित्नसकिन्छ, आफूले रोजेको नम्बर छानौं, भाग्य कसको के छ ! कसलाई के थाहा, बा ! तपाईंलाई नै पो यो आठ लाख पर्छ कि !'

म चिट्ठामा विश्वास नगर्ने मानिस । मैले कहिल्यै चिट्ठा किनिन जीवनमा । यो परिश्रमविना प्राप्ति गर्ने ख्वाबले धेरै मानिस अल्मलिएका छन् । आशा भरेर दिलमा निराशा परिणाम पाउँछन् । म आशानिराशा दुबै पक्षबाट मुक्त मानिस । मैले चिट्ठाको माइकिङको आबाज सुनेर नसुनेझ्ँै गर्रै । नत्र ता पाँच रुपैयाँमा आठ लाख पाउने सम्भावनाले मलाई पनि तान्नसक्थ्यो ।

बस फेरि गुड्यो, काठमाडौंको बसपार्कमा रोकियो । म बसबाट ओर्लिएर एकजना मानिसको साझ्देदारीमा ट्याक्सीमा सामान राखेर घट्टेकुला भीम खरेल दाइको डेरामा पुगैं । भीम दाइ दौरासुरुवाल लगाएर अफिस जान तयारिंदै हुनुहुन्थ्यो । अग्नि अधि नै वकालत फर्म गएछन् । लीला दिदीले हाँसेर स्वागत गर्दै खाना पकाएर खुवाउनुभयो । प्रेसर कुकर देखेको मैले पहिलोचोटि यहीं नै थियो । प्रेसर कुकरले सिट्ठी हान्दा त मन नै झसङ्ग भएर तर्सन्थ्यो । म यसरी भीम दाइको वासस्थानमा घुम्निन पुगैं ।

आफूले खोजेको ठाउँ काठमाडौं देशको राजधानी त सहजै आइपुगियो । अब गर्ने के हो ? यो महत्त्वपूर्ण कुरा थियो । भीम दाइ अफिस जानुहुन्थ्यो । रत्न रेकर्डिङ संस्थानमा

अफिसर हुनुहुन्थ्यो । अग्नि विष्णुबहादुर राउतको ल फर्ममा काम गर्थे । लीला लिदी तथ्याङ्क विभागमा कार्यरत हुनुहुन्थ्यो ।

काठमाडौँको नयाँठाउँ, नयाँपन, नयाँचालढाल, सहरको रौनक, जतातते घरैघर, सडकभरि मानिस नै मानिसको भिड, त्यो भिडभित्र म एउटा भरखर आङ्खोप गाउँ पञ्चायतको सचिव भएर आएको सानो मानिस । यतै किचिने डर, उतै मिचिने डर, अर्कातिर थिचिने डरबिचको त्रिकोणभित्र उभिएको सानो प्राणी ठान्थें म आफूलाई । एक दुईजना मानिस साथी खोज्नुपर्ने स्थानबाट आएको म, यहाँ त हिँड्न नै होस् गर्नुपर्ने, नत्र ता ठोकिएर सास्ती !

मलाई काठमाडौँ घुमाउँन भनेर एक दिन शनिबार लीला दिदीले मैतीदेवी, बानेश्वर, गौशाला, पशुपति, गुह्येश्वरी, डिल्लीबजार, पुतली सडक, बागबजार, रत्नपार्क, वीर अस्पताल, सुनधारा, धरहरा हुँदै सहिदगेट, भद्रकालीबाट सिंहदरवार, रामशाहपथ पुग्याउनुभयो । बाटाका सबै कार्यालय र मन्त्रायलको परिचय गराउनुभयो । थापाथलीमा केन्द्रीय तथ्याङ्क विभाग जहाँ दिदी काम गर्नुहुन्थ्यो त्यो देखाउनुभयो । यो घुम्न घुमाउन, गफ गर्न पनि उमेरस्तरले जोड्ने रहेछ सायद । लीला दिदी मभन्दा आठ महिना जेठी, हामी दुबैका धेरै सोचहरू मिल्ने गर्थे ।

काठमाडौँका यति स्थान देख्न, घुम्न, चिन्न पाएर मक्ख परेको थिएँ म । मैले देखेका यी सब स्थान कहीँ न कहीँ, किताबमा पढेका वा कसैले भनेर सुनेका महत्त्वपूर्ण स्थानहरू थिए । शनिबारबाहेक दिउँसो सबैजना आआफ्ना काममा जाने हुनाले म कोठामा एक्लै हुन्थें । मेरो एक्लोपनको साथी हुन्थ्यो भीम दाइको ठुलो फिलिप्स रेडियो । त्यसताका हाम्रो जीवनस्तरमा रेडियो हुनु निकै ठुलो कुरा थियो । यो त अझ क्यासेट प्लेयर भएको हुनाले चाहिएका गीत सुन्नसकिन्थ्यो ।

मानव मन मात्र होइन प्राकृतिक जगत्का सबै प्राणीलाई सङ्गीत मन पर्छ । सङ्गीतले मनलाई आनन्दित बनाउँछ । मन आनन्दित भएपछि सबथोक आनन्दित हुन्छन् भन्ने सुनेको, बुझेको मानिस म । म त्यहीअनुरूप रेडियो प्रयोग गर्नथालें ।

भुइँमा सानो बुर्कासुन राडी थियो । म त्यहाँ घुडा टेकेर बस्ने । भुइँमा केही पुस्तकहरू हुन्थे । क्यासेटमा सानो मधुरो आबाजमा गीत बजेको हुन्थ्यो । कहिले भाषणका क्यासेट सुन्थें । कहिले रेडियो नेपालको रसरङ कार्यक्रमका प्रहसन सुन्थें । बडो रमाइलो लाग्थ्यो एक्लै बिताएका ती क्षण मलाई । तिनै गीत, भाषण, प्रहसनका भाका, भाव र लयसितै मिसिएर म पढ्थें । यही पढाइले मलाई जागिरे प्रतिस्पर्धाका सबै लिखित परीक्षामा पास गरायो ।

यहीबिचमा राष्ट्रिय योजना आयोगको मध्यमाञ्चल आयोजना कार्यालय थापाथलीमा लिखित परीक्षाको रिजल्ट निस्कियो । मेरो नाम निस्कियो । उसो त पहिले इलामबाट दिएको लोकसेवा आयोगको परीक्षाको रिजल्टमा पनि म पास भएँ । गोरखापत्रमा नाम छापियो । यो गोरखापत्रमा

नाम छापिनु पनि कम महत्त्वपूर्ण कुरा थिएन। मलाई निकै हौसला थपेको थियो। यहाँ पनि गोरखापत्रमा नाम निस्कियो। निकै वजनदार महसुस गरैं मैले आफैंलाई। म इलाम गएर अन्तर्वार्ता दिएर गाउँ पञ्चायतको सचिव हुन मनले मानेन। मनले नमानेपछि, साथ नदिएपछि जाने कुरा पनि भएन। जे होला यतै होला भन्ने भरोसाले काम गर्‌यो। फेरि मेरो अर्को लक्ष पढ्नु पनि थियो।

अन्तरवार्तामा बैकल्पिक एक नम्बरमा पर्‍ैं। मैले दयानन्द ठाकुरलाई सम्झिएँ। उनले भनेका थिए, 'आठ दश प्रतिशतमा तपाईंको नहोला तर अरू नब्बे प्रतिशत त बाँकी नै छ नि, तपाईंमा योग्यता छ।' म दयानन्द ठाकुर (प्रधानाध्यापक जनता पब्लिक माध्यमिक विद्यालय रङ्गेली)का यिनै हौसला र आश्वासन साथमा सधैं रहैं।

मैले जहाँ जति विज्ञापन हुन्छ ती सबै ठाउँमा फारम भर्न छोडिन। यहीबिचमा म बिए अध्ययनका निमित्त रत्नराज्यलक्ष्मी क्याम्पसमा भर्ना भएँ। आठ वर्षअगाडि प्रवेशिका पास गरेपछि घरखेतीकिसानीमा बितेको मेरो जीवनशैली विद्यार्थीका असीमित चञ्चलता र चहलपहलबिच सुहाउँदो मानिस म रहिन सायद। समयको गति र मनको उडान नियन्त्रण गरेर हिँडेको म, यहाँ छताछुल्ल भएर पोखिनसक्ने कुरा भएन। अरूहरूका भराइ र पोखाइ हेर्दैको सास्तीभैं लाग्थ्यो मलाई। म क्याम्पस पढ्न नपाएको मानिस। पढ्नथालेको थिएँ। पढ्नपाउनु नै कत्रो ठुलो अवसर थियो मेरानिमित्त। मभित्र त्यो सुरक्षित रहेको छ। पढ्ने अवसर गुमाएर फेरि पढ्ने अवसर पाउनु भनेको राष्ट्रियता गुमाएको नागरिकले फेरि राष्ट्रियता पाएझैं को अवस्था हो, त्यो खुसी शब्दले बोक्न सक्दैन। मेरो खुसी त्यस्तै थियो।

यहीबिचमा केन्द्रीय तथ्याङ्क विभागमा दिएको परीक्षाको नतिजा निस्कियो। म अन्तर्वार्तासमेतमा पास भएँ। कार्तिक सात गते २०४३ सालमा म केन्द्रीय तथ्याङ्क विभागमा नायब सुब्बास्तरको जागिरमा नियुक्ति लिएँ। त्यस क्षण मैले आमाबुबालाई सम्झिएँ, छोरो जन्माएर हुर्काएपछि केही गरिखान सकोस् भन्ने हरेक आमाबुबाको मनमा गहिरो गरी बसेको हुन्छ। अनि त हरक्षण राम्रो गरी खाएस्'को आशीर्वचन आइरहन्छ। त्यसरी नै मैले दयानन्द ठाकुरलाई सम्झिएँ, 'हरेस नखानू' भन्ने उनको मप्रतिको बुझाइ थियो। यसरी म घरखेती छोडेर हिँडेको एक वर्ष वा भनूँ काठमाडौं छिरेको पाँच महिनामा जागिरे हुनसकैं।

यही तथ्याङ्क विभागले मलाई काठमाडौंमा बसायो, टिकायो। यसकै माध्यमले मैले बिए पढ्न पाएँ। देशको पूर्व, पश्चिम, उत्तर, दक्षिण घुम्न, हेर्नपाएँ। रेल चढैं, हवाइजहाजमा उडैं। तथ्याङ्क विभागमै रहेर यसकै भरोसामा मैले बहिनीलाई काठमाडौं लिएर आउनसकैं। राष्ट्रिय वाणिज्य बैङ्कमा जागिरे हुनलाई यही तथ्याङ्क विभाग मेरो आधार बन्नपुग्यो। राष्ट्रिय वाणिज्य बैङ्कबाहेक, कर्मचारी सञ्चय कोष, नेपाल राष्ट्र बैङ्क तथा अन्य ठाउँमा बैकल्पिकमा परेर तैरिन सिकायो। मेरो जीवन निर्माणको जगमा यो तथ्याङ्क विभाग एउटा कोसे

ढुङ्गा साबित भयो मेरानिमित्त । यही ढुङ्गा टेकेर म काठमाडौँ उपत्यकामा उभिन आँट गरेको थिएँ त्यस बखत । आज म सम्झन्छु विगत समयलाई । अवसरका साना साना अंशहरूलाई । एउटा मानिसको सीमित आकाङ्क्षामा सानो अवसरको मूल्य कति ठुलो हुन्छ म आफैँ आफैँलाई हेरेर दङदास हुन्छु ।

❑ कविता



❖ **खेमराज निरौला**

मरेका सिंहले मत्ता मार्दैनन्

मान्छेका पसिना पिएर जहिल्यै घुम्दै नयाँ सानमा
मत्ताका दल डुक्रिँदै कति पुगे उफ्रेर मैदानमा ।
सारा मार्ग भुलेर उच्च गतिले लागेर अन्तै कता
खोज्दै छन् अझ बन्न तैपनि उनै यो देशका देवता ॥१॥

रित्तो भो रमणीय राष्ट्र ढुकुटी सिद्धान्त बिर्से सबै
छोडेको तर छैन पढ्न कहिल्यै सिद्धान्त मैले कतै ।
भन्दै हिँड्छ सधैँ उही नकचरो लाएर धक्कु अझै
आफ्नै मात्र कुरा गरेर जहिल्यै डुक्रिन्छ साँढे सधैँ ॥२॥

हेर्दै हिँड्छ सधैँ अगाडि दुनयाँ भोका र नाङ्गा कति
लेख्दै हिँड्छ कुरा मिठा र मसिना खोजेर पाए जति ।
सुन्दै भन्छ पुगेर गाउँघरमा भोका र नाङ्गा रव
भोको पेट लिएर बस्नु यसरी पर्दैन कोही अब ॥३॥

मेरो मार्ग खुला छ रोक्न कहिल्यै सक्दैन कोही पनि
मैलेझैँ छल गर्न यो मुलुकमा जान्दैन कोही पनि ।
सारा शक्ति पछार्न सक्छु अघिकै दावाग्नि जस्तै बनी
हारेरै पनि राष्ट्र हाँक्छु म अझै कुर्लेर भन्दै छ नि ! ॥४॥

यो हाम्रो वसुधा सपार्न सहसा सारा कुरा गर्दछु
भन्दै हिँड्छ अझै म स्वर्ग नगरी पारेर नै छोड्दछु ।
छानामाथि पुगेर भ्रष्ट मतिले राम्रो कहाँ गर्छ र !
जाली मात्र कुरा गरेर गतिलो के गर्न पो सक्छ र ! ॥५॥

छातीभित्र हुने अगास्ति बबुरा बिक्छन् सबै मोलमा
चोक्टा खान्छु अझै भनेर सुरिने पर्छन् सधैँ झोलमा ।
भन्छन् फेरि तिनै अझै पनि सधैँ यो देशको भक्त म
हारेरै पनि माथि पुग्न सजिलै हुङ्कारले सक्छु म ॥६॥

नेपाली जनता बुझेर अहिल्यै यी दुष्टका दुर्गति
फालौँ नत्र बिहोर्नुपर्छ जहिल्यै यो राष्ट्रले दुर्गति ।
मारेको वन सिंहले पनि कहीँ मत्ता कहाँ मार्छ र !
हार्नेले पनि देश हाँक्न कहिल्यै संसारमा सक्छ र ! ॥७॥

जो जो छौँ अब देशभक्त जनता जागेर मुठ्ठी कसौँ
सारा दुष्ट र भ्रष्टका कुदिलमा कोझ्रा बनेरै डसौँ ।
छातीभित्र नयाँ पवित्र सपना राखेर फुर्ती भरौँ
साथी हो अब भोलि पर्सि नभनौँ आजै गरौँ जे गरौँ ॥८॥

❖ सुशीला प्रधानाङ्ग

कोल्टे कोल्टेमा मान्छेको जिन्दगी

सपना बोकेर हिँडेको मान्छे
सपना देख्नलाई पनि
हिँडने गर्छ मान्छे
हिँड्दाहिँड्दै मान्छेको जिन्दगी
कोल्टे कोल्टेमा बितिरहेको हुन्छ
कहिले गरिबीको कोल्टे
कहिले भोकको कोल्टे
भोकको अग्निज्वालालाई
शान्त गर्नको लागि
फेरि हिँड्छ मान्छे
कहिले अन्नको खोजीमा
कहिले परिश्रम गर्ने चाहमा
खोज्दाखोज्दै
मान्छेको जिन्दगी
त्यहाँ पनि कोल्टे कोल्टेमै
बितिरहेको हुन्छ
कोल्टे कोल्टेमै बितिरहेको हुन्छ।
तैपनि थाक्दैन मान्छे
आफ्नो जिन्दगीदेखि
ऊ फेरि सपना बोकेर
हिँडिरहन्छ निरन्तर
गरिबीको मापन गर्दै
तर पाउँदैन उसले
गरिबीको मापनको अन्तिम बिन्दु
त्यही वेला
पुनः उसको जिन्दगी
कोल्टे कोल्टेमै टुक्रिरहेको हुन्छ
तैपनि टुक्रिँदैन उसको
सपनाको बलियो महल
ऊ फेरि सजाउन
आफ्नो सपनाको महललाई
समानताका फूलहरूको खोजीमा
आफ्नो यात्रा आरम्भ गर्छ
तराई, मधेस, हिमाल, पहाड
गाउँ, सहर
तर विडम्बना
उसले कहीँ पनि देख्दैन
समानताका मगमगाउँदा फूलहरू
त्यहाँ त उसले
मात्र पाउँछ
विभेदका कुटिल परम्पराहरू
असमानताका काँडे झारहरू
हो, त्यही वेला
उसको जिन्दगीका आँसु
फेरि एकपटक
फेरि एकपटक

कोल्टे कोल्टेमै बग्न थाल्छन्
थोपा थोपा बनेर
कोल्टे कोल्टेमै टप्किरहन्छन् ।
कसैले उसलाई भन्छ,
'तिम्रो जिन्दगीको कोल्टेपनाले
तिम्रो भावनालाई
बनाइदिइसकेछ खोक्रो
तिमीमा अब मात्र
खोक्रोपना छ
छोडिदेऊ अब सपनाको
यात्री बन्न
छोडिदेऊ अब
सपनाको महल सजाउन
छोडिदेऊ अब पटक पटक
कोल्टे कोल्टेमा आफ्नो जिन्दगी
बलि चढाउन'
तर रोकेन मान्छेले
सपना देख्न
महल सजाउन
मान्छेको क्रन्दनका बिचमा पनि
एउटा मुस्कान झल्किएको थियो
हारेको मान्छेको आँखामा पनि
चम्किरहेको थियो एउटा जितको
एउटा कोसिसको
एउटा अठोटको चमक !
हो,
कोल्टे कोल्टेको जिन्दगीमा पनि
मान्छेको आशा सजिएको थियो

बालकोट

❑ कोपिलाडाली

❖ **गिरिराज डल्लाकोटी**

कोपिलाडाली

१.
जता हेऱ्यो हरियाली, देख्छु आँखाभरि
स्वर्गभन्दा, के कमी छ र, संसारमा यो देश नेपाल
यहीं नाच्छन् डाँफे मजुर, वनपाखाभरि ।

२.
उत्तरतिर हिमाल हाँस्छन्, आकाश खुल्दाखेरि
तराईमा अन्नका बाला, झुल्ने यही देश हो नेपाल
पहाडमा लाली खुल्छ, गुराँस फुल्दाखेरि ।

३.
पूर्वपश्चिम मेचीकाली, बिचमा धेरै नदी
यतै छन् है तलाउ ताल, प्रकृतिले छाएको नेपाल
गण्डकी र कर्णालीझैं कोसी मेरै नदी ।

४.
जातजाति भेषभूषा गनीसाध्य कहाँ
उघारेर दिलको ढोका, छुट्टै बोली बोल्दछ नेपाल
धेरैथरि गीतगाना भनीसाध्य कहाँ !

५.
शरीरमा बगेको छ रगत यही माटो
बिर्सिनेले बिर्सिए पनि नेपालीले नबिर्से नेपाल
आफ्नो भन्नू, अरू के छ फगत यही माटो ।

चितवन

प्रगति

❖ बिन्दु अधिकारी ढकाल

'रचना तयार गर्‌यौ ?' उनको प्रश्न थियो । 'एउटा कुरा के ख्याल गर भने तिमीलाई कथा लेख्न आएको छैन । यही तरिकाले कसरी उभो लाग्ने ?' क्रोधपूर्ण शैली वा आवेगमा बोलिन् उनी ।

'एक भन्नु न दुई' साहित्यकार छक्क परिन् । सायद अभ्यासकै कुरा केही भन्न खोज्दै थिइन् । 'चुप लाग, यहाँ बढी बोल्ने होइन । तिम्रा कारण कति अवगाल खेप्दै छु, त्यो मलाई थाहा छ ।' पुनः उनका उद्‌गारले साहित्यकारको मन कुँडियो । नीरस भावमा जाँगर नचली नचली डायरीका पाना पल्टाइन् । त्यो डायरी साहित्यकारको हातबाट थुतेर उनले पढ्न थालिन् । अक्षर बिट मारेर प्रतिक्रियाविहीन भई बसेकी तिनीतर्फ नियाल्दै मलिन स्वरमा साहित्यकारले सोधिन्, 'कस्तो छ हजुर रचना ?'

नसेलाएको कराइझैं 'भाषा सच्याउने ठाउँ धेरै छ । यहाँ संवाद चाहियो नि, खै ?' अब साहित्यकारको बोली बन्द भयो । सोचिन् 'कुन दिनमा सुरु गरेछु यो अक्षरको खेती...।' चोइटिएको मन बसौं कि हिँडौं ? अनिर्णयको बन्दीमा पुगिन् । फेरि तुरुन्तै अर्को मनको ठहर 'मौका भनेको मौका हो जस्तो पर्छ, उस्तै टर्छ । अतः आगो लिन आएसरि किन हिँड्नु र ? होइन बस्छु ।'

औपचारिक कार्यक्रम सुरु भयो । स्रष्टाहरूले आआफ्ना रचना पढे । त्यो माहोल ती साहित्यकारलाई भने पंक्षीको पखेटा काटिदिएर उड्न आदेश दिएजस्तो आभास भयो । मनमा त्यो वेचैन तर पालो छाडिनन्, छोपिन् !

नतिजा कुर्न नलागी ती हिँडिन् । हलबाहिर गेटमा माइकको आबाज कानमा ठोकिँदा थाहा भयो, उनको रचना उष्कृष्टमा पर्‌यो । अघि झम्टी झम्टी खेदो गर्ने लेखकसँग आँखा जुधाएर भलाकुसारी गर्न हलभित्र बाहिर, चौर, आँगन कहाँ मात्रै खोजिनन् तर उनी भेटिइनन् ! फोनमै भए पनि बोल्नुपर्‌यो भनेर नम्बर डायल गर्दा 'तपाईंले सम्पर्क गर्न खोज्नुभएको मोबाइलको स्विच अफ गरिएको छ' भन्यो ।

कवि तारा गाउँले 'उज्यालोतिर'को यात्रामा

❖ तेजविलास अधिकारी

'उज्यालोतिर' (कवितासङ्ग्रह, २०७५) कृतिका लेखक तारा गाउँले (जन्म वि.सं.२०१३) हुन् । नेपालको पूर्वी जिल्ला ताप्लेजुङमा जन्मिएका तारा गाउँले लामो समय सरकारी सेवामा कार्यरत रहे । सेवानिवृत्त गाउँले नेपाली साहित्यमा कविता विधामा कलम चलाउने क्रममा पटक पटक पञ्चायत कालमा गिरफ्तारसमेत भए। आफ्नो जीवनयात्रामा देखेका, भोगेका विषयवस्तुलाई खरो र दरोरूपमा कविता विधामार्फत अभिव्यक्त गर्ने गाउँलेले २०३० को दशकदेखि प्रारम्भबाटै कवितामा कलम चलाए । उनका कविताहरू २०३७ सालबाट नै प्रकाशित भएको पाइन्छ । कविता विधालाई विचार प्रस्तुतिको माध्यम बनाउने गाउँलेले आफूलाई विचारका यात्री बनाएर पनि राजनीतिक कार्यकर्ताको रूपमा भने उतारेको देखिँदैन । आफ्ना विचारलाई जनताको सचेततका निम्ति प्रयोग गर्ने कवि 'गाउँले'ले 'उज्यालोतिर' कवितासङ्ग्रहमा जम्मा चालिसओटा कवितालाई स्थान दिएका छन् । कवि 'गाउँले'ले आफ्ना कविताहरूलाई २०४७ सालअघिमा एक्काइसओटा कविताहरूलाई पछिल्लो खण्डमा र २०४७ सालपछिका उन्नाइसओटा कविताहरू अघिल्लो खण्डमा समावेश गरेका छन् ।

लेखनयात्राको प्रारम्भदेखि नै गद्य कविको परिचय बनाएका तारा गाउँलेले यस कवितासङ्ग्रहभित्र छोटादेखि मध्यम आकारका गद्य कवितालाई नै स्थान दिएका छन् । २०४७ सालअघिका कविताहरूमा पञ्चायतविरोधी अभिव्यक्ति र जनसङ्घर्षको बिगुल फुक्ने कवि २०४७ सालपछि रहेको यथास्थितिवादी चिन्तनविरुद्ध खुलेर लागेको देखिन्छ । कतै पनि राज्यसत्तालाई समर्थन नगरिएका उनका कविताहरूले प्राप्त परिवर्तनलाई संस्थागतरूपमा जनताको सेवामा ढाल्न अनुरोध गरेका छन् । व्यक्तिगत महत्त्वाकाङ्क्षा र मनोमानीका विरुद्ध आबाज ओकल्ने र विकृति-विसङ्गतिलाई पूर्णरूपमा रूपान्तरण गर्ने विचारसहितको उनको साहित्यिक व्यक्तित्वले सम्मानजनक उचाइ पाएको छ। धेरै लेखेर होइन, प्रभावकारी लेखनलाई प्रस्तुत गरेर समाजलाई बदल्न सकिन्छ भन्ने काव्यिक अभिव्यक्ति राख्ने 'गाउँले'ले सङ्ग्रहगत हिसाबले एउटा मात्र कविता कृतिलाई प्रस्तुत गरेका भए पनि उनका थुप्रै रचनाहरू सङ्ग्रहभित्र समावेश

हुन बाँकी रहेका छन् । धेरै लेख्न नरुचाउने र धेरै बोल्ने स्वभाव भएका कवि गाउँले समकालीन मित्रहरूको नजरमा सत्ताप्रति अलगाव भएका व्यक्ति हुन् । शक्तिको पछाडि दौडिएको भए पदक, पुरस्कार र नियुक्तिसमेत हात पार्न यिनलाई केही गारो थिएन । इतिहासको ब्याज खाएर देशमा भ्रष्टचारको खेती गर्नेहरूप्रति कवि 'गाउँले'ले कटाक्ष गरेका छन :

यसपटक पनि
तिमीले बोल्ने कुरा कण्ठै छ
सेनाले छोरालाई बेपत्ता पारेको कुरा
छापामारले सिपाहीलाई मारेको कुरा
राहत र संविधानका कुरा
बाटो स्कुल अस्पतालका कुरा
अग्रगमन र प्रतिगमनका कुरा
कुराका लागि कुरा
कुरा कुरा अझैं कुरैकुरा (पृ. २६, घोषणापत्र)

नेपालमा लामो समयदेखि अर्काको कुरा काट्ने अनि आफ्नो राजनीतिको रोटी सेक्ने प्रवृत्ति बढेकोप्रति कविले रोष प्रकट गरेका छन् । देशलाई राम्ररी बुझेर अगाडि बढ्नुपर्नेमा केही नबुझेकाहरू राजनीतिका नाममा हाबी हुँदै गएका छन् भन्ने आशय कवितामा प्रकट भएको छ । छोटा छोटा आयाममा पनि उनी अनेक विषयलाई गहन ढङ्गले परिभाषित गरिदिन्छन् । उनले गरेको परिभाषा दार्शनिकको जीवनप्रतिको गहिरो प्रक्षेपण जस्तै लाग्छ :

एउटा आइसक्रिम
पारखीले चुसेर स्वाद लिन्छ
अनाडीको हातमा
पग्लिएर खेर जान्छ । (पृ. ४०, जीवन)

कवि जीवनलाई जीवनवादी कोणबाट हेर्नुपर्ने कुरामा प्रस्ट छन् । 'उपयोग गर्ने कि उपयोग हुने' भन्ने विषयमा कवि प्रस्ट छन् । उपयोग गर्ने क्रममा अरूलाई दुरुपयोग पनि गर्नहुन्न भन्ने कविको आशय देखिन्छ । कवि समानता, स्वतन्त्रता र न्यायपूर्ण समाजको पक्षमा बोल्दा आइपर्ने समस्या आफैंले समाधान गर्नसमेत आह्वान गर्दछन् । यस समाजलाई बुझेर मात्र हुँदैन, बदल्न पनि सक्नुपर्दछ भन्ने मार्क्सवादको जीवनचेतनालाई कविले सपाट प्रस्तुत गरेका छन् । कवि स्वप्नद्रष्टा भएको र मानवजीवनलाई आशाको यात्रामा डोहोऱ्याउनु नै स्वप्नद्रष्टाको कर्म भएको उनको ठहर रहेको छ । कलम चलाउन जान्नेहरूले सही ढङ्गले कलम चलाइदिए मात्र समाज परिवर्तनको यात्रामा मद्दत पुग्ने प्रमाण पेस गर्दै कवि अगाडि भन्दछन् :

एउटा उन्मुक्त आकाशको खोजीमा
तिमीलाई पछ्याइरह्यौं
आफूले तातो आँसु पिएर
तिमीलाई दुध पियायौं
तिमी गलेर लड्न खोज्दा
सहारा बनेर उठायौं
आफू जागै बसेर तिमीलाई बास बसायौं

हामीलाई पनि उडाउँछौ भन्ने आशामा (पृ. ६, स्वप्नद्रष्टा)

राणा, पञ्चायत र भ्रष्ट बनेको २०४६ सालपछिको नेतृत्व फेर्नका निम्ति

जनताले पुऱ्याएको योगदानको पाटोको अभिलेखीकरण गर्ने र राजनीति गर्नेहरूलाई मात्र होइन समाजको मुहार फेर्न अभियान चलाइहिँड्नेहरूलाई समेत सम्बोधन गर्दै कवि आशाको सञ्चार गर्ने विषयमा नेतृत्व चुकेको प्रमाण पेस गर्नपुग्दछन् । जति परिवर्तनका कुरा गरे पनि जनताको जीवनस्तर उठ्ननसकेकोप्रति नेतृत्व अर्थात् हिजोका स्वप्नद्रष्टाहरू कमजोर भएको कुरा यहाँ अभिव्यक्त भएको छ । झन्डै पाँच दशकको काव्य साधनामा कवि 'गाउँले'ले आफूलाई प्राप्तिको बाटो खोज्ने र समाजलाई सधैँ भ्रममा पारेर सामन्ती संस्कारलाई यथावत राख्नेहरू देशका दुस्मन हुन् भन्ने विचार व्यक्त गरेका छन् । उनी यी र यस्ता गैरजिम्मेवार नेतृत्वप्रति कटाक्ष गर्दै भन्दछन् :

धाउँदिन म
कहिल्यै तिम्रो ढोकामा
लिएर भिक्षापात्र हातमा
म गाउँदिन कहिल्यै
तिमीले दिएको गीत पनि
म तयार छु बरु रेटिन
आफैँ सारङ्गी भएर

कविले काव्यलेखन र जीवनयात्रामा सम्झौता नगर्ने उद्घोषसमेत गरेको देखिन्छ । २०२० को दशकमा नै नौलो चेतना दिने झापा आन्दोलन र २०५० को दशकबाट फरक तर उस्तै हिसाबले योगदान दिएको जनयुद्धले पनि जनताको जीवनयात्रालाई फेर्ननसक्नुमा मुख्य नेतृत्व जिम्मेवार हुनै पर्छ । देशमा रहेका उद्योगधन्दा, कलकारखानालाई विदेशीको जिम्मा लगाउने अनि युवाहरूलाई खाडीमा काम गर्न पठाउने राज्यको नीतिले हामीलाई गम्भीर विचलनमा पुऱ्याएको विषयको प्रस्तुति दरो र प्रमाण पुऱ्याएर गरेका छन् । जहाँ बसेर पनि समाज सचेतरूपमा आफ्नो अभिभावकीय भूमिकालाई कवि गाउँलेले स्पष्ट पारेका छन् । कविले चालिसओटा कविताहरूमार्फत सामान्य विचारको प्रस्तुति मात्र दिएका छैनन् उनले त 'नेपालीको नेपाल बनाउने कि नेपाल अरूलाई जिम्मा लाउने !' भन्ने गम्भीर प्रश्न उठाएका छन् ।

नागरिकता दिनेले भात दिएन
भात दिनेले नागरिकता दिएन
खै के दुस्मनी छ नागरिकता र भातको
मलाई थाहा छैन
सिंहदरबारको कुर्सी होस् कि ह्वाइट हाउस
म अनागरिक
जन्मिएका नै अनागरिक
किन कसैले सोध्दैन
साइबेरियाबाट कोसी टप्पु बसाइँ आएका
चराहरूको नागरिकता (पृ. २, म अनागरिक)

कविले अस्तित्वको खोजी गर्दै जाँदा नेपाली जनमनको भावनालाई गहिरोगरी समातेका छन् । उनका कवितामा पीडा, जिम्मेवारीबोध अनि आफ्नो कर्मप्रतिको दायित्व उत्तिकै गतिलो ढङ्गले झल्किएको छ । नेपाली राजनीतिमा विचारलाई सङ्गठन, सङ्गठनलाई शक्ति र शक्तिलाई सत्तासम्म रूपान्तरण गर्ने कर्म पूरा भए पनि सत्ताले जनताको जीवनलाई सहयोग पुऱ्याउननसकेको पक्ष नै उनका प्रत्येक

कविताले बोलेका छन् । राजनीतिलाई एउटा नशाजस्तो रूपमा प्रयोग गर्ने र राजनीति गर्ने मानिसहरू नै जतातै हाबी हुने प्रवृत्तिप्रति कवि गाउँलेको ध्यान खिचिएको छ ।

निष्कर्ष

नेपाली माटोमा निरन्तर निरन्तर पसिना पोख्ने श्रमिकको जीवनमा अनुवाद नभएको राजनीतिले नेपाललाई चिनाउननसक्ने विचार समग्र कविताहरूमा प्रस्तुत भएको पाइन्छ । कविले राजनीति केवल नाराको रूपमा ल्याएर भोट बटुल्ने माध्यम बनाउनेहरूलाई गतिलो झापड हानेका छन् । चुनावदेखि चुनावसम्म, पदप्राप्तिमा उन्माद र समाप्तिमा निराशाको शृङ्खलाले नेपाली माटो पीडित भएको दृश्य हामी कविताहरूमा पढ्नसक्छौं । जीवनको पर्याय भनेको स्वाभिमान हो । त्यही स्वाभिमान व्यक्तिको मात्र होइन राष्ट्रको पनि हुन्छ । जबसम्म देश आत्मनिर्भर बन्नसक्दैन तबसम्म नारा लाउने र सस्ता भाषण गर्नेहरूको बोली 'ढाँटको निम्ता खाइ पत्याउनु' भनेजस्तै हुन्छ । कवि गाउँले राष्ट्रिय र अन्तर्राष्ट्रिय, वर्गीय र लिङ्गीय विभेदलाई विचारको पक्षेपणद्वारा नै हटाउनसकिने विषयमा आशावादी र क्रियाशील रहेको पाउनसकिन्छ । त्यसैले त 'उज्यालोतिर' कविताको सङ्ग्रह नामजस्तै चेतना फैल्याउने मार्गमा यो महत्त्वपूर्ण दस्तावेज बन्नपुगेको छ ।

❖ **डा. बमबहादुर जिताली**

काण्डैकाण्डका प्रकाण्ड

इतिहास भरिलो छ काण्डैकाण्डभित्र
वर्तमान दरिलो छ विचित्रको चित्र ।
चर्चा गरी साध्य छैन महाकाण्डबारे
नेताजीले मुलुकमा भद्रगोल पारे !

अनगिन्ती काण्ड गरे भुँडी भर्नुभरे
विन्तीपत्र चढाएर केके गरे गरे !
अलपत्र जनता छन् नेतालाई सत्र
यत्रतत्र सर्वत्र छन् आरोपका पत्र !

लाउडा काण्डजस्ता काण्ड जतासुकै भए
सुनकाण्ड, खुनकाण्ड भए सुकी गए !
भन्सारमा काण्ड भयो भुटानीका काण्ड
कति काण्ड भए गए लुटानीका काण्ड !

आई.जी.पी.का काण्ड भए करोडौंका काण्ड
सर्वोच्चको सर्वोच्चता माथि भए काण्ड !
भ्रष्टाचार गर्ने नेता अझै अघि सरे
समाचार सुनाउँदा सोझै व्यङ्ग्य गरे !

प्रहरीको हरि देखी घुसखोरी भागे
सवारीको झरी देखी धुन्दुकारी जागे !
पुँजीपति दलालीले सीमारेखा नाघे
जनता झन् लुलालाटा नेता भए बाघे !

जति पनि काण्ड भए सेलाएर गए
ढुकुटीमा सुकुटी पो ! सेकाएर गए !
काण्डमाथि काण्ड हुँदै सगरमाथा उठ्यो
काण्डरूपी प्रकाण्ड झन् सागरमा जुट्यो !

नागार्जुन-१, रानीवन, काठमाडौं



❖ **कणाद महर्षि**

कोसँग गरौं खुसामद !

जन्मदा रोएको हुँ,
हाँसेको थिइनँ भनेर
सत्य बोल्दा पनि सकारेनन्
उल्टै आरोप लगाउँदै भने,
'त्यो तेरो दुध चुस्ने बहानामा
आमाको छातीको लाम्टा लुछ्ने
कलुषित तृप्तिको तृष्णा मात्र हो,
अरू केही होइन !'

छि ! कस्तो निन्दनीय धृष्टता !
हुन त
मानिस आफ्नो धारणा राख्न
स्वच्छन्द हुन्छन्
तथापि
यस्तो सोचाइ सोच्ने सोच कस्तो !
वक्रदृष्टि भनौं कि अभिशप्तता !
जन्मदा रोएको सत्यलाई
सत्य भनाउन या साबित तुल्याउने
सनाखत गराउन
ककसलाई खोजौं
ककसलाई पुकारौं !
होइन त्यस्तो सजिलो सत्यलाई
प्रमाणित गर्न पनि
किन यस्तो असजिलो भाउँटो आइपरेको हो !
आफैंलाई पनि जन्मदा रोएकै थिएँ भनी
पक्का नगरी चैन नै भएन
मनले मान्दै मानेन
कसैसँग नबिथोलिई
आनन्दसँग शान्तिले सुस्ताउन पनि
सक्दै सकिएन
सत्यलाई सत्य हो भनिरहनुनपर्ने
यथार्थकी प्रतिमूर्ति !
मलाई जन्माउने
आमा ! बितिहाल्नुभयो
बुबा पनि रहनुभएन
लोलोपोतो चाहने थुप्रै होलान्
तर अब
जन्मदा रोएकै थियो भनेर
सत्य स्विकार्न विनम्रतापूर्वक
कोसँग गरौं खुसामद !

चाबेल, काठमाडौं ७

❑ कविता

❖ **सोमनाथ दाहाल**

जङ्घार

अविराम यात्रामा
निस्किएको एउटा यात्री
अलि पर पुग्दा
मनका छालहरू उर्लिरहेको
अझ ठुलो नदी भेटिन सक्छ
अभावका पीडाले युवाहरूलाई
खाडीतिर हुत्याएसरि
तेज प्रवाहले हुत्याउन सक्छ
धारिला चट्टानहरूले बनाएका
गहिरा घाउहरूबाट
रक्तधारा बहिरहँदा
मरेको फटेङ्ग्रो घिसार्ने
कमिलाको ताँतीजस्तै
नुनचुक बोकेका आफन्तको
हुल आउन सक्छ
छुद्र शासकहरूले जसरी नै
मित्रहरूबाट उपहास पाउन सक्छ
पीडाको सागर लमतन्न देखिन सक्छ
विश्वासका मरुभूमिहरू
भकभक उम्लिरहन सक्छन्
तर
मरुभूमिको यात्रामा
एक घुट्की पानीका लागि
बादसाहले जसरी
घुँडा टेक्न सक्दैन ऊ
भय स्वयम् भयभीत हुन्छ उससँग
सागरतटमा किंकर्तव्यविमूढ हनुमानझैँ
यी साना जङ्घारहरूमा ऊ रोकिएला ?
अहँ !
बाधाका पर्खालहरू नाघ्दै नाघ्दै जाँदा
सुदूर क्षितिजमा
भेट्छ- स्वाभिमानका शिखरहरू
सफलताका ध्वजाहरू
त्यसकै परिधिमा
विजयोल्लासका तुमुल ध्वनिभित्र
देख्छ - चित्रविचित्र
उही शत्रु, उही मित्र
उही शासक, उही उपहासक
अलिकति शिर झुकाई
दुई हात जोडेर
सालिकझैँ शान्त
स्वागतमा उभिएका ।

'कागजको मन्त्री'का लघुकथामा सामाजिक तथा राजनीतिक यथार्थको अभिलेखन

❖ प्रा. डा. कपिल लामिछाने

कृष्ण बजगाईं (२०२४) को **कागजको मन्त्री** लघुकथासङ्ग्रह २०८० को आरम्भमै प्रकाशित भएको हो । पहिलो लघुकथा ' शोषण ! (२०४९ फागुन, **मधुपर्क** अङ्क २८५) प्रकाशित भएपछि उनका **यन्त्रवत्** (२०६४), **रोडम्याप** (२०६५), **कवच** (२०७२), **संवैधानिक पत्नी** (२०७७) गरी चार लघुकथासङ्ग्रह प्रकाशित भइसकेका छन् । यस दृष्टिले यो उनको प्रकाशित पाँचौं लघुकथासङ्ग्रह हो । हाइकु, नियात्रा, कथा र बालकथामा पनि उनको दरो उपस्थिति रहेको छ । विदेश (पहिले बेल्जियम र अहिले लामो समयदेखि बेलायत) मा रहेर नेपाली साहित्यको उत्थानमा उनले गरेका कार्य उल्लेख्य र सराहनीय छन् । दयाराम श्रेष्ठले बजगाईंलाई आधुनिक नेपाली कथा परम्पराको परावर्तन युग (२०४०-२०६३)का कथाकारका रूपमा चिनाउँदै नेपाली लघुकथाका स्पन्दन भनेका छन् (२०७८,पृ.३५९)। उनी मानवीय सूक्ष्म मनोवृत्तिलाई पक्डेर सामाजिक र राजनीतिक विकृति र विसङ्गतिलाई उजागार गर्ने एक सफल लघुकथाश्रष्टा हुन् ।



कागजको मन्त्रीका लघुकथा यसै मूल मार्गमा देखापरेका छन् । सङ्ग्रहका अधिकांश लघुकथाले समकालीन नेपालको राजनीतिक यथार्थलाई उजागार गरेका छन् । 'कागजको मन्त्री', 'घृणा', 'वादी', 'दलाल', 'चुनाव', 'मुर्दा शान्ति', 'भ्रष्ट', 'पुतला', 'उद्योग', 'परिवर्तन', 'प्रतिनिधि', 'सेवा, 'सङ्कट', 'यात्रा', 'सङ्क्रमण', 'निन्दा', 'नाङ्गेझार', 'आत्महत्या', 'बन्धन', 'शोकतन्त्र', 'सुरक्षा', 'तितो सत्य', ' गालीको सङ्कट' शीर्षकका लघुकथामा राजनीतिक विषयवस्तु रहेको छ । यिनमा राजनीतिक दाउपेच तथा राजनीतिक विकृति र विसङ्गतिको अभिलेखन भएको छ ।

'कागजको मन्त्री'मा कलाकार (जनता)ले नेता र मन्त्री बनाएको तर आफू मन्त्री भएपछि उनै आफ्ना निर्मातालाई गार्ड

लगाएर खेदेको देखाइएको छ । 'घृणा'मा राजनीतिक नेतृत्वप्रति घृणा व्यक्त गरिएको छ । 'वादी'मा आजको मानिस कुनै न कुनै वादमा लाग्न विवश भएको तथ्य उजागर भएको छ । 'दलाल'मा हरेक प्रकारका दलालहरू राजनीतिक दलका संरक्षणका रहेको प्रस्ट्याइएको छ । 'चुनाव'मा चुनाव, नेता, जनता र निर्वाचन पद्धतिप्रति व्यङ्ग्य गरिएको छ । 'मुर्दा शान्ति'मा चुनावमा भोट वा मत माग्ने र जित्ने फरक शैली देखाइएको छ । 'भ्रष्ट'मा भ्रष्टाचारीको कुनै जाति नहुने, समाजमा भ्रष्टको सङ्ख्या कम भए पनि तिनीहरूले भ्रष्टाचारबाट मनग्गे कमाउने गरेको प्रस्ट्याएको छ । 'पुतला'मा प्रजातन्त्रका नेतृत्वगण अरूकै खेलौना वा कठपुतली भएकोमा दुखेसो व्यक्त गरिएको छ । 'उद्योग'मा गरिबी हटाएर होइन, जसरीतसरी कायमै राखेर गरिबीकै नाममा राजनीति गर्ने दलहरूप्रति व्यङ्ग्य कसिएको छ । 'परिवर्तन'मा पहिलेका टोले गुन्डाहरू राजनीतिका आडमा साइबर गुन्डामा रूपान्तरण भएको देखाइएको छ । ' प्रतिनिधि'मा जनयुद्धका बेथिति देखाइएको छ ।

यस्तै 'सेवा'मा राजनीतिज्ञले जनताको सेवा भन्दै ठगी गरिरहेको प्रस्ट पारिएको छ । 'सङ्कट'मा देश र जनतालाई समस्यामा राखेर राजनीतिज्ञले त्यसमै खेलेको तथा ' यात्रा'मा वेश्या र दल बदलु भ्रष्ट नेता उस्तै भएको देखाइएको छ । 'सङ्क्रमण'मा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रले गर्दा राज्यमा अन्याय, अत्याचार, चोरी, तस्करी र भ्रष्टाचार मौलाएको निष्कर्ष निकालिएको छ । 'निन्दा'मा राज्यमा जताततै निन्द्रालेले प्रश्रय पाएको तथा 'नाङ्गेझार'मा मन्त्री आदि ओहदामा बस्नेले कार्यालयमा आफ्नो नातागोताका मानिसलाई भर्ती वा काममा लगाएको देखाइएको छ । एक प्रकारको भ्रष्टाचार हो यो । 'आत्महत्या'मा मन्त्री बन्न बनाउन पैसाको चलखेल हुने गरेको देखाउँदै राजनीतिक भ्रष्टता तथा ' बन्धन'मा राजनीतिले गर्दा युवा वर्गको विवेक बन्धित भएको तर राजनीतिबाट अलग हुनेबित्तिकै त्यस्तो बन्धनबाट मुक्त भएको देखाइएको छ । 'शोकतन्त्र'मा जनतालाई शोकमा पारेर नेतृत्वले राज्यले ढुकटी लुट्ने गरेको तथा 'सुरक्षा'मा सहरभरि युद्ध चलेको वेला चिहानघारीमा लुकेर सुरक्षित भएको देखाइएको छ । 'तितो सत्य'मा सत्ताका आडमा गुन्डागर्दी हुने गरेको तथा 'गालीको सङ्कट'मा राजनीतिक दल गालीगलोजमा चलेको देखाइएको छ ।

कागजको मन्त्रीका आधाजसो लघुकथाले समकालीन सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गरेका छन् । ' कागज', 'आमा', 'सम्बन्ध', 'शङ्का', 'ईर्ष्या', 'विस्मृति', 'नयाँ प्रेम', 'महँगी देवी', 'हतियार', 'गोजी', 'नवअवतार', 'दान', 'आशङ्का', ' प्रत्यभिज्ञा', 'संयोग', 'एकान्त', 'प्रतिच्छाया', 'पैंचो', 'हल्ला', 'लाज', 'पासो', 'पखेटा' आदि त्यस्तै लघुकथाहरू हुन् ।

यीमध्ये 'कागज'मा जीवनमा जेजे भयो सबै कागजी भएको बताइएको छ । यसले उत्तरआधुनिक खासगरी पश्चिमी संस्कृतिको झल्को दिएको छ । 'आमा'मा आफूलाई दुःख गरेर हुर्काएकी आमालाई वृद्धाश्रममा राखी विदेशबाट वृद्धाश्रममा रहेकी आमालाई फेसबुकबाट जन्म दिनको शुभकामना दिई आफू पार्टी (भोज) गएको देखाइएको छ । 'सम्बन्ध'मा वैदेशिक रोजगारीको जोखिम देखाइएको छ । विवाह गरी श्रीमतीलाई घरमा छाडेर गएको मजदुरको काम गर्दागर्दै पचासौँ तल्लाबाट खसेर मृत्यु भएको छ । 'शङ्का'मा बिरामी लोग्नेले सपना र सम्झना उच्चारण गर्दा श्रीमतीले को हुन् ती भनी शङ्का गरेको देखाएर महिलाको शङ्कालु चरित्रको उद्घाटन गरिएको छ । 'ईर्ष्या'मा लिपिस्टकहरूका बिचको संवादका माध्यमबाट महिलाले महिलाकै ईर्ष्या गर्ने प्रवृत्तिको चित्रण गरिएको छ । 'विस्मृति'मा अंश र स्वास्थ्यसमस्या देखाइएको छ । बाबु र छोरा दुबै वृद्धाश्रममा रहेका छन् । नाति अमेरिकामा छ र ऊ अंश दिने भए देऊ नत्र अस्पतालको खर्च तिर्दिनँ भनी धम्क्याइरहन्छ। अल्जाइमर्सका रोगी बाबुछोरा (क्रमशः ९१ र ७० वर्षका) अस्पताल होइन, वृद्धाश्रममा पुगिसकेका छन् !

'नयाँ प्रेम'मा विवाह भई तीनवटा बच्चासमेत जन्माई विवाह भएको बिस वर्षपछि चिनजान भएको एक महिनामै नयाँ मान्छेलाई लोग्ने र प्रेमी मानेको देखाइएको छ । 'मूर्ख'मा श्रीमतीलाई नपढेकी र जागिर नखाएकी भनी आरोपित गरेकोमा श्रीमतीले पढेर र जागिर खाएर देखाईदिएकी, त्यसपछि बच्चा जन्माउन नसक्ने भनी आरोपित गरेपछि अर्कैसँग विवाह गरेर वर्ष दिनमै छोरा पाएको थाहा पाएर आफैँलाई मूर्ख भनी लोप्रे हात लगाएको देखाइएको छ । 'महँगी देवी'मा महँगी अत्यधिक बढेर आजित भएका सर्वसाधारणलाई त्यसबाट उन्मुक्ति दिन तिनैबाट चन्दा, भेटी र सामग्री लिएर महँगी देवीको मन्दिर स्थापना गर्ने र मन्दिरका माध्यमबाट अकुत कमाइ गर्ने घनचक्करको चित्रण गरिएको छ । 'हतियार'मा अहिलेका महिला खेलौना नभएर हतियार भएको देखाइएको छ । प्रभाकी छोरी राजधानी गएर दुई वर्षसम्म लिभिङ टुगेदरमा बसेकी तर केटाले छाडेपछि केटालाई ठिक पार्न बलात्कारको मुद्दा हालेको देखाइएको छ । यसले महिला हतियार भएको बुझाउन खोजिएको छ ।

'गोजी'मा धनाढ्य र सम्पन्न भएको ठान्ने मान्छेको निधन भएपछि गोजी खानतलासी गर्दा गोजीमा धनदौलत आदि नभई एउटा चिट भेटिएको जसमा भ्रम भजाएर आफूले गुजारा चलाएको लेखिएको देखाइएको छ । 'नव अवतार'मा नेताको भक्ति र परिक्रमामा तत्काल लाभ देखेर मानिसहरू देवभक्ति र मन्दिरको परिक्रमा गर्न छाडेर नास्तिक भएको विषयमा देवताहरूबिच छलफल हुँदा अब केही गर्ननसकिने निष्कर्षमा पुगेको देखाइएको छ । 'दान'मा अरूको अङ्ग आफूमा प्रत्यारोपण गरी अझ लामो बाँच्न

चाहने शक्ति, सत्ता र सम्पत्तिमा मदमत्त व्यक्तिको अन्तिम अवस्था हुँदा अङ्ग दान गर्न अनुरोध गर्दा कसैले अङ्ग दान गर्ननमानेको र मरेपछि उसैलाई महादानी, समाजसेवी, कुशल राजनेता तथा व्यापारी भनी समाचार र समवेदना छापिएको छ । यसले मृतकको बढी प्रशंसा गर्ने सामाजिक लोकाचार प्रकट भएको छ ।

'आशङ्का'मा युवाजोसमा प्रेमीप्रेमिका बन्ने विवाह गर्ने अनि अदालत पुगेर पारपाचुके (डिभोर्स) गरेका बाबुआमाका उदाहरण देखेर नयाँपुस्ता प्रेम गर्नुअघि झस्केको वा सशङ्कित भएको देखाइएको छ । ' प्रत्यभिज्ञा'मा श्रीमतीको मानसिक सन्तुलन ठिक नभई अनेक डाक्टरको औषधी खाँदा ठिक नभएकोमा पछिल्लो डाक्टरले दिएको त्यही औषधीले ठिक हुँदै गएको देखाइएको छ । पछिल्लो डाक्टरको स्पर्शले मात्रै ठिक भयो । वस्तुतः ती स्कुले साथी रहेको र केटा डाक्टरी पढ्न विदेश गएकाले केटीलाई बाआमाले करकापमा पारी विवाह गरिदिएकाले मानसिक असन्तुल भएको देखाइएको छ । 'संयोग'मा संयोगले भेट, प्रेम, विवाह, बच्चा, पारचुके, प्लेनमा भेट र दुर्घटना, दुर्घटनाबाट बचेकाले पुनः प्रेम अनि ट्याक्सीबाट घर र ट्याक्सी दुर्घटनामा परी मृत्यु भएको कुरा प्रेमिकाबाट सुनेर प्रेमीले हामी दुईबिचको सम्बन्ध आजैदेखि सकिएको घोषणा गरेको देखाइएको छ । लघुकथाले भावनामा बगेर निर्णयमा पुग्ननहुने सन्देश दिएको छ ।

'प्रतिच्छाया'मा एक क्रान्तिकारीको कथा छ । देश र जनताको अनुहार उज्यालो पार्ने भन्दै आन्दोलनमा लागेको क्रान्तिकारी लन्डनस्थित भारतीय साहुको रेस्टुरेन्टमा भाँडा माझ्ने काम गर्दै गर्दा वेला वेलामा पहिलेको क्रान्तिभाव उठ्ने गरेकोमा एक दिन भाँडाकुँडा बजारेको देखेर साहुले कामबाट निकालिदिएको देखाइएको छ । ' हल्ला'मा चिहानघारीको शान्ति पनि भङ्ग भएको देखाइएको छ । 'लाज'मा सीताकी छोरी लिव इन रिलेसनसिपमा बसेकी भनेर पँधेर्नीहरूले कुरा काटेको, सीताले यसको अर्थ नबुझी दङ्ग परेको र छोरी रखेल्नी भन्दा तल्लो दर्जामा रहेको अर्थ बुझेपछि लाजले निथ्रुक्क भिझेको देखाइएको छ । 'पासो'मा महिलाहरू युवाहरूलाई तह लगाउने हतियार भएको देखाइएको छ, 'हतियार'मा जस्तै । 'पैंचो'मा लोग्ने र स्वास्नीबिचको सम्बन्धलाई विषयवस्तु बनाइएको छ। यहाँ थोरै फ्यान्टासी छ। लोग्ने चोरी हुनथालेकाले त्यसलाई रोक्न पैंचोप्रथा चलाउने स्वास्नी सङ्घले बहुमतले पारित गरेको, तर अध्यक्षलाई चित्त नबुझी टेबल ठोक्दा सँगै सुतेको लोग्नेको छातीमा लागेर अस्पताल जानुपरेको, अस्पतालबाट डिस्चार्ज भएपछि ज्यान मार्ने उद्योग गरेको भनेर स्वास्नीका विरुद्ध जाहेरी दिएकोजस्तो घटनाबाट लोग्ने स्वास्नीबिचको तित्त वा कटु सम्बन्धलाई प्रस्ट्याइएको छ ।

कृष्ण बजगाईं मानवीय सूक्ष्म मनोवृत्ति

केलाउन खप्पिस छन् । उनको 'पखेटा'मा न्युयोर्कको अस्पतालमा रहेको रोगी (मानसिक रोगी) पतिको उपचार खर्च जुटाउन रातमा ओभर टाइम काम गरेको देखाइएको छ । 'भ्रम' शीर्षकको लघुकथामा एक मानसिक रोगीको चित्रण छ । प्रेम, सम्पत्ति, राजनीति, साहित्य, कला आदि क्षेत्रमा सपना देख्ने वा केही गर्नखोज्नेले आफ्ना त्यस्ता सपना पूरा गर्ननसक्ने भएकाले त्यस्ता सपनाको हत्या गर्ने गरेका छन् । यस्तै सपनाको हत्यारा (म पात्र) यहाँ अस्पतालमा उपचार गराइरहेको देखाइएको छ । 'एकान्त'मा शान्तिका लागि एकान्तमा रहँदा एकाङ्कीले खोतली खोतली एकान्तमा बस्ने प्रयोजन वा कारण खोजेको देखाइएको छ ।

'सदृश'मा भ्रष्टाचारको चित्रण छ । सपनामा मालपोत कार्यालय, व्यापारी, सत्ताधारी पार्टीको कार्यालय, जुवा, भट्टी, प्रहरी चौकी पुग्दा ठग, दलाल, अतृप्त र लोभी आफ्नै आत्मा वा अनुहार त्यहाँ देखेको घटनाविवरणबाट यी स्थल भ्रष्टाचारका अखडा भएको सङ्केत गरिएको छ । 'हरियाली'मा कोरोनाकालमा वृक्षरोपण गरी हरियाली बनाउने गरी छुट्याएको अरबौंको बजेट फ्रिज हुने चिन्ता रहेकोमा साइबर सल्लाहकारका सल्लाहबमोजिम सो रकम फेसबुक प्रोफाइल पिक्चर बनाउने, होर्डिङ बोर्ड राख्ने, कार्यालयका पुराना पर्दा र कार्पेट हटाएर हरियो रङका नयाँ पर्दा र कार्पेट लगाउने, हरियो रङका बिजुलीबाट चल्ने गाडी किन्ने आदि कार्यक्रम तय गरिएकाले मन्त्री, सचिव र कार्यालय प्रमुखहरूको मनमा हरियाली छाएको देखाइएको छ ।

'शिक्षा'मा नेपालको गलत शिक्षा नीतिले गर्दा वैदेशिक रोजगारीमा जानुपर्ने वाध्यता देखाइएको छ । आमाको उपचार गर्न र पुरानो ऋण तिर्न विद्यार्थी बिदेसिएको तथा राजनीति र क्रान्तिमा लागी सम्पत्ति सकिएर शिक्षक बिदेसिएको तथा दुबैको भेट विदेशको मासु कारखानामा भएको अनि कामको समयमा गफ गरेको सुनेर सुपरभाइजरले हप्काएको देखाइएको छ । 'ई-क्रान्ति'मा प्रविधिको प्रयोग गरी क्रान्ति गर्ने कुरा छ । क्रान्तिकारीहरूको भर्चुअल बैठकमा विदेशी ह्याकरको सहयोग लिएर फेक न्युज फैलाउने, वेबसाइट, इमेल, सामाजिक सञ्जालका सारा एकाउन्ट ह्याक गरेर सरकार र विरोधीहरू माथि विजय पाउने योजना बनाइएको छ ।

लघुकथा सिद्धान्तका दृष्टिबाट हेर्दा **कागजको मन्त्री**का अधिकांश लघुकथा अब्बल देखिन्छन् । लघुकथाको आयाम छोटोछरितो हुन्छ । यता आएर लघुकथालाई अढाइ सय या बढीमा तीन सय शब्दसीमा कायम गरिएको छ । यस सङ्ग्रहका लघुकथा यही सीमाभित्र छन् । बाह्य दृष्टिविन्दुको प्रयोगमा बजगाईंको रुचि देखिन्छ । संवादको यथेष्ट प्रयोग भएको छ । यसले नाटकीयता थपिएको छ । संवादमा सिङ्गल इन्भर्टेड कमा दिइएको छ ।

लेखक विदेशी भूमिमा रहे पनि अधिकांश लघुकथाको मुख्य परिवेश नेपालको छ । केही ठाउँमा बाहेक परिवेशको चित्रणमा लेखक

उदासीन रहेका छन् । लघुकथा छोटोछरितो हुने हुँदा यसमा परिवेश वर्णनका लागि समय र ठाउँ कमै हुन्छ । लघुकथामा पात्र कम हुनुपर्ने हुन्छ । यहाँ पनि थोरै पात्रबाट काम चलाइएको छ । कथावस्तुले मागेका ठाउँमा त्यहीबमोजिम पात्रहरू रहेका छन् । यसमा लेखक सचेत देखिन्छन् । 'सम्बन्ध'मा लोग्ने स्वास्नीलाई नट र बोल्ट भनिएको छ । 'किचेन क्याबिनेट'मा आलु, भान्टा, भिन्डी, खोर्सानी, करेला, फुलगोभीलाई तथा 'महँगी देवी'मा महँगीलाई पात्रका रूपमा उभ्याइएको छ ।

लघुकथामा यसको आरम्भ र अन्त्य महत्त्वपूर्ण हुन्छ । अकस्मात् आरम्भ र हठात् अन्त्य यसको विशेषता हो । **कागजको मन्त्री**का लघुकथामा यस्तै पाइन्छ । अनावश्यक वर्णनका लागि यहाँ कुनै ठाउँ हुँदैन । यहाँ वादी बस्ती (वादी), समस्यापुर (सङ्कट), भक्तिपुर (सङ्क्रमण), निन्दापुर (निन्दा), शोकपुर (शोकतन्त्र), गालीपुर (गालीको सङ्कट), भ्रष्टपुर (भ्रष्ट)जस्ता निर्मित स्थाननाम प्रयोग भएको छ । 'ईर्ष्या'मा विभिन्न रङ्गका लिपिस्टिकहरू पात्र रहेका छन् ।

कागजको मन्त्रीका लघुकथाको भाषा मानक नेपाली हो । भाषा सहजबोध्य, प्रवाहशील अर्थात् सलल्ल बगेको छ । छोटा छोटा वाक्य र अनुच्छेद रहेका छन् तर दाँतमा ढुङ्गा लाग्नेगरी छपाइसम्बन्धी अशुद्धि रहेका छन् । उदाहरणका लागि देखाउ (पृ.९), बत्ति (पृ.१०), गाँस, रमाईस् (पृ.१३), उ (पृ.१४), आशिर्वाद, सिमा, ईमान्दार (पृ.१५), अस्विकार (पृ.२४), तलाई (पृ.२५) आदिलाई लिनसकिन्छ । केलाउँदै जाँदा **कागजको मन्त्री** एक उत्कृष्ट लघुकथा कृति ठहरिन्छ । यसमा ५२ लघुकथा छन् । यिनमा समकालीन समाज र राजनीतिको विद्रूप यथार्थलाई छर्लङ्ग पारिएको छ । राज्यको मूल नीति राजनीति नै भ्रष्ट भएपछि राज्य र राज्यका हरेक पक्ष समाज, शिक्षा, स्वास्थ्य आदि क्षेत्र त्यसैगरी विकृत हुँदै जानु स्वाभाविक छ । मन्त्री, नेता र तिनका आसेपासे भ्रष्टाचारमा लिप्त छन् । सर्वसाधारण गाउँ, ठाउँ र देश छाडेर पलायन हुन विवश छन् । जतातै दलालको चकचकी र जगजगी छ । तिनकै चाँदी कटाइ छ । समाजमा राज्यको यो भ्रष्ट र हरितन्नम् नीतिको प्रस्ट छाया छ । यस्तै यी लघुकथामा पश्चिमा र साइबर संस्कृतिको हावाले पनि छोएको देखाइएको छ । आफ्नो परम्परा र संस्कृति छाडेर अरूको हाहामा लाग्दा समाज दुर्घटित भएको छ । परिवार विघटित भएको छ । आपसी विश्वास र समझदारी खलबलिएको छ । वस्तुतः यी लघुकथामा सामाजिक तथा राजनीतिक यथार्थको अभिलेखन भएको छ भन्नसकिन्छ । यी लघुकथा आदि र अन्त्य मिलेका, छोटाछरिता, घतलाग्दा तथा मार्मिक पनि छन् । बजगाईंका यसअघिका लघुकथाभन्दा यी लघुकथा अझ उच्चकोटिका र खारिएका देखिन्छन् । यिनमा मन्द हास्य र भित्तै लाग्नेगरी चोटिलो व्यङ्ग्य छ त्यसैले नेपाली लघुकथाका विकासमा **कागजको मन्त्री**ले विशिष्ट स्थान राख्ने देखिन्छ ।

जन्मस्थलसँगको पुनर्मिलन

❖ गणेश घिमिरे 'मार्मिक'

'जननी, जन्मभूमिश्चः स्वर्गादपि गरीयसी' भनेर यसै भनिएको त कहाँ रहेछ र ! आफूले पहिलोचोटि धर्ती टेकेको माटो, बालापनमा हिँडेको बाटो अनि जीवनको एउटा रमणीय पाटो सबैभन्दा प्रिय लाग्दो रहेछ । सुखसुविधाको खोजीमा भौंतारिँदै त्यस्तो प्रिय स्थल छोडेर मधेसिएको अनि मधेसबाट पनि जीवन खोज्दै राजधानी सहरतिर धसिएको समय जोड्दा पचास वर्ष व्यतित भइसकेछ । आधा शताब्दीको यति लामो समयम्म बिरानिएको आफ्नो जन्मस्थल अनि पितापुर्खाले जीवन गुजारेको त्यो हौंचुरको सम्झनाले कहिल्यै पिछा गर्न छोडेन । एकै पटक भए पनि कहिले टेकूँ हौंचुरको माटो र कहिले साक्षत्कार गरूँ जन्मिएको, हुर्किएको हौंचुरसँग भन्ने हुट् हुटीले सताएको धेरै वर्ष भइसक्ता पनि त्यस हुटहुटीलाई साकार बनाउने साइत भने जुरेको थिएन । परिवारका सबै सदस्यहरू मिलेर हौंचुर जाने सल्लाह गर्दागर्दै भ्यागुताको धार्नी कहिल्यै पुगेको थिएन । समय सबैभन्दा बलवान् हुन्छ भन्ने कुरा साँच्चै हो रहेछ, यसपालि (२०८० वैशाख २१-२३) समयले हामीलाई त्यो चाहना पूरा गर्ने अनुमति दियो ।

'हौंचुर' नाम सुन्दा अलि अनौठो लाग्नसक्छ अन्यत्रका मानिसहरूलाई । किनभने यो नाम नै अलि अप्ठेरो र अनौठो छ । कारण यसको नामाकरणसम्म पुगेर खोज्नुपर्ने हुन्छ । यो पङ्क्तिकारले सुनेअनुसार उक्त स्थान किराँतवंशी राजा 'हाङ'को किपट अर्थात् किराँत भाषामा किपटलाई 'चुर' भनिन्थ्यो रे । यसरी हाङको चुर भएकाले हाङ्चुर भन्दाभन्दै शब्द अपभ्रंश हुँदै ' हौंचुर' भएको भनिन्छ । यथार्थ के हो त्यो अनुसन्धानकै विषय हो । यो गाउँ पहिलेको पूर्व ३ नं. ओखलढुङ्गा जिल्लाअन्तर्गत भए पनि पछि खोटाङ जिल्लामा पर्ने एउटा गा.वि.स. थियो र हाल यो गाउँ रावाबैंसी गाउँपालिका वडा नं.६ भएको रहेछ । रावा खोला यहाँको प्रख्यात खोला भएकाले यस गाउँलाई पहिले पूर्व ३ नं. रावा हौंचुर भनिन्थ्यो र अहिले हौंचुर, कुभिण्डे, खार्पा, लामिडाँडा र डुम्रे गाविस मिलाएर निर्माण भएको नयाँ गाविसको नाउँसमेत यही रावा खोलाको नामसँग जोडिएर आएको पाइन्छ ।

'खोटाङको मधेस' विशेषणले समेत चिनिने हौंचुर ज्यादै मलिलो, सुन्दर गाउँ त हुँदै हो, हौंचुरका बारीमा फलेको मकै, कोदो र हजारमुरे हौंचुरबैंसीको उब्जनी धान त्यस भेकका सबैको चुल्होमा फत्किने अन्न

बन्नपुगेको पाइन्छ । यस्तो सहकारी गाउँ जसलाई आफ्नो जन्मभूमि र पुख्र्यौंली थलो भन्नपाउँदा गौरव महसुस हुन्छ । हौंचुरको हुँ भन्नासाथ कार्की, घिमिरे वा नेपाल के हो ? भनेर सोधिने गरिएको प्रश्नले हौंचुरमा कार्की, घिमिरे र नेपालहरूको प्रभुत्वको सङ्केत गर्दछ । त्यसो त त्यहाँ यी तीन थरबाहेक श्रेष्ठ, भुजेल, बरुवाल, गुरुङ, राई, दर्जी, विश्वकर्मा, एक घर लिम्बूसमेतको बसोवास छ । त्यसो त घिमिरेले कुशबिर्ता प्राप्त गरेका चार बिर्तामध्येको एक बिर्ता हो हौंचुर ।

यस्तो परिचय र पहिचान बोकेको हौंचुरको पारिवारिक यात्राको तालमेल जुटाउने भाइहरू राजकुमार, दिनेश, दिपक, मनोजको सक्रियता र व्यवस्थापनमा सार्थक बनेको हाम्रो हौंचुरयात्रा सम्वत् २०८० वैशाख २१ गते हामी ठुलाघरेखाल (यज्ञनिधि घिमिरेका सन्तान)मध्ये तीन पुस्ताका २७ जना पुख्र्यौंली थलो हौंचुर पुगेर पुर्खाप्रति श्रध्दाञ्जली र सम्मान व्यक्त गर्ने उत्साह र उमङ्ग बोकेर एउटै बसमा बिहान सात बजे भक्तपुरको कौशलटारबाट प्रस्थान गर्‍यौं । त्यसो त यो यात्रालाई हौंचुरे घिमिरेहरूको सहयात्रा बनाउने हाम्रो लक्ष थियो तर संयोगले ठुलाघरेखालको मात्र यात्रा बन्नपुग्यो । तथापि ठुलाघरेखालका पनि केही परिवार यस यात्रामा सहभागी हुनसकेनन् । पशुपति घिमिरेको परिवार, मेदनी घिमिरे तथा पुण्यप्रसाद घिमिरेको परिवारको यस यात्रामा सहभागिता रहेन भने दुईजना बहिनीहरू मातृका र तारा (भावना)लगायत ठुलो ज्वाइँ गौरीशंकर भण्डारीबाट गोविन्द घिमिरेको परिवारको प्रतिनिधित्व भयो ।

यस यात्रामा अन्य सहभागी कुल सत्ताइसजनामध्ये गजाधर घिमिरेका सन्तानहरूकै बाहुल्य थियो । पहिलो पुस्ताका डम्बर-माधुरी, दोस्रो पुस्ताका गणेश-रेखा, रमेश-अनिता, लिलाहरि-सुनिता (क), राजकुमार-सुनिता(ख), दिनेश-विद्या, उद्धव-नर्वदा, सुशील-रीना, दिपक-सुवर्णा, मनोज, जानुका र प्रेमुकाको सहभागिता थियो भने तेस्रो पुस्ताका छोरीहरू डेनिसा, योजना र आयोजनाले पनि पुख्र्यौंली थलोको दर्शन गर्ने अवसर प्राप्त गरे । हामी हौंचुर जाने योजना बनेपछि २० गतेसम्मको अविरल वर्षातले गर्दा यात्रा स्थगित गर्नुपर्ने हो कि भन्ने सोचमा पुऱ्याए पनि हाम्रो हार्दिक चाहनालाई वर्षातको भयले पूर्णविराम लाग्न दिएन ।

सम्वत् २०८० वैशाख २१ गते बिहीबार बिहान ६ बजे प्रस्थान गर्ने योजनामा टोलीका केही सदस्यको ढिलासुस्तीका कारण हामी बिहानको ठिक सात बजे भक्तपुरको कौशलटारबाट पच्चिसजनाको टोली हौंचुरका लागि प्रस्थान गऱ्यो । रेखा (मेरी जीवनसँगिनी) र म बिहान पाँच बजे नै तयार भएर गाडीको प्रतीक्षामा बसेका थियौं । म त आफ्ना पुर्खाहरूले जीवन बिताएको र मेरो जन्मभूमि पनि भएकोले पचास वर्षपछि हौंचुरसँगको साक्षात्कारका लागि उत्ताउलो भएकै थिएँ मेरी धर्मपत्नी रेखाजी पनि पो मलाई नै उछिन्ने गरी उत्साहित भएकी देखेर

मलाई रमाइलो लाग्यो । सायद उनको म र मेरा पिता पुर्खाप्रतिको अपनत्व र हार्दिकता थियो त्यो । मलाई यस्तै लाग्यो ।

हाम्रो गाडी हामीलाई बोकेर बनेपा, धुलिखेल, काभ्रे भन्ज्याङ, भकुण्डेबेँसी, मङ्गलटार आदि स्थानहरू छिचोल्दै हुइँकिइरहेको थियो भने हौँचुर पुग्न पाउने हाम्रो खुसी गीत, सङ्गीत र नृत्य (गाडीभित्रै) मा छर्चाल्किइरहेको थियो । हाम्रो पूर्वथलो झापा, मोरङ जाने बि.पी.राजमार्गबाट देखिने बाहिरका दृश्यहरू हाम्रालागि नौला नभएको कारणले होला सायद ती दृश्यहरूले हाम्रो मन तान्नसकिरहेका थिएनन् । हाम्रो मन त पुर्ख्यौली थलो हौँचुरले तानिसकेको थियो । हलेँसी धाम हुँदै जाने र फर्किँदा हलेँसी महादेवको दर्शन गर्ने योजनाले हामीलाई झनै पुलकित बनाएको थियो । हामी सँगसँगै समानान्तर दिशामा बग्ने इन्द्रावती र तामाकोसीको सहयात्राले हामीलाई साथ दिइरहेकै थियो ।

सिमसिमे झरीकै वातावरणमा हाम्रो यात्रा निरन्तर थियो । सायद यही वर्षातका कारणले हुनसक्छ इन्द्रावती धमिलिएकी थिइन् । खुर्कोटनेर पुगेर धमिलिएकी रोसीले अर्कोतिरबाट आएकी तामाकोसीसँग अँगालो हालिन् र तामाकोसीलाई पनि क्रमशः आफूजस्तै धमिल्याएको हामीले देख्यौँ । यस दृश्यले मेरो मनमा कता कता हिर्कायो । जुनसुकै पनि धमिलो चिजले सङ्लोलाई पनि धमिल्याउन बेरै नलाग्दो रहेछ । मात्रात्मक रूपमा आफूजस्तै बनाउननसके पनि धमिल्याउन चाहिँ सक्ने रहेछ भन्ने विश्लेषणमा पुग्यायो । यो कुरा नदीको धमिलोपनसँग मात्र सीमित नरहेर विचार, सिद्धान्त, सङ्गत, व्यवहार आदि धेरै कुरासँग सम्बन्धित हुने विश्लेषणभित्र म हराएँछु । यस कुरालाई मैले देशको वर्तमान परिवेशसँग पनि तुलना गरेँ । भित्र नमिठो पनि लाग्यो । जतिसुकै बेवास्ता गरौँ भन्दा पनि राष्ट्र, राष्ट्रियता, विकास र समृद्धिप्रतिको चिन्ताले नजानिँदोगरी हामी सचेत नागरिकहरूको मनलाई गाँजिरहेकै हुने रहेछ । मैले यस्तै महसुस गरेँ ।

एकैचोटि कुशेश्वर महादेवस्थानमा पुगेर हाम्रो गाडी महादेवको मन्दिरतर्फ मोडियो । अरू वेलाको यात्रामा परैबाट कुशेश्वर महादेवलाई हात जोडेर अगाडि हुइँकिने गरेका हामी यसपटक भने नजिकै पुगेर कुशेश्वर महादेवको दर्शन गर्‍यौँ । दर्शनपछि सडकमा निस्किएर चियानास्ता गर्ने हाम्रो योजना त्यहाँको एक मात्र होटलमा खाना खाने मानिसहरूको भिडभाड र चियानास्ताको अनुपलब्धताका कारण असफल भयो । यस कारण हामी खुर्कोटबाट पारि तरेर बि.पी.राजमार्गलाई दाहिनेतिर बाइ बाइ गर्दै लाग्यौँ बायाँतिर । बाटो हामीले सोचेजस्तो राम्रो रहेनछ । ठाउँ ठाउँमा भत्किएको, खोपिल्टिएको र चर्किएको सडकको दूरावस्थाले यात्रालाई केही असहज बनाए पनि हाम्रो पारिवारिक भ्रमणको

मिठासलाई भने फिक्का बनाउन सकेन। हामी रमाइला गफगाफ र साङ्गीतिक माहौलमा रमाइरह्यौं।

बाटोले हामीलाई पछ्याइरह्यो, दायाँबायाँका दृश्यहरू हामीलाई मार्गप्रशस्त गर्दै पछिल्तिर दौडिइ नै रहेका थिए। दायाँतर्फ रोसी, इन्द्रावती र तामाकोसीको संयुक्त रूप बनेर सुनकोसी आफ्नै धिमा गतिमा हामी सँगसँगै अविरल बहिरहेकी थिइन् । अघि इन्द्रावतीले धमिल्याइएकी सुनकोसीको जल जति दूरी तय गऱ्यो उति सङ्लिँदै गइरहेको र निक्कै पर पुगेर पूरै सङ्लिएको देखेर मेरो केही बेरअघिको विश्लेषणले आफ्नो परिभाषा बदल्यो। लाग्यो- धमिलोपन अर्थात् खराब विचार, व्यवहार, सिद्धान्त आदि कुराहरूको आयु त्यति लामो नहुँदो रहेछ जो असलको सङ्लोपनसँग आखिरमा सङ्लिन बाध्य हुने रहेछ । एकै छिनअघि आफ्नो प्रभुत्व जमाएको इन्द्रावती अहिले सुनकोसीमा मिसिएपछि आफैं प्रभावहीन देखिएको थियो। तथापि सहयात्रालाई भने निरन्तरता दिइ नै रहेको थियो। लाग्यो- प्रकृति मानिसझैं स्वार्थी नहुँदो रहेछ जो विचार र अस्तित्वका लागि साथ छोडेर सहयात्रीलाई धोका दिएर छुट्टिन्छ!

घुर्मीमा हाम्रो टोलीमा दुईजना सदस्यहरू सुनिता (क) र छोरी डेनिसा थपिनेवाला भएकाले हामी घुर्मी पुग्ने उत्सुकतामा पटक पटक घुर्मीको आगमनमा झुक्किइरहेका थियौं । चारपल्ट घुर्मी आयो, घुर्मी आयो भन्दै बल्ल घुर्मीमा पुगियो र गाडीमा तेल हाली हामी सुनकोसीको पुल तरेर पारिपट्टिको हर्कपुरमा पुगेर खाना खानलाग्यौं । थपिने विराटनगरबाट आएका दुई सदस्य पनि त्यहीं थपिए । हर्कपुरको होटलमा माछा र भात त खाइयो तर गोलभेँडाका खोस्टा र रातो झोलभित्र हराएका माछाका ३ टुक्राबाहेक रसमा माछाको गन्ध पनि थिएन । तैपनि माछाको झोल भन्दै सम्झिएर भात खायौं । थपिएको माछाको रसमा त झनै माछाको संसर्ग नै नभएको अनुभूति भयो। यसपछि हामी थपिएका दुई सदस्यसमेत लाग्यौं जयरामघाटतर्फ उकालो। जयरामघाटमा दुधकोसीको पुल तरेर हामी अकण्टक उकालो चढ्दै हलेँसी, अर्खौले हुँदै सजिलो पक्की सडकलाई दायाँतर्फ छोडेर बिजुलेको जङ्गल हुँदै साँघुरो, ढुङ्गे कच्ची र अति कहालीलाग्दो बाटो तय गर्दै लामिडाँडाको हवाइ मैदान हेर्दै ओरालो लाग्यौं।

आहा ! कति छिट्टै हामी रावावैंसी गाउँपालिका (जसमा हाम्रो हौंचुर पनि समावेश छ अहिले) आइपुगियो भनेर पुलकित भयौं । निकै कष्टपूर्ण यात्रा तय गर्दै हामी चढेको गाडीले हामीलाई लामिडाँडा, खार्पा छिचोल्दै कुभिण्डेको पुछारमा अवस्थित हरमटार पुऱ्यायो । त्यहाँ हामीले पूर्व हौंचुरवासी हाकु नेवारका छोरा कुमारकी छोरी चिनाले सञ्चालन गरेको श्रेष्ठ होटलमा रात बिताई भोलिपल्ट बिहान सात बजे त्यहाँबाट हौंचुर खोला तरेर हौंचुरको

भैंसे, कट्टी हुँदै आफ्नो पुख्यौंली थलोमा पुग्यौं । त्यहाँ पुग्दा सबैभन्दै म पनि आफ्नो जन्मथलो पुग्नपाएकोमा निकै उत्साहित भएँ तर पहिले आफू हिँडेका बाटा गोरेटा र गल्लीहरूको अस्तित्व मेटिएर नौलो बनेको हौंचुरले न मलाई सजिलै चिन्यो, न त मैले नै उसलाई सजिलै खुट्याउन सकैं । तैपनि अतितको स्मरण जगाउँदै म सबैलाई त्यस ठाउँको परिचय गराउँदै गएँ किनकि टोलीमा हौंचुरलाई यसअघि चिन्नेजान्नेहरूमा डम्बर काका र म मात्र थियौं ।

त्यहाँ सिएम श्रेष्ठका पिताजीले हाम्रै प्रतीक्षा गरेर बस्नुभएको रहेछ । उहाँले नै हाम्रा अहिले हौंचुरमा रहेका एक मात्र घिमिरे जो नाताले हाम्रा हजुरबा पर्नुहुन्छ तर मेरा पहिलेका सहपाठी र दौंतरी चेतनाथजी थपिएर हाम्रो मार्गदर्शक बन्नुभयो । हामी त्यहाँ पुग्दा उहाँहरू ज्यादै खुसी अनि उत्साहित देखिनुहुन्थ्यो र उत्तिकै आत्मीय र सहयोगी पनि । उहाँहरूकै मार्गदर्शनमा हामी छेउघरे चेतनाथजीको घर, टारबारी (अहिलेको टारी खेत) हुँदै टारालीको घरआँगनमा निस्कियौं । टारालीघरमा वीरबहादुर कार्की बस्नुभएको रहेछ र टारबारीको दक्षिणपूर्वमा अर्को एउटा नयाँ घर थपिएको देखियो । हाम्रो घरमुनि आमाले रोप्नुभएको एकबित्ता लामो र टुप्पो घुम्रिएको असाध्य मिठो चिनी आँपको बोटमुनिको गरोबाट कुदेको मोटरबाटो हुँदै अपरिचितजस्तो बनेको गल्लीबाट हाम्रो पुख्यौंली घरको आँगन टेकेर सन्तुष्टिको लामो स्वास लियौं ।

मेटिएछन् मेरा पाइलाका डोबहरू
साँघुरिएछन् गल्ली र गोरेटाहरू
फेरिएछ गाउँको अनुहार
अनि बिरानिएछन् बारी र कान्लाहरू!

विकासको नाउँमा आफ्नो मौलिक पहिचान गुमाएर गौरवान्वित भएको मेरो हौंचुरले सायद मलाई चिन्नसकेन या मैले उसलाई चिन्नसकिँनण्द्दृढ तैपनि हामीबिचको पुरानो साइनोले हामीलाई एकअर्कामा यति बलियोसँग बाँध्यो कि हामी छुट्टिनै गारो पऱ्यो । हौंचुरमा पुगेपछि मेरो मनमा विगत नाच्नथाल्यो । भावना छचल्किन थाल्यो । म जन्मिएको घर जो गाउँभरिको ठुलो घर भएकाले हामीलाई ठुलाघरे भनेर चिनिन्थ्यो । त्यसमा पनि हामी जिम्मावाल परिवार भएकाले ठुलाघरे मुखियाको विशेषण पनि पाएका थियौं हामीले । उक्त घर भत्काएर सोही घडेरीमा बरण्डा थपेर अलि सानो घर निर्माण गरिएको रहेछ । नयाँ बनाइए पनि त्यहाँ प्रयोग गरिएका थाम उही, निदाल, दलिन र मुसीहरू उही, काठको भऱ्याङ उही र पूरै घरको स्वरूप नै उही भएकाले त्यस घरसँग हाम्रो भावनात्मक साइनो प्रगाढ भयो । म बालापनको संस्मरणमा हराएँ ।

उक्त घरका हालका मालिक चौतारे काहिँला श्रेष्ठ हाल काठमाडौंतिरै बस्ने भएकाले घरको रेखदेखको जिम्मा पाएका हरि श्रेष्ठ, हस्त श्रेष्ठलगायत वीरबहादुर कार्की, नरबहादुर श्रेष्ठहरूले हामीलाईं खानपिन तथा

अन्य व्यवस्थापनमा सहजता थपिदिनुभयो भने अन्य गाउँले महिला दिदीबहिनीहरूले दाउराको व्यवस्था अनि सरसफाइ आदिमा साथ दिएर हामीप्रतिको सद्भावको परिचय दिनुभयो । त्यही आँगन, त्यही तुलसाको मोठ जहाँ हाम्रा पुर्खाहरूले आफ्नो पहिलो पाइला राखे र अन्तिम श्वास लिए त्यहाँ उनीहरूकै मुक्तिको कामना गर्दै सत्यनारायणको पूजा लगायौँ । पुरेतको व्यवस्था चेतनाथ हजुर बुबा र उहाँका ज्येष्ठ सुपुत्र खेम काकाले गरिदिनुभएको थियो- डाँडाघरे ढुण्डिराज नेपाल । पूजापछि त्यहीं खाना पकाएर सबैले खायौँ र गाउँ घुम्यौँ हामी ।

गाउँ त घुम्यौँ तर मोटरबाटोले विस्थापित गरेका ती हामी पहिले हिँडेका बाटा, गोरेटाहरू; ती काली र माझी आँपका बोट भएको स्थान, ती खुल्ला र घमाइला ठुलो पाटो, सानो पाटो जो अहिले जङ्गलको रूप धारण गरेर नौलिएका थिए भने त्यो पँधेरा जाने बाटो, पिपलडाँडा र अस्तित्वको लडाइँमा बिरानिएको पँधेराको तितिरे धारो, पाउँदुरी पाखो, भिउसिने चौतारो, सानो चौतारो, पिपलडाँडो, गौँथले ओढार अनि खेतको रूप धारण गरेर बिरानिएको टारबारी, घरमास्तिरको तेर्सो गोरेटो, कुलपूजा गर्ने थान आदि सबै सबै रूप र आकार परिवर्तन गरेर मसँग लुकामारी खेलिरहेका थिए । मैले संस्मरणलाई जगाएर ती सबैलाई क्रमशः दृयाप्पा मार्दै । सायद मलाई किन छोडेर हिँडिस् ? भनेर मेरो जन्मस्थलले मप्रति चित्त दुखाएर होला आफूले बाल्यकाल बिताएका ती बारी, कान्ला, बाटा, गोरेटा, गल्ली, पँधेरा र चौताराहरू रहरका गहना नकिनिदिँदा श्रीमतीजी ठुस्किएजस्तै गरी मसँग ठुस्किएझैँ लाग्यो, रिसाएझैँ लाग्यो र बिरानिएझैँ पनि लाग्यो । यसरी आफू जन्मिएकै माटो र बाटो आफूसँग बिरानिएको देखेर म खिन्न भएँ । काठमाडौँबाट बोकेर गएको हौसला चिसियो र मनमा कता कता बिरानोपन मिसियो । तथापि आफैँले जन्मस्थल छोडेर हिँडेको हुँदा यसलाई अन्यथा भने मैले लिने कुरै भएन ।

पँधेरा जाँदा बाटोमा पर्ने पिपलडाँडो पनि नाङ्गिएछ बिचरा ! त्यहीं उभिएर पारीपट्टि छर्लङ्ग देखिने जुँडी महादेवस्थानको तस्बिर लिएँ मैले आफ्नो आइफोन सेभेनको क्यामेरा जुम गरेर । पहिलेको अनकन्टार पाखोमा गुफा वरिपरि बाराबेरासहितको बाटो खुट्किलाहरूको निर्माण अनि गुफाको मुखमा रहेको आँगन निलो जस्ताले सजिसजाउ गरिएछ । हाम्रै घरको आँगनबाट देखिने हजारमुरे हौँचुरबैँसी अहिले पनि त्यस भेकको अन्न (धान) भण्डारको पहिचान बोकेर बाँचिरहेको देखिन्थ्यो । त्यही बैँसीको बिच भागमा उभिएको चुच्चेढुङ्गो उस्तैगरी ठडिइ नै रहेको देखिन्थ्यो भने घिमिरेका बुढाथानी आफ्नो अस्तित्व देखाउँदै थिए ।

तल रावा खोलाले पनि सायद हामी त्यहाँ पुगेको थाहा पाएछ क्यारे खुसीले स्वाँ..... गरेर ठुलो ठुलो स्वर गरेर हामीलाई सुनाउँदै सुसाइरहेको थियो । तल देखिने भुतिया जहाँ ठुली एकादशीमा मेला लाग्दथ्यो र फूल ताथ्यो रावा खोलामा, त्यो देखेर मेलामा हाक्पारेमा

घन्किएको मादलको घिन्ताङ घिन्ताङ मेरो कानमा गुञ्जिएझैं लाग्यो । रावाखोलाभन्दा पारिपट्टि देखिने च्यान्टार, चिनेस्वाँरा, दुबेकोल, डुम्रे, बेब्ला, पातेल, माक्पा, इलिम, भदौरे, सम्झना आदि गाउँहरूले पनि हामीलाई चिनेजस्तै गरी हेरिरहेझैं लाग्थ्यो । मैले कक्षा सात अध्ययन गरेको पारि देखिने ऐसेलुखर्कको हाटखोलाको डिल मेरो पुरानो मित्रतालाई सम्झाउँदै थियो । साँच्चै कति हार्दिक हुन्छ हो कि बालापनसँगको क्षण ! उही २०२७-२८ सालतिर पुर्गै म संस्मरणको जहाज चढेर ।

पण्डित हजुर्बाको घर, गल्लीमुनि हजुर्बाको घर, पस्पति हजुर्बाको घर मतान, बिदुर काकाको घर अनि टाराली काकाहरूका घर भने आफ्नो पुरानै अस्तित्व बोकेर उभिइरहेका रहेछन् । घर घरमा पानीका धारा, बिजुलीबत्ती, गाउँ गाउँमा कच्ची भए पनि मोटरबाटोले परिवर्तनको सन्देश दिइरहेका थिए । तथापि मेरो मानसपटलमा राज गरेर बसेको त्यो पुरानो हौंचुरको संस्मरण भने विस्थापित गर्नसकेन त्यस परिवर्तनले । बरु बिरानोपनको आभास दिइरहे । दर्जीगाउँ, विश्वकर्मा गाउँतिर जान भ्याइएन र त्यहाँको परिवर्तन हेर्न पाइएन । कार्कीगाउँ भने केही नयाँ परिवर्तनका वावजुद पनि झण्डै उस्तै देखियो ।

संयोगले हामी वैशाखे बुद्ध पूर्णिमाका दिन हौंचुर पुगेका थियौं । हाम्रा कुलका नयाँ धामी चेतनाथ हजुर्बाले आज साँझ यहीं बसौं, म कुलायन बोलाउँछु भन्नुभएकोले त्यस दिन त्यहीं बस्ने हाम्रो टोलीका केही सदस्यहरूको योजनामा विवाद उत्पन्न हुनाले हामी त्यही दिन हर्लेंसीतर्फ प्रस्थान गर्न बाध्य भयौं । नमज्जा लाग्यो । धेरैजनाका धेरै विचारलाई सम्बोधन गर्न करै लाग्यो । हौंचुर घुम्ने धोको पुगेन । हामी त्यस दिन त्यहीं बस्ने भनेपछि स्थानीय पुराना इष्टमित्रहरू ज्यादै खुसी र उत्साहित हुनुभएको थियो । फर्किने वेलामा चेतनाथका कान्छो छोरा उत्तर कुमारको मोटरबोर्टोसँगै जोडिएको नयाँ घरमा मज्जाले मोही र घरैमा पाकेका केरा खाएर हामी फर्किने तयारी गर्दै थियौं उहाँको सानो छोरालाई समेत हामी सोही दिन फर्किने कुराले चित्त दुखेछ र उनी ठुस्किँदै भन्दै थिए, 'आजै आउने, आजै जाने रे !' वास्तवमा कति निश्छल हुन्छ गाउँले मन र संस्कार भन्ने कुरा ती बालकको त्यस अभिव्यक्तिबाट देखिन्थ्यो ।

हाम्रो गाडी उकालो लाग्यो । दर्जीगाउँभन्दा माथिबाट घुम्दै हामी कार्की गाउँमा पुगेपछि रावाबैंसी गाउँपालिका वडा नं.६ कार्यालय तथा स्वास्थ्य चौकीको साइनबोर्डले हामीलाई गाडी रोकेर एकेकवटा तस्बिर साझेदारी गर्ने प्रेरणा दियो र हामी गाडीबाट ओर्लियौं । केही तस्बिरहरू लियौं । वडाध्यक्ष चिरञ्जीवी कार्कीका भाइ र उहाँका पिता गजेन्द्र कार्कीले हामीलाई सात सालमा काङ्ग्रेसी सेनाले दारी कार्कीको घर घेरेर मार्नलाग्दा घरको बुइगलको झ्यालबाट हातमा खुकुरी लिएर यसै मर्ने उसै मर्ने बरु दुईचारजनालाई

मारेरै मर्छु भनी अदम्य साहसका साथ मखमले कार्की हाम्फालेको ऐतिहासिक घरको अवलोकन मात्र गराउनुभएन सँगै तस्बिर पनि खिचायौँ । उहाँहरूले आज यतै बसेर मात्र फर्किनुपर्छ भनी गरेको सहृदयी आग्रहलाई पनि हामीले साथ दिननसकेकोमा खिन्नता महसुस भयो मनमा । उहाँहरूको सहृदयता र आत्मीयताले हामीलाई धन्य बनायो । पोखरी, राइसिङ्ने, जालपा हुँदै हामी नवनिर्माण हुँदै गरेको फराकिलो बाटो हुँदै हुर्लुङ्गमा पुगेर दिक्तेल-हर्लेंसीको ठुलो पक्की राजमार्गमा मिसियौँ । त्यहाँबाट नुनथला, अर्खौंले हुँदै हामी साँझमा हर्लेंसी पुगेर बास बस्यौं । साँझ हर्लेंसी महादेवस्थानको आरती अवलोकन अनि बिहान हर्लेंसी महादेवको दर्शन गर्‍यौं ।

"हे भोले ! निस्क, अब निस्क । हामी आयौं त; कति लुकेर बस्छौ गुफाभित्र अब त बाहिर निस्क" भन्दै हातमा पूजाका सामग्री लिएर हर्लेंसीस्थानमा उद्धव भाइ चिच्याएको देखेर सबै दर्शनार्थीहरू हाँसिरहेका थिए । दर्शनपछि सोझै बिराटनगर जाने टोली हतार हतार हामीसँग छुट्टियो । हामी बाँकी केही सदस्यहरू भने हर्लेंसी मन्दिर (गुफा)को पछिल्तिर तल रहेको गुफातर्फ लाग्यौं ओरालो । हर्लेंसी बौद्ध र हिन्दू धर्मावलम्बीका लागि पवित्र तीर्थस्थल मानिन्छ । दुबै धर्मका हिसाबले यस स्थानको आआफ्नै परिचय र परिभाषा रहेको पाइन्छ । बौद्ध धर्मावलम्बीका अनुसार यो गुफा आठौं शताब्दीमा गुरु पद्मसंभवद्वारा पत्ता लगाइएको मानिन्छ भने हिन्दु धर्मका अनुसार महादेवले तपस्यारत भष्मासुर राक्षसलाई जसका शिरमा हात राख्यो ऊ भष्म हुने भनी आफैंले दिएको वरदान भष्मासुरले महादेवमाथि नै परीक्षण गर्न भनी लखेट्दा महादेव पहरो फोरी लुक्न गएको स्थान भनी पवित्र महादेवस्थानका नाउँले मानिएको तीर्थस्थल हो । त्यसैगरी पछिल्तिरको गुफाको नामाकरण बौद्धगुरु पद्मसंभव तथा मन्दारवाबाट आयुसिध्दिको प्राप्तिद्वारा मरणको अन्त्य वा समाप्ति गरिएको कारण संस्कृत भाषामा यस गुफाको नाउँ मरातिक गुफा रहेको उल्लेख छ ।

हामी गुफा अवलोकनपछि होटलमा पुग्दासम्म पनि विराटनगरको टोली गाडी पर्खिएर पो बसिरहेका रहेछन् ! हर्लेंसीबाटै हाम्रो टोलीका सात सदस्य लिलाहरि, उद्धव, सुनिता(क), नर्वदा, डेनिसा, योजना र आयोजना सोझै इटहरी जाने गाडीमा चढे । हामी बाँकी २३ जना भने उही रिजर्भ गाडीमा चढेर फर्किंयौं । फर्किंदा पनि हर्कपुरको उही होटलमा माछाको झोलको नाउँमा गोलभेंडाको झोलसँग भात खाएर सुनकोसीको पुलमा केही तस्बिरहरू मोबाइलमा कैद गरेर घुर्मी हुँदै अगाडि बढ्यौं । फर्किंदा पनि गाडीमा हामीले भव्य साङ्गीतिक माहौल जमायौं गाडीभित्रै । समग्रमा ज्यादै ऐतिहासिक र रोमाञ्चकारी भ्रमण समाप्त गरी हामी वैशाख २३ गते साँझ सात बजे कौशलटार अवतरण गर्‍यौं । धेरै वर्षदेखिको हाम्रो धोको पूरा गरियो । पुख्यौंली र जन्मथलोसँगको पुरानो नाता नवीकरण गर्नपाइयो ।



❖ डा. गोविन्दप्रसाद आचार्य

तिम्रो हार

कुर्सीमाथि बसेर मानसितको खाना तिमी खाउला
गाना गौरवका गला गजबका फुर्ती तिमी लाउला
आगो निल्नसकिन्छ भन्ननभुली ताउ जुँगामा दिनू
मै हुँ विश्व हिलाउने सफलको आफैँ भजन गाउनू।

गालीवाद भजाउँदै भजनमा धोकाधडी गाउनू
कुर्सीमाथि बसेर डम्म सिटमा चर्केर गाली दिनू
मेरो जीत भनी तमाम वीरका सालिक भत्काउनू
भत्केको इतिहासका चरणमा पम्रेर माफी लिनू।

ढुङ्गालाई ताप दिएर अधना निस्कन्न चल्ला पनि
सारा दम्भ टुटेफुटे गजबले टुक्रा र चूर्णा बनी
तिम्रा दाँत टुटे झरे जमिनमा सालिक टोक्ने हुँदा
तिम्रा हात विषाक्तका असतका सालिक फोर्ने हुँदा।

आफ्नै गौरव छातीका तीर बनी तिखा भए बज्रिए
तिम्रा भाव अफापका कलहका काँडा थिए नासिए
आफ्नै छाद निलेर बाँचसरिका बोली नमिठा भए
तिम्रा दम्भहरू अजीर्ण मनका पच्दैन तुसै भए।

ढुङ्गाको पनि जीत हुन्छ बुझ लौ ढालेर ढल्दैन जो
आफैँमा अभिमान गर्छ जसले उम्रेर फल्दैन जो
तिम्रा हार प्रहार तिक्त रचना हुन् उग्र उन्मादका
तिम्रो निर्णय नाशको पथ भयो मैमत्त उग्रादिका।

त्यै कालो निसीमा नयाँपन कहाँ आयो र फिर्ता लियौ
तिम्रो मान थियो गयो पतनमा झुम्रे र लुते भयौ
तिम्रा धाक रबाफले समयको मौलिकता नासियो
खम्रो चित्त सफा बनेर कसरी थोत्रो नयाँ त्यो भयो !
राख्नै पर्छ भने दुरुस्त नबुझी उन्माद उम्ले किन !
तिम्रा दम्भ दबे विनाशपथका बोरै पुराना मन
मान्छे बढ्छ तथापि लड्छ अघिको खाल्डो नहेरी बढे
गर्नेको इतिहास काम गतिलो हेर्दै नहेरी चढे ।
रातो रङ्ग रोमाञ्चका लहडमा भो एकता खण्डित
तोडेका अवशेषका चरणमा पर्दा भयौ दण्डित
तिम्रो उग्र प्रहार दण्डित भयो त्यही कालमा फर्कियौ
तिम्रो भुल थियो तोडेर रचना मागी क्षमा सच्चियौ ।
गर्नेका अमरत्वमा असतले धावा बोले नासियो
गर्ने पुर्वजका कला कुशल छन् त्यै पुष्पमा हाँसियो
निस्ता दम्भ निले मरिन्छ ठहरै पानी नखाइकन
खन्नै पर्छ धरा खनिन्छ बलले मीठो छ है जीवन ।

❑ कविता

फूलबारी



❖ सोइना दाहाल

रङ्गीविरङ्गी फूल छन् हेर फूलका बारीमा
रमाई बस्छन् पुतली सधैँ फूलका डालीमा
मुसुक्क हाँस्छन्, सुन्दरता छर्छन् दुःख नै भुलाई
मिलेर बस्छन् आपसमा सधैँ एकता खुलाई ।

अनेक जात, अनेक रङ, अनेक आकारमा
खोलेर दिल फुलेका फूल त्यो सानो बागमा
लाग्दछ मलाई नेपालजस्तो घरको बाग यो
अनेक जात अनेक रूप मिलेर बसेको ।

नेपाल पनि बाग हो एक विविध जातिको
अनेक भाषा संस्कृति आदि फूल र पातीको ।
यो देश चार जात र छत्तिस वर्णले भरेको
फूलबारी साझा सम्झन्छु सधैँ पृथ्वीले भनेको ।

'परी'मित्र नियाल्दा



❖ अरूणबहादुर खत्री 'नदी'



प्रकाशक : सुधा सिजापती
संस्करण : प्रथम, वि.सं. २०७६, साउन
मूल्य : रु.२००।-
पृष्ठ : १२८

लघुकथाकार उमा सिजापतिको परी नामक लघुकथासङ्ग्रह २०७६ मा प्रकाशित भएको छ । यस कृतिभित्र उनले लेखेका बिस रुपैंयाको खुसी, राहत, आरोप, क्याप्टेन बा, बन्धक, पुरानो रिक्सालगायत विभिन्न शीर्षकका ५० वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ५० वटै लघुकथा पाठकलाई प्रभावकारीरूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको ' बिस रुपियाँको खुसी' शीर्षकको पहिलो लघुकथामा विकास र सुरेश मुसहर समुदायका हुन् । मेरी छिमेकी बहिनी सोनवाका छोराहरू । गाउँमा आएको वेला उनीहरूलाई बिहानबेलुका पढाउने मन लागेर भनैं, 'तिमीहरू दुबै मसँग आऊ है, म पढाउँछु' उमाले भनेकी छिन् । 'राहत' शीर्षकको लघुकथामा पुष्प आफ्नो लालपुर्जा लिएर कर्जा दिने संस्थामा गयो । निवेदन दियो । संस्थाको कर्मचारीले अवलोकन गरेर मात्र कर्जा दिने भयो भनिएको छ । 'क्याप्टेन बा' शीर्षकको लघुकथाले बाजे रात परेपछि मातेर निदाइहाल्थे । निमा बाजेसँग परपर हुने गर्थी । बिचरी के सोच्दी हो ? बाजेजस्तो लोग्ने गरिबी र बाध्यताले स्विकार्नुपरेको छ भनेको छ । उमाका यस सङ्ग्रहभित्रका कतिपय लघुकथाहरू अत्यन्त मार्मिक पनि छन् । कुनै लघुकथामा आमाको मृत्युको कामना गर्न बाध्य परिस्थितिको कथ्य छ । कुनैमा बाबुले छोरीलाई बेचेको दुर्दान्त यथार्थ छ । कतै लोग्नेको स्वास्नीमाथिको कहर छ । कतै स्वास्नीमान्छेको स्वाभिमान जागृत भएको देखिन्छ ।

'आरोप' शीर्षकको लघुकथामा

अचानक एक दिन विद्यालयका अध्यक्ष थला परे । त्यो वेलामा गाउँका भद्र गनिने व्यक्तिहरूलाई अध्यक्षले बोलाएर भने, ' आज म राधेश्याम हेडसरको सबै कुरा खोल्छु । मेरो मर्ने वेला भयो' भनिएको छ । 'बन्धक' शीर्षकको लघुकथामा बिहे भएको पनि सत्ताइस वर्ष भइसकेछ तापनि ती दिनहरू सम्झेर अझै मुटु घड्किरहन्छ । उमेर छँदा नजिक हुन धेरै आए भनिएको छ । 'भोक' शीर्षकको लघुकथामा हरिया वस्तुभाउ लिएर घर पुग्नासाथ मालिक्नीले कुटुँलाजस्तै गरेर सोधिन् आलु खनेर तैँले लगिस् ? हो, मालिक्नी आमा हजुरले आलु खनेर लगेको त थाहा पाउनुभयो तर यसले कहिल्यै खाजा के खान्छ भनेर थाहा पाउनु भएन भनेर लेखिएको छ । उनका लघुकथा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । परी लघुकथासङ्ग्रहमा भएका कतिपय कथाहरू पढ्दा कथाको परिवेश, पात्र चयन, संवाद र वस्तुस्थितिलाई उतार्न उमा निकै सफल भएकी छिन् ।

यस कृतिको नामसँग जुधेको 'परी' शीर्षकको लघुकथामा एक दिन मेरा बाबा बिस्कुट बोकेर मलाई भेट्न आउनुभयो म खुसी भएँ भनिएको छ । सङ्ग्रहभित्रका सबै लघुकथाहरू सवाल्टर्निक छैनन् । विषय र विचारगत विविधता उमाका कथाहरूको विशेषता हो । लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अङ्ग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । लघुकथाका सम्बन्धमा विविध परिभाषा, विचार र दृष्टिकोणहरू छन् । जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ । यसै सन्दर्भमा नेपाली समाजका यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिनसके कृतिको महत्त्व बढ्ने छ । यस तथ्यलाई लघुकथाकार उमाले मनन गरेकी छन् । यसभित्र गाँसिएका सबै लघुकथा विषयवस्तुका हिसाबले बहुमुखी छन् । राजनीतिक, विसङ्गति, सामाजिक बिडम्बना, आर्थिक विपन्नता, बौद्धिक दयनीयता, सांस्कृतिक विचलनजस्ता कुराहरूमा लघुकथाहरूले व्यङ्ग्य गरेका छन् । भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा निकै आनन्द आउँछ । अनाथ शीर्षकको लघुकथामा तिमीमा अलिकति पनि स्वाभिमान जिउँदो रहेनछ ! मेरो प्रेमको निम्ति तिमीले दिएको न्याय यही हो ? के अनाथको स्वाभिमान र अनाथ हुँदैन ? किन तिमीले मेरो जीवनमा खुसीको बीज रोपिदियौ र पलभरमै लुटिदियौ ! भनिएको छ ।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिसँदै गएको आफ्नो धरातल तथा हराइरहेको मानविय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । लोग्नेले स्वास्नीलाई अन्याय गरेको पक्षको परिपूर्ति गर्न स्वास्नी नामक महिलालाई सशक्तीकरण गर्नुपर्छ भन्ने

समाधान पनि उनका कथामा छ। आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्नसकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन् । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन। यही समाजमा रहेका सङ्गत, विसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नु नै पर्छ। कथा आफैंमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ। अर्थात् लघुकथा कथाको सङ्क्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मतम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ। छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो। लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ। यो मान्यतालाई लघुकथाकारले धेरैहदसम्म आत्मसात गरेकै पाइन्छ । लघुकथाकार उमा सिजापतीका अन्य कृतिहरू पनि प्रकाशित हुँदै जाउन्।

❑ दुई गजल

❖ **लीलाराज दाहाल**

१

सानी थिएँ अलि बढैं, छाउपडी भएँ
घरबाट गोठमा सर्रैं, छाउपडी भएँ !

छुइ हुँदा बस्नुपर्ने छाउघरमा किन ?
आफैंसँग सबाल गर्रैं, छाउपडी भएँ !

ढाल्नैपर्ने पर्खाल यो अग्लो हुँदै गयो
कुरीतिको रापले डढैं, छाउपडी भएँ !

असामाजिक प्रथा यो चल्छ अझै कति !
समाजसितै युद्ध लर्डैं, छाउपडी भएँ !

२

भएको छ जिन्दगी सिरकको खोलजस्तै
सिकारु खेलाडीको संयोगको गोलजस्तै !

कसरी चाखे त तिनले के भनेर पिए ?
खल्लो रहेछ सारै नुनविनाको झोलजस्तै !

तिमी सरेछौ नि हरे ! कस्तो बसाइँ त्यता
लाग्छ ठाउँ शून्य अपरिचित टोलजस्तै !

कति तोके त लीलाको बेच्नलाई मूल्य ?
सुन्दा नि हाँसो लाग्ने माग्नेको मोलजस्तै !

बागमती ११, कर्मैया, सर्लाही

❖ नन्दलाल आचार्य

पासवर्ड चेन्ज

'अष ब्याचलर सकिएपछि कानमा तेल हाल्न पाइन्न । पढेपछि गरेर देखाउनुपर्छ ।' हामी दम्पतिले छोराछोरीलाई भन्नासाथ ससानो महाभारत सुन्नमा आयो । त्यसमा हामी हरूवा र उनीहरू जितुवा पार्टीमा गनिए । 'गर्न त ट्रेनिङ चाहिन्छ । अफलाइन सरिक हुन कोरोनाको राज्य छ । अनलाइन पढौं भने नेट अर्काकै पेवा छ ।' छोरीको व्यङ्ग्यपूर्ण स्वर गुञ्जेको थियो ।

'भाडेदारले चलाएकाले स्लो भयो । हजुरका भाडेदार एक दुइटा भए पो ! एक दर्जन छन् ।' छोराको यस्तो कटाक्षलाई मलजल दिँदै छोरीले थपेकी थिई; 'दर्जन भाडेदारका अनेक डिभाइसले भार थेग्नुपर्छ ।' छोराको अभिमत थियो; 'मेरो बसमा भए त म भाडेदारलाई नै हटाईदिन्थें ।' छोराकै मतलाई छोरीले बढवा दिएकी थिई; 'मेरो हैकम चले म अर्कै नेट जडान गरी उनीहरूलाई वितरण गर्दिन्थें । खर्च भाडामा गाभिदिन्थें ।'

हुन त खर्च बोकाएरै भाडेदारलाई पासवर्ड उपलब्ध गराइएको थियो । मिलाईजुलाई काम चलाउने हामी दम्पतिको पल्ला हल्का भयो । पढाइलेखाइमा व्यवधान आयो भन्ने युवापुस्ताको पल्ला भारी भयो । अन्ततः उनीहरूले आफ्नो सोचको काम गरे । हामी दम्पति र भाडेदारहरू हेरेका हेर्‍यै भयौं ।

भिआइपी कोटा

'सर ! आज तपैं ड्युटीमा नजाने ?' अमरकान्त सरले सहजभावमा मलाई प्रश्न सोधेका थिए । 'नजान पाए त मलाई पनि नजाने नै मन छ तर म वरिष्ठ परिनँ । कनिष्ठलाई सास्ती, वरिष्ठलाई मस्ती यहाँको परिचय हो, हैन र ? मेरो प्रतिप्रश्न सुनेर अमरकान्त सर नाजबाफ भएका थिए ।

त्यत्ति वेला स्कुलमा आन्तरिक परीक्षा चलिरहेको थियो । आधाजसो शिक्षकले सधैं निरीक्षक हुनुपर्थ्यो । आधाजसो रमिता मात्र हेर्थे । घरी घरी कक्षाकोठाको ढोकानजिक पुग्थे । हिउँद भए पारिलो घाम तापेर मोबाइल चलाउँथे । अरू वेला अफिसको पङ्खाको हावा खाँदै एकापसमा गफिन्थे । यसो गर्दा पनि उनीहरूको ड्युटी पूरा भएको मानिन्थ्यो !

सधैंजसो मिटिङको निर्णय मैले नै लेख्नुपर्थ्यो । मनमनै सोचैं; 'अब म 'शिक्षक उपस्थिति' नलेखी एकातिर 'रमिते वरिष्ठ शिक्षक उपस्थिति' लेख्ने छु । त्यसपछि मात्रै 'दलिने कनिष्ठ शिक्षक उपस्थिति' भनेर औंल्याउने छु ।'

नभन्दै मैले सोचेको कुरा लेख्ने दिन पनि आयो । मेरो लेखाइ देखेर शिक्षकवृतमा कानेखुशी चल्नथाल्यो । तत्कालै प्रधानाध्यापक युवराजकुमार साहले प्रतिक्रिया दिएका थिए; 'विभिन्न नाम र विशेषण लगाएर मनको तुष्टि पूरा गर्ने काम नगरौं । पहिले जे लेखिन्थ्यो त्यै लेखुम् ।' 'हेडसर ! रमिते प्रथा हटेको हो र ? सबैले समानरूपले काम गर्नुपर्ने चलन बसेकै हो ? के हाम्रो स्कुलमा भिआइपी कोटा बन्द नै भ'कै हो ?'

मेरो प्रतिप्रश्न सुनेर प्रअको दाहिने हात टाउको कन्याउन पुगेको थियो ।

❖ गायत्रीकुमार चापागाईं

भानु

छाया छन्द

मुखैको भाषामा सलल जनको जिब्रो चल्यो लोकको
सुखैका गाथामा झलल अघिको झल्को दियो दीप्तिको
छटा उर्जा थप्ने प्रगति गतिमा आशा बने सागर
चुनौती गाढा भो हलचल नयाँ संस्कारमा उर्वर ।

अनौठो पाराले सहज पथमा हिँड्ने भयो एकता
अशिक्षा आगो भो चलन बदली साथी भयो सभ्यता
कला खुल्दै साझा कथन रसिलो भाका सुमार्गी भयो
गला हर्ने भर्ने मधुर श्रुतिमा रामायणै बन्दियो ।

उषा लाली धर्मी सरल कविता खासा बने आत्मका
छचल्केका रूढी कठिन अभिधा नासो उडे व्यर्थका
खरो झर्रो बोली विविध रसमा हाँसो बिनोदी भए
विवेकी सन्तोषी परम पदमा काव्यार्थ अग्ला भए ।

भला आदर्शैको मनुज उठने संज्ञार्थ संयोजन
भए भ्रष्टाचारी समय सुझने शिक्षार्थ खोलीकन
उडे आफैं सुन्दै अझ छक परे वक्रोक्ति सम्भाषण
उडाए नझ्याए डरभर न भै झोली छ तर्साउन ।

झटारो हान्नेले सहन नसकी आदर्शमा बादल
धुवाँ आँखा छल्ने कर बल गरे नामर्दको सावल
कता छेक्ला मेघै गगन छविको हा ! भानुकै शक्तिले
लडे हुस्सू आफैं पतन मतिमै क्या भानुकै भक्तिले ।

बुझाए माटाको अमिट ममता यो देशको प्रेमको
सुनाए माथामा अमर कविता जो भेषको शक्तिको
बताए विद्याका प्रकृति धनका जो आदिका काव्य हुन्
पुगे देशै छाड्ने जन लहरमा संसारमा व्याप्त छन् ।

❖ निरन्तर...

सम्पदा संरक्षणको सबाल

❖ वासुदेव अधिकारी

गुणकामदेवले विक्रमको दशौँ शताब्दीतिर आरम्भ गरेको इन्द्रजात्रा काठमाडौँ उपत्यकामा भव्यताका साथ सम्पन्न भयो । इन्द्रजात्रा प्रारम्भ भएको कैयौँ शताब्दीपछि सोही जात्राको शृङ्खलामा जीवित देवी 'कुमारी'को स्थापना तथा 'लाखे नाच'को प्रचलन समाविष्ट गरी पूर्णता दिइएको जात्राका झाँकी टोल टोलमा प्रदर्शन भए । काठमाडौँ उपत्यकाका जनप्रतिनिधिले यसलाई यथोचित महत्त्व दिए । जात्रामा राष्ट्र प्रमुखको समेत सहभागिता महत्त्वको विषय बन्यो । युवा तथा गैरनेवारहरूको क्रमिक र उत्साहजनक सहभागिता मननीय विषय रहेको थियो । यस सहभागिताले मुलुकको सांस्कृतिक वैभवको गीत गायो, सामाजिक एकता प्रगाढ बनायो । सामान्यतया यस्ता जात्राहरू धार्मिक भावनासँग जोडिएर सुरू भए पनि ती आम जनताको कल्याणसँग सम्बन्धित हुन्छन् ।

पहिला पहिला जात्रामा खासै समय नदिने म यो वर्ष मनग्य समय दिई रूचिपूर्वक सहभागी भएँ । जात्राको सहभागीका नाताले मैले यति कुरा चाल पाएँ, 'जात्रा र जनताका बिचमा रहेको प्रगाढ सम्बन्ध अनुभूत गर्नसकिन्छ तर शब्दमा व्यक्त गर्नसकिदैन ।' यो अमूर्त सांस्कृतिक सम्पदाको कडी हो । सम्पदा मूर्त होस् कि अमूर्त, ती पुर्खाका सृजना हुन्, आविष्कार हुन् । यसलाई सकेसम्म जोगाउनु हाम्रो कर्तव्य हो । त्यसमा रहेको अमानवीय र विभेदकारी पक्षलाई भने किमार्थ जोगाइराख्न आवश्यक छैन । तिनलाई सांस्कृतिक परिमार्जनको क्रममा ताछ्दै, रन्डा लगाउँदै फाल्नुपर्छ ।

जनता नै भाषा, लवज, संस्कार, कला संस्कृतिलगायतका सम्पदाका सर्जक हुन् । समयको गतिमा तिनले सृजना वा आविष्कार गरेका धेरै सम्पदा पुस्तान्तरण भई जोगिँदै गए पनि सबै नै यथावत्रूपमा कायम रहनसक्तैनन् । केही कायम हुन्छन्, केही थपिन्छन्, केही मर्दै हराउँदै जान्छन् त केही परिमार्जित भएर रहन्छन् । मानव आविष्कृत सम्पदा जोगाउनु सबै समाजको चुनौती हो । समकालीन पुस्ताको काँधमा पुरानो सम्पदाको बिँडो थाम्ने र नवीन सिर्जना गर्ने दुबैथरीको जिम्मेबारी छ । त्यही पुस्ताले आफ्नो आजीविकाका लागि कडा प्रतिस्पर्धा पनि गर्नु परेको छ । आजीविकाको लागि गरिने जीवन सङ्घर्ष लरतरो छैन, चुनौतीयुक्त छ । यसमा अनेक तहको चाँजोपाँजो मिलाउन आवश्यक छ ।

इतिहास तथा संस्कृति सामाजिक मनोविज्ञानका जरा हुन् । इतिहास गाएर मात्र बाँच्न त सकिँदैन तर त्यसको गायन आफैँमा गौरवयुक्त विषय चाहिँ हो । विश्वका धेरै

समाजले हीरातुल्य सांस्कृतिक वैभवको उत्तराधिकार हुने अवसर पाइरहेका छन्। चाल पाउनसके प्रकृति र संस्कृतिको विविधताले भरिभराउ नेपाललाई पनि त्यस्तो अवसर प्राप्त छ। विश्वका सबै समाजका सामुन्ने कति आधुनिक बन्ने र कति पुरातात्विक यशमा रमाउने भन्ने यक्ष प्रश्न खडा भएको समयमा आधुनिकता र पुरातात्विकताको मिश्रण चाल पाउनु सजिलो छैन। समकालमा कोही आधुनिकतातर्फ खासै चासो दिँदैनन् धेरैलाई पुरातात्विकता मनै पर्दैन। यो विषय वैद्यबाको चूर्ण वा रसायनको मात्राजस्तै हो । मिश्रण पत्ता लाग्नसक्यो गुणकारी, हितकारी औषधि बन्छ अन्यथा बेकामको धुलोमुलो । अहिलेको औषधिविज्ञानले पनि अनुसन्धानमा आधारित रसायन तथा फर्मुलाको उपयोग गरिरहेको छ। सामाजिक सन्दर्भमा नव्यता र ऐतिहासिकताको उचित सम्मिश्रण के कति हुनुपर्छ कमैले भन्नसक्छन्। त्यस्तो मानक निर्धारण गर्ने कुनै वैज्ञानिक विधि पनि छैन। तथापि समकालीन पुस्ताले सांस्कृतिक विराशत बोध गरी आफ्नो पौरख, अनुसन्धान, नवीन सिर्जना र विज्ञानसम्मत यात्रालाई अघि बढाउनुको विकल्प छैन।

समाज, सरकार वा सभ्यताका लागि कला, संस्कृति, दायित्वजस्तो लागे पनि यो सामुदायिक सम्पत्ति नै हो। सम्पत्ति जोगाउन सम्पत्ति खर्च गर्नै पर्छ। परिस्थिति हेरी जग्गा घेर्न पर्खाल लगाउनै पर्छ। कहिलेकाहीँ एक रूपियाँको सम्पत्ति जोगाउन पाँच रूपियाँको थैली किन्नुपर्ने हुन्छ तर त्यो एक रूपियाँ कालान्तरमा अर्बौं मूल्यको हुनसक्छ । अहिले कसैसँग एउटा 'महेन्द्रमल्ली' छ भने त्यसको मूल्य सिक्कामा अङ्कित मूल्य जति मात्र हुँदैन । त्यो अमूल्य सम्पत्तिको रूपमा परिभाषित हुन्छ । दोलखाको टक्सारले छापेको एउटा सिक्का अब सिक्का मात्र रहेको छैन त्यो अहिले नेपाली मुद्रा तथा सभ्यताको इतिहास व्याख्या गर्ने अमूल्य कडी बन्न गएको छ। नेपाली मुद्राको इतिहासमा त्यही सिक्काले पहिलो नेपाली मुद्रा हुने गर्विलो इतिहास पनि बोकेको छ। सांस्कृतिक सम्पदाको मूल्य कम देखखल, धेरै अन्य रूपमा पैदा हुने गर्दछ। हेर्दा मूल्यवान् नलागे पनि त्यसको युगीन महत्त्व छ । रोम, पेरिस, बाली, काठमाडौँ, लुम्बिनीलगायतका सांस्कृतिक पुरातात्विक क्षेत्रको महत्त्व त्यसै चुलिएको होइन। यसमा मूर्त तथा अमूर्त दुबै मूल्य मिसिएका छन्।

सांस्कृतिक सम्पदामा अमूर्त सम्पदाको विशिष्ट मूल्य छ। अमूर्त संस्कृति आस्था, विश्वास, सिप तथा आत्मिक भूगोलको जगमा उभिएको हुन्छ। अहिले पशुपतिवरिपरिका वासिन्दालाई पशुपति, स्वयम्भूवरिपरिकालाई स्वयम्भू, पाल्पा दरबारवरपरकालाई पाल्पा दरबार त्यति महत्त्वको लाग्दैन तर तिनको महत्ता धेरै छ। तिनको गुरूत्वमा आएका श्रद्धालुको लर्को, सांस्कृतिक परम्परा, पूजाविधि र पर्यटनको अर्थ गहिरो छ। अमूर्त पक्षले बेष्ठित नहुने

हो भने ती सम्पदा खासै मूल्यवान् पनि हुँदैनथे । मूर्तको तुलनामा अमूर्त सम्पदाको जरा गहिरो हुन्छ । यसको संवर्द्धन, विकास र निरन्तरता महत्त्वको विषय हो । संयुक्त राष्ट्र सङ्घीय निकाय युनेस्कोले विश्वका मूर्त सांस्कृतिक सम्पदाजस्तै अमूर्त सांस्कृतिक सम्पदालाई पनि सूचीकृत गर्दै आएको सन्दर्भमा संसारका धेरै देशले आफ्ना विशिष्ट सांस्कृतिक वैभवलाई सूचीकृत गरी संवर्द्धन गरिरहेका छन् । त्यस्तो काममा अरू देश बाठा छन्, हामी लाटा । युनेस्कोको सूची हेर्दा हाम्रो भन्नमिल्ने कैयौं सांस्कृतिक वैभवलाई अरू देशले सूचीकृत गरिसकेको पनि देखिएको छ । त्यसतर्फ सरकार र हामी कति सचेत छौं ? सरकारले कति ध्यान दिन भ्याएको छ ? हामी के कस्ता सम्पदालाई अमूर्त विश्व सम्पदामा सूचीकृत गर्नसक्छौं ? यसतर्फ हामीले यथोचित गृहकार्य गर्नसकेका छौं ? प्रश्नहरू अनुत्तरित नै छन् ।

काठमाडौं उपत्यकाका जनताले उत्साहजनकरूपमा अवलम्वन गरेको इन्द्रजात्रा, लाखे नाचलगायत नेपालका कुन कुन सांस्कृतिक सम्पदा युनेस्कोको सूचीमा अङ्कित गर्नलायक छन् सोको वर्गीकरण गरी तिनलाई सूचीकरण गर्न ढिला भइरहेको त छैन ? यसतर्फ सङ्घ वा प्रदेश सरकार तथा सम्पदा संरक्षणका अभियन्ताहरू सजग हुन आवश्यक छ ।

जनता धेरै विषयका स्रष्टा हुन् । भाषाको लिपिपूर्व नै जन्मिएका तिनका सिर्जना अहिले पनि सभ्यता, परम्परा र सार्वजनिक मूल्यको रूपमा रहिरहेका छन् । यी चिज नै कलासंस्कृतिको उद्गम हो, मुहान हो । त्यसलाई जोगाउने सामर्थ्य पनि जनतासँगै छ । सरकार जनताको प्रतिनिधि हो । उसलाई राज्यको साधनस्रोत खर्च गर्न पाउने अधिकार छ । मुलुकको मूर्त वा अमूर्त दुबै सम्पदालाई जोगाउने जनताको जिम्मेबारी सरकारमार्फत निर्वाह हुनुपर्दछ । त्यसका अलावा जनस्तरका स्रष्टाहरूका कला साहित्य र सिर्जनामार्फत पनि सांस्कृतिक सम्पदालाई जीवन्त र अजरअमर बनाउन सकिन्छ । कला साहित्यमा सामाजिक सौर्य तथा सांस्कृतिक महक खिप्नु, खासगरी अमूर्त सम्पदालाई जीवन्तरूपमा चित्रित गर्नसक्नु संस्कृति र आविष्कारलाई मूर्त रूप दिनु हो । त्यस काममा व्यक्तिगतरूपमा केही स्रष्टा लागेका छन् । त्यसलाई स्थानीय सरकारको योजना तथा सहयोगमार्फत संस्थागत रूप दिई अभियानको रूपमा सञ्चालन गर्नसकिन्छ । गर्नसके उत्तम ।

'अविच्छिन्न प्रकाशित भइरहेको

साहित्यिक पत्रिका

शब्द-संयोजन

मासिक' पढ्नुहोस् ।

साहित्य सन्ध्याको ४४४ औँ शृङ्खला सम्पन्न

साहित्य सन्ध्याको ४४४ औँ शृङ्खला असोज ६ गते अपराह्न रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँमा आयोजना गरी 'अन्तरभाषिक साहित्यिक पठन र अनुवाद' विषयक परिचर्चाका साथ कविगोष्ठीको सम्पन्न भयो ।

सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र सदस्य रूपक अलङ्कारको सञ्चालनमा सम्पन्न उक्त समारोहमा अतिथिका रूपमा प्रा.डा.पशुपतिनाथ तिमल्सिना, डा.हरिप्रसाद सिलवाल, साहित्य सन्ध्याका सल्लाहकार वासुदेव अधिकारी, डम्बर पहाडी 'एलाक', गायत्रीकुमार चापागाईं, डा.गोविन्दप्रसाद आचार्य, खेमराज निरौला, पोषरमण चापागाईं, डा.नारायण चौलागाईं, विन्दु अधिकारी ढकाल, बैरागी जेठा उपस्थित हुनुहुन्थ्यो ।

उक्त समारोहका अतिथि डा.हरिप्रसाद सिलवालले 'अन्तरभाषिक साहित्यिक पठन र अनुवाद' विषयमा विशद चर्चा गर्नुभएको थियो ।

खेमराज निरौला, प्रदीपरत्न शाक्य, महेशराज खरेल, डा.नारायण चौलागाईं, बलराम विष्ट, सोइना दाहाल, डा.गोविन्दप्रसाद आचार्य, पोषरमण चापागाईं, सोमनाथ दाहाल, प्रशान्त खरेल, वासुदेव अधिकारी र राम विनयले आआफ्ना कविता, गजल, एलाक, लघुकथा वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि प्रा.डा.पशुपतिनाथ तिमल्सिनाले टिप्पणी गर्नुभएको थियो ।

खेमराज निरौलाद्वारा लिखित 'क्रान्तिदूत' महाकाव्य लोकार्पण

साहित्य सन्ध्याको विशेष शृङ्खलाअन्तर्गत असोज ११ गते पद्मकन्या क्याम्पस, बागबजारको डेनिस हलमा महाकाव्यकार खेमराज निरौलाद्वारा लिखित 'क्रान्तिदूत' महाकाव्यको लोकार्पण तथा परिचर्चा कार्यक्रम सम्पन्न गरियो ।

सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न उक्त गोष्ठीमा प्रमुख अतिथिका रूपमा प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरे उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिका रूपमा नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद उप्रेती र विशिष्ट विद्वान् प्रा.डा.वासुदेव त्रिपाठी उपस्थित हुनुहुन्थ्यो ।

समारोहमा उपस्थित व्यक्तित्वलाई साहित्य सन्ध्याकी सचिव जयन्ती स्पन्दनले स्वागत गर्नुभएको थियो ।

महाकाव्यकार खेमराज निरौलाको व्यक्तिवृत्तका बारेमा प्रा.डा.हेमनाथ पौडेलले चर्चा गर्नुभएको थियो भने लोकार्पित महाकाव्यमाथि प्रा.डा.हेमचन्द्र नेपालरप्रा.डा.रामप्रसादज्ञवालीले टिप्पणी गर्नुभएको थियो। त्यसैगरी निवर्तमान कुलपति गङ्गाप्रसाद उप्रेती र प्रा.डा.वासुदेव त्रिपाठीले लोकार्पित कृतिका बारेमा आफ्नो धारणा राख्नुभएको थियो।

महाकाव्यबाट निष्ठा निरौला र रूपक अलङ्कारले केही श्लोक वाचन गर्नुभएको थियो भने महाकाव्यकारले महाकाव्य रचनाको अन्तर्गर्भ बताउँदै आयोजक संस्थालगायत सबैप्रति आभार व्यक्त गर्नुभएको थियो।

तीन कृति लोकार्पित

असोज ३ गते सिद्धार्थ कटेज, तीनकुने, काठमाडौँमा राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालको आयोजनामा सङ्घकी उपाध्यक्ष नर्मदेश्वरी सत्यालद्वारा लिखित यात्राकाव्य 'प्रभातमय जिन्दगी' र 'गुराँसभैँ' बालकवितासङ्ग्रह र उहाँकी छोरी जयन्ती स्पन्दनद्वारा लिखित 'खेलौँ रमेर' बालकवितासङ्ग्रहको लोकार्पण तथा परिचर्चाका साथ डा.मदनप्रसाद सत्यालको हीरक जयन्ती समारोहको आयोजना गरियो।

राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिका रूपमा एमाले संस्कृति विभाग प्रमुख माननीय रघुजी पन्त उपस्थित हुनुहुन्थ्यो भने डा.जया सत्यालले उपस्थित व्यक्तित्वहरूलाई स्वागत गर्नुभएको थियो।

लोकार्पित कृति 'गुराँसभैँ' अनि 'खेलौँ रमेर' बालकवितासङ्ग्रहको प्रा.डा.लेखप्रसाद निरौलाले र 'प्रभातमय जिन्दगी' यात्राकाव्यको प्रा.डा.देवी नेपालले समीक्षा गर्नुभएको थियो।

प्रनिसा रेग्मीले 'खेलौँ रमेर' बालकवितासङ्ग्रहबाट एउटा र डा.जया सत्यालले 'गुराँसभैँ' कवितासङ्ग्रहबाट ' धर्मका नाममा' कविता वाचन गर्नुभएको थियो।

विचारविना शब्द र लयले मात्र कविता बन्दैन

❖ प्रा. डा. लेखप्रसाद निरौला

अविरल जनसाहित्य यात्राको यो सोद्देश्यमूलक अभियान ८२ औँ शृङ्खलामा पुगेको छ। वाचित कवितामाथि टिप्पणीसमेत गरेर कविलाई थप परिष्कृत पार्ने पनि यो अभियानको उद्देश्य सकारात्मक छ । आजको यो समारोहको उपस्थिति पनि गुणात्मक र उल्लेखनीय छ । आज हामीले कवि अनिता लामाका कविता सुन्यौँ । आजका कविका रोचक विषयवस्तु समेटिएका सशक्त र प्रभावकारी कविता वाचित भएका छन्। २०४६ पछिको कविको साहित्यिक यात्रा आजसम्म आउँदा सशक्त बनेको छ र अहिलेको सरकारी पाठ्क्रममा कक्षा ८ मा कविको एउटा कविता समावेश पनि भएको छ। आजका कविताले समाज बोलेका छन् र समाज तथा संस्कृतिको समन्वय गरेका छन् । शब्द र लयले मात्र कविता बन्दैन त्यसमा विचार पनि चाहिन्छ भन्ने यथार्थलाई कविले आत्मसात गरेकी र कवितामा जीवन दर्शन, वर्तमानमा मानवजीवनलाई धराशायी पार्ने अनेक प्रकारका प्रयत्नका विरुद्धको खबरदारी, आशावादी सङ्घर्षशील जीवनदर्शनयुक्त वैचारिकता, सशक्त र सुन्दर विम्बको प्रयोग अनिताका कवितामा पाइँने विशेषता हुन् ।

जुत्ताको विम्बका माध्यमबाट जुत्ताको त्याग र समर्पण उजागर गरिएको छ र सङ्घर्षशील जीवन हरियो हुँदैन माटोजस्तै खैरो रङको हुन्छ भन्ने वैचारिक दर्शन सम्प्रेषण गरिएको छ। राज्यले विपन्न वर्गको पीडामा मलम लगाउनुपर्ने आग्रहसहित युवापलायनको पीडा उजागर गरी समाधानको अपेक्षा राखिएको छ। कवितामा आख्यानात्मकरूपमा गरिबको जीवनगाथा उजागर भएको छ। योजनाविहीन विकासमा नाममा गरिबलाई उत्पीडनमा पार्ने प्रवृत्तिका प्रति आक्रोश व्यक्त गरिएको छ। ईश्वरका नाममा फूल, प्रसाद बेच्नेको पीडा जस्ताको तस्तै रहेको तर कथित ईश्वर अमूक रहेको यथार्थ उजागर गरिएको छ। आधुनिकताका नाममा सांस्कृतिक विचलनका प्रतिको चिन्ताभाव कवितामा अभिव्यक्त गरिएको छ र संस्कृति तथा सभ्यताको संरक्षणका पक्षमा वकालत गरिएको छ । हिजोका हाम्रा संस्कृतिका आनन्द र आत्मीयता परिवर्तनका नाममा स्खलित भएका मात्र होइन मौलिक पहिचान हराउँदै गएको प्रति चिन्ताभाव व्यक्त गरिएको छ । कथित क्रान्तिका नाममा होनहार युवा मारिएपछि परिवारले न्याय नपाएको यथार्थतालाई जीवन्तरूपमा उजागर गरिएको

छ। कविताका हरेक पङ्क्तिले निकै मजाले छुन्छन् । हरेक कविता मानवीय जीवनसँग नजिक रहेका छन् । नारीवादी आन्दोलनको सशक्त अभिव्यञ्जना कवितामा भएको छ। केही कवितामा आख्यान बढी लामो भएको र अनुच्छेद छुट्याउनुपर्ने पक्षमा ध्यान दिने हो भने अनिता लामाको सिर्जनायात्रा निकै सशक्त रहेको देखिन्छ । आजको यो सुन्दर समारोहमा उपस्थित हुने र आफ्ना धारणा पनि राख्ने अवसरले भने मलाई गौरवानुभूति भएको छ ।

रमेश पोखरेल (प्रा.डा.लेखप्रसाद निरौलाको ८२ औँ अविरल जनसाहित्य यात्राको टिप्पणीका क्रममा अभिव्यक्त मन्तव्यमा आधारित)

बजारमा कृति

कृति	:	गुराँसझैँ
विधा	:	बालकवितासङ्ग्रह
कवि	:	नर्मदेश्वरी सत्याल
प्रकाशक	:	भुँडी पुराण प्रकाशन, बागबजार, काठमाडौँ।
प्रकाशन वर्ष	:	२०८०
मूल्य रु.	:	३००।-

बजारमा कृति

कृति	:	अग्रजले कोरेको गोरेटोमा हिँड्दा
विधा	:	संस्मरणसङ्ग्रह
लेखक	:	गायत्रीकुमार चापागाईं
प्रकाशक	:	शब्दयात्रा प्रकाशन, बनेपा, काभ्रे।
प्रकाशन वर्ष	:	२०७९
मूल्य रु.	:	३००।-